CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

२९

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तदिह न गुणदोषौ योजनीयावलोकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

८ वर्ष १ अङ्क

[इतिहास-प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक—
देवीप्रसाद भण्डारी
(संशोधन-मण्डलद्वारा)

सहयोगी—
रामजी तेवारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

			पृष्ठ
१. लक्ष्मीपतिको अभिनन्दन			१
२. लक्ष्मीपतिले रचना गरेका हामीले थाहा पाएका ग्रन्थ			२
३. यस अङ्कको विषयमा	—	नयराज पन्त	३–६
४. राजज्योतिषी लीलानाथ पाँडेले नेपाली भाषामा लेखेको सिद्धान्तज्यौतिष	—	रामजी तेवारी	७ २०
५. गणेश दैवज्ञ र लक्ष्मीपति पाँडे	—	देवीप्रसाद भण्डारी	२०–३१
६. भास्वतीका प्रसिद्ध टीकाकार नेपाली ज्योतिषी बलभद्र	—	महेशराज पन्त, दिनेशराज पन्त	३१–५६
७. लक्ष्मीपति पाँडेले नेपाली भाषामा गरेको भास्वतीको अनुवाद	—	महेशराज पन्त, दिनेशराज पन्त	५६–७१
८. शाहजहाँसारणी	—	नयराज पन्त	७२
९. सातौँ वर्षको आय-व्ययको विवरण			७३
१०. हाम्रो वक्तव्य			७४
११. यो लेख किन लेखिन्छन्	—	नयराज पन्त	७४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिरोमणिलसद्गलो गणकपुङ्गवानां स्वयं
शिरोमणिरहो सदा ऽ स्खलितबीज आजानतः[1] ।
स केशव-क-नीलकण्ठ-मतविच् च लीलावती–
विलासपरवन्मना जयति धीरलक्ष्मीपतिः ॥

(तात्कालिक पद्य)

पाटी-बीज-विचारमा अतिशय प्रावीण्य जो राख्तछन्,
जो सिद्धान्तशिरोमणि स्वमनमा औ कण्ठमा राख्तछन् ।
होरापद्धति संहिता स्वर तथा प्रश्नादि जो बुझ्दछन्,
ती लक्ष्मीपति जोतिसीहरुमहाँ ठूला विशेषज्ञ छन् ॥

---

१. आजानं तु स्वभावे स्यादिति हारावली

(तात्कालिक टिप्पणी)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मीपतिले रचना गरेका हामीले थाहा पाएका ग्रन्थ

(१) दुर्गार्चनकल्पतरु[१]
(२) रत्नदीप[२]
(३) मलामलक्षयनिर्णय[३]
(४) बृहत्संहिताको भूकम्पाध्यायको टीका
(५) लघुपाराशरीको टीका
(६) भुवनदीपकको टीका
(७) लग्ननिर्णय
(८) विजयोत्सव
(९) समरसारको टीका
(१०) जन्माधानकालनिरूपण
(११) जन्मर्क्षनामर्क्षविवेक
(१२) नाममाला
(१३) ग्रहानयनसारणी (राष्ट्रिय पुस्तकालयसूची २ भाग ८२–८३ पृ.)
(१४) छलाक्षरसङ्केत (" " " " ९१–९३ पृ.)
(१५) जन्मकालनिर्णयटीका (" " " " ९७–९९ पृ.)
(१६) जातकसुधा
(१७) अभिनवमकरन्द
(१८) कालार्णवदीपिका[४]
(१९) भास्वतीको टीका

०—●

धूपघडी[५] आदि यन्त्र

ज्योतिषविषयका पाएसम्मका ग्रन्थ आफैंले सारी वा सार्न लाई सङ्ग्रह गर्ने लक्ष्मीपतिको स्वभाव थियो ।

लक्ष्मीपतिका पुस्तकका गुणदोषको परीक्षा गरी विस्तारपूर्वक लेख्ने हाम्रो विचार छ ।

---

१. दुर्गार्चनकल्पतरुका केही श्लोक पूर्णिमा ९ अङ्कका ४५–४७ पृष्ठमा प्रकाशित भएका छन् ।

२. रत्नदीपको पहिलो अध्याय प्रकाशित भएको छ। (यही अङ्कको ५ पृ.)

३. मलामलक्षयनिर्णयको केही भाग विद्या-रक्षा १५ सङ्ख्या २४–३९ पृष्ठमा प्रकाशित भएको छ ।

४. कालार्णवदीपिकाका केही श्लोक पूर्णिमा ७ अङ्कका ६२–६३ पृष्ठमा प्रकाशित भएका छन् ।

५. यसको अलिकता चर्चा इतिहास–संशोधनको प्रमाण–प्रमेयको उपोद्घातका ८–९ पृष्ठमा परेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस अङ्कको विषयमा

इदमन्धं तमः कृत्स्नं जायेत भुवनत्रयम् ।
यदि शब्दाह्वयं ज्योतिरासंसारं न दीप्यते ॥४॥

(दण्डीको काव्यादर्श प्रथम परिच्छेद)

[शब्दरूपी उज्यालो संसारभर फैलिन सकेन भने यो सबै लोकलाई अन्धकारले छोप्नेछ ।]

वैज्ञानिक शिक्षा दिनुपर्छ भन्ने कुरा हाम्रो देशमा जताततै सुनिन्छ । तर यसको स्पष्ट व्याख्याचाहिँ उस्तो सुन्न पाइँदैन । साधारणतया यसको अर्थ प्राचीनकालदेखि चलिआएको आफ्नो देशको शिक्षापद्धतिलाई सके निर्मूल पार्ने, नसके कमजोर पार्ने र विदेशी शिक्षालाई सकेसम्म बढाउने नै देखिन्छ ।

कोपर्निकस जन्मेको ५०० वर्ष भयो[१]; उनी ठूला वैज्ञानिक थिए; उनले पृथ्वी घुम्छ भन्ने कुरा लेखेका थिए भनी पोल्याण्डका प्रधानमन्त्रीले आई भारतमा प्रचार गरे । यो वर्ष (वि. सं. २०२९ पौष १८ गतेदेखि वि. सं. २०३० पौष १६ गतेसम्मको वर्ष) कोपर्निकसवर्ष हो; ठूला वैज्ञानिकको संस्मरणमा यस वर्षलाई नै वैज्ञानिकहरू र सरकारहरूले पनि कोपर्निकसवर्षको नाउँमा मनाउने भएका छन् भन्ने कुरा अखबारमा देखिन्छ । यस कारण पृथ्वी सूर्य ग्रहहरूको विषयको अध्ययन भएको शास्त्र पनि वैज्ञानिक शास्त्र रहेछ भन्ने देखिन आउँछ ।

षष्ट्यब्दानां षष्टिर्यदा व्यतीतास्त्रयश्च युगपादाः ।
त्र्यधिका विंशतिरब्दास्तदेह मम जन्मनोऽतीताः ॥१०॥

(आर्यभटीय कालक्रियापाद)

[सत्य त्रेता द्वापर यी तीन युग बितिसकेका थिए । कलियुगमा ६० संवत्सरका ६० (६०×६०=३६००) वर्ष बितेका थिए, त्यस वेला मेरो उमेर २३ वर्षको थियो ।]

यताबाट कलियुगको ३६०० वर्ष बित्दा आर्यभट २३ वर्षका थिए भन्ने देखिन्छ । यस कारण ३६००–२३=३५७७ कलिगतमा आर्यभटको जन्म भएको देखिन्छ ।

कलिगत वर्षमा ३०४४ घटाए विक्रमसंवत् आउँछ[२] ।

---

१. कोपर्निकसको जन्म वि. सं. १५२९ फाल्गुनमा पोल्याण्डमा भएको हो । (अङ्ग्रेजी विश्वकोष वि. सं २०२९ को अमेरिकी संस्करण ६ भाग ४६२ पृ.)

२. इतिहास–संशोधनको प्रमाण–प्रमेय मूलभाग ६७ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण

३५७७–३०४४=५३३

यताबाट वि. सं. ५३३ मा आर्यभटको जन्म भएको देखिन्छ ।

यस हिसाबले आर्यभट जन्मेको १५ सय वर्ष पुग्न पुग्न लागेको देखिन्छ । यताबाट कोपर्निकसभन्दा हजार वर्षपहिलेका आर्यभट देखिन्छन् ।

अनुलोमगतिर्नौस्थः पश्यत्यचलं विलोमगं यद्वत् ।
अचलानि भानि तद्वत् समपश्चिमगानि लङ्कायाम् ।।९।।

(आर्यभटीय गोलपाद)

[अनुलोमगतिः=सोझो गइरहेको । नौस्थः=नाउमा बसेको मानिसले । अचलम्=स्थिर पदार्थलाई । यद्वत्=जसरी । विलोमगम्=उल्टो गइरहेको । पश्यति=देख्छ । तद्वत्=त्यसतै । लङ्कायाम्=निरक्षदेशमा । समपश्चिमगानि=सोझै पश्चिमतिर गइरहेका । भानि=ताराहरू । अचलानि=स्थिर छन् ।]

यताबाट ताराहरू पश्चिमतिर गइरहेका देखिन्छन् तापनि तिनीहरू स्थिर छन् भनी आर्यभटले स्पष्टसँग बोलेको देखिन्छ ।

यताबाट जसरी नाउमा चढी हिँडिरहेको मानिसले आफ्नो गतिलाई नसम्झेर किनाराका वस्तुलाई हिँडेको भनी ठान्छ, त्यसै गरी पृथ्वीमा बसेका मानिसले पृथ्वीको पूर्वतिरको गतिलाई नसम्झी ताराहरू पश्चिमतिर गइरहेका छन् भनी सम्झेका हुन् भनी आर्यभटले लेखेको देखिन्छ ।

आर्यभटलाई वर्तमानकालका भारतका केही ज्योतिषीहरूले मान गरे तापनि वैज्ञानिक कहलाएको संसारले मान गरेको देखिँदैन । यो भयो भारतको विद्याको अवस्था ।

नेपालको इतिहासलाई सकेसम्म बुझ्ने चेष्टा गरी आफ्नो २२ वर्षको उमेर वि. सं. १९९२ देखि पढ्ने काममा म लागेको हुँ । म वि. सं. २०३० श्रावण २६ गते पूरा ६० वर्ष पुग्छु । यस कारण अहिले वि. सं. २०३० वैशाखमा म ६० वर्ष पुग्न पुग्न लागेको छु । यस अवधिभित्र अध्ययन गर्दा मैले श्री ५ पृथ्वीनारायण शाहभन्दा योग्य शासक नेपालमा पाउन सकिनँ । यो कुरा मैले धेरै ठाउँमा लेखेको छु[३] । देवीप्रसाद भण्डारी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तहरूको बुद्धि तथा कलमको सहायताले र जगदम्बाप्रकाशनका प्रबन्धक कमल दीक्षितज्यूको प्रकाशनप्रबन्धको सहायताले श्री ५ पृथ्वीनारायण शाहको विषयमा १५०० पृष्ठ वि. सं. २०२५–२८ मा प्रकाश गराउन सकें । यो मेरो लेखा सन्तोषको कुरा भएको छ । हुनत पृथ्वीनारायण शाहको विषयमा लेख्नुपर्ने अझ धेरै कुरा मेरो मनमा छन् । तिनलाई प्रकाश गराउन नसकेको दुःख त

३. पूर्णिमा २५ अङ्कको २४ पृ., श्री ५ पृथ्वीनारायण शाहको उपदेश वक्तव्य विषयसूची शुद्धिपत्र तथा टिप्पणीको १५ पृ., १२०१–१३५१ पृष्ठ भएको भागको वक्तव्यको ३ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छँदैछ । तैपनि यदुनाथ सरकार आदि इतिहासकारहरूको सत्सङ्गतले र खरीदार बाबुराम आचार्यको अन्वेषण तथा आफ्नै अध्ययन र परिश्रमले पनि सूर्यविक्रम ज्ञवालीज्यूले वि. सं. १९९२ मै पृथ्वीनारायण शाह लेखी प्रकाश गराउनुभएको र तात्कालिक श्री ५ युवराजाधिराज (वर्तमान श्री ५ महाराजाधिराज) वीरेन्द्रवीरविक्रम शाहदेवको विवेक र विद्यानुरागले ऐ. शि. बाबुराम आचार्यज्यूले श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी ४ भाग वि. सं. २०२४–२६ मा प्रकाश गराउनुभएकोले श्री ५ पृथ्वीनारायण शाहको विषयमा निकै कुरा प्रकाशमा आइसकेका छन् । यस कारण श्री ५ पृथ्वीनारायण शाहको विषयमा अरू बढ्ता कुरा प्रकाश गराउन नसकी म मरें भने तापनि त्यति ठूलो हानि भएको म सम्झन्नँ ।

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेलाई मैले नेपालका ठूला ज्योतिषी सम्झेको छु । यो कुरा मैले धेरै ठाउँमा लेखेको छु[४] । उनका धेरै पुस्तक पात्रा यन्त्रहरू हिनामिना भए तापनि उनका केही पुस्तक पात्रा, यन्त्रका अलिकता अवशेष मेरो कोठामा मेरो जिम्मामा छँदैछन् । लक्ष्मीपतिको एउटा सम्पूर्ण पुस्तकलाई पनि मैले प्रकाश गराउन सकेको छैन । आफ्नो ६० वर्षको उमेरमा वि. सं. १८७५ मा बूढा भएँ भनी लक्ष्मीपति काशीवास गएथे[५] । (हुनत काशीमा गएर पनि उनले ज्यौतिषका धेरै पुस्तक-हरू लेखी लेखाई सङ्ग्रह गरे तथा आफैंले पनि केही ग्रन्थ बनाए ।) लक्ष्मीपतिका एक जना पनाति पं. धीरनाथ पाँडे आफ्नो ६० वर्षको उमेरमा वि. सं. १९६७ मा म बूढो भएँ भनी आफ्ना पुस्तक पात्रा आफ्ना भाइ (मेरा मातामह पं. भुवननाथ पाँडे) लाई जिम्मा लाई काशीवास गएथे । मेरा मातामहले मलाई पुस्तक पात्रा जिम्मा लाइदिएको पनि वि. सं. १९९९ मा हो । यस कारण मैले पुस्तक जिम्मा लिएको पनि ३१ वर्ष पुग्न लाग्यो । मेरा मातामहको स्वर्गवास भएको पनि ३० वर्ष पुग्न लाग्यो । यस अवधिभित्र पनि लक्ष्मीपतिको विषयमा मैले विशेष कुरा प्रकाश गराउन सकिनँ ।

रामजीले लक्ष्मीपतिको रत्नदीपलाई उदाहरण, सारणीहरूले सिंगारी प्रकाश गर्ने काम लिएका छन् । यसरी रत्नदीपको पहिलो अध्याय प्रकाश भएको छ[६] । रत्नदीपको मैले गरेको प्रतिसंस्कृत रूपको

---

४. पूर्णिमा ४ अङ्कको ८३ पृ., २५ अङ्कको २४ पृ. ।

५. लक्ष्मीपतिको जन्म वि. सं. १८१५ वैशाख २७ गते गोर्खामा भएको हो । (पूर्णिमा ७ अङ्कका ६६–६७ पृ.)

वि. सं. १८७५ पौष १ गते लक्ष्मीपति काठमाडौंबाट काशीवास गर्न गएका हुन् । (पूर्णिमा ११ अङ्कको ४४ पृ.)

वि. सं. १८८८ ज्येष्ठ १२ गते ७३ वर्षको उमेरमा लक्ष्मीपतिको काशीमा मृत्यु भएको हो । (पूर्णिमा ११ अङ्कका ४५–४८ पृ.)

६. पूर्णिमा ११ अङ्कका ४९–६२ पृ., १२ अङ्कका ७१–७७ पृ., १३ अङ्कका ५०–५५ पृ., १४ अङ्कका १७७–१८७ पृ., १६ अङ्कका ४१९–४३१ पृ., १७ अङ्कका ५९–७१ पृ., १८ अङ्कका १६७–१७७ पृ., १९ अङ्कका २५७–२७० पृ., २० अङ्कका ३४१–३४५ पृ., २१ अङ्कका ७६–८७ पृ., २२ अङ्कका १४३–१४५ पृ., २३ अङ्कका २०९–२१७ पृ., २४ अङ्कका २८८–२९९ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिलो अध्याय पनि प्रकाश भएको छ[७]। वि. सं. २०२९ मार्ग ३ गतेदेखि सन्निपातज्वरले रामजी थला परे; वैद्य दिव्यवज्र र सिद्धिवज्र वज्राचार्यको औषधोपचारले माघमा उठी बस्न सक्ने भए; चैत्रमा बाहिर निस्कन सक्ने भए। साबिकबमोजिम अध्ययन चलाउन अझ उनले सकेका छैनन्। यसबाट अहिले केही काल उनको हातबाट विशेष काम हुन सक्दैन। उनले पहिल्यै सम्पादन गरेका लक्ष्मीपतिका केही लेख अप्रकाशित अवस्थामा छन्।

त्रिभुवन-विश्वविद्यालयमा पढाई प्रतिमहीना मैले पाएको रु. २२५। को विशेष भरमा नै पूर्णिमा चलिरहेको छ। अब मैले त्रिभुवन-विश्वविद्यालयमा पढाउने समय पनि धेरै छैन जस्तो भइसकेको छ। यस कारण अब यस रूपमा पूर्णिमा चल्न सक्ने सम्भावना पनि कम हुँदै आएको छ।

तसर्थ उमेर, धन तथा जनको दृष्टिले पनि लक्ष्मीपतिका पुस्तकप्रकाशनमा मैले विलम्ब गर्नु ज्यौतिषशास्त्र, लक्ष्मीपतिको विद्या तथा खुद म आफैंलाई समेत धोका दिनुसिवाय विशेष कुरा हुँदैन भन्ने कुरा मेरो मनमा रातदिन खेलिरहन्छ। यस कारण उनको विषयमा सकेसम्म चाँडै प्रकाश गराउने उद्योगमा म लागेको छु।

आज वि. सं. २०३० वैशाख २७ गते लक्ष्मीपति जन्मेको पूरा २१५ वर्ष पुग्छ। यस कारण नेपालमा चलेको ज्यौतिषशास्त्रको अध्ययनको विषयमा यस दिन केही कुरा प्रकाश होऊन् भनी मैले उद्योग गरें र पूर्णिमाको यो अङ्क यस रूपमा प्रकाशित भएको छ।

ऐकगुण्यमनीहायामभावः कर्मणां फलम् ।।२७।।
अथ द्वैगुण्यमीहायां फलं भवति वा न वा।

(महाभारत उद्योगपर्व १३५ अध्याय)

जे होला पछि दैवको छ भरमा यो सप्रने बिग्रने
बाँधी हात बसे त निश्चय भयो त्यो आखिरी बिग्रने।

वि. सं. २०३० वैशाख २७ गते बुधवार
लक्ष्मीपतिको दुइ सय सोह्रौं जन्मोत्सव
संशोधन-मण्डल
१०/३७४ वटु सवलबहाल
काठमाडौं, नेपाल

—नयराज पन्त

७. पूर्णिमा २५ अङ्कका २३–३९ पृ.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजज्योतिषी लीलानाथ पाँडेले नेपाली भाषामा लेखेको सिद्धान्तज्यौतिष

–रामजी तेवारी

[यो ग्रन्थ खण्डित रूपमा पाइएको छ । पहिलो पत्र, एक सय सातौं पत्र र बीच-बीचका पत्र पनि पाइएका छन् । यस विषयमा पूर्णिमा ४ अङ्का ८२–८५ पृष्ठमा लेखिएको छ । पाइएका जति जम्मै पत्र अहिले प्रकाश गरिएका छन् । यस ग्रन्थका गुणदोषको परीक्षा पछि गरिनेछ । अहिले जस्ताको तस्तै छापिएको छ ।]

१ पत्र

अथ दिक्साधनको विषय ।। ।।

सूर्य जौन्पट्टिका दिशामा उदायो. त्यो पूर्व दिशा. जस्पट्टि अस्त भयो. त्यो पश्चिम दिशा. पूर्व दिशा सन्मुख गरी षडा हुनु र दक्षिण हातपट्टिको जो दिशा छ. त्यो दिशा दक्षिण हो. वाम हातपट्टिको उत्तर दिशा हो. परंतु यो स्थूल हुंछ ।। ।।

दिक्साधनको दोस्रो विषय ।। ।।

प्रथम दिक्साधनार्थ जोमि बरोबर गर्न्या यंत्रको रचना. दुइ भुज बरोबर भयाको शिर-पट्टि भुज दुईको संयोग भयाको. तस्मा चिन्ह गरी तेस् ठाउबाट एक लंब छोड्नु. ति दुई भुजको मुखपट्टि कर्णपट्टीका नाम भयाको काठ् राषनु. तस्का मध्यमा चिन्ह दिनु. त्यो यंत्रको एकतरफको भुजस्थान स्थिर गरी अर्को भुज भ्रमण गर्नु र लंबले कर्णपट्टिकामध्यका चिन्ह-कन छोडेन भन्या त्यो जोमि सम्म भयो भनि जान्नु. चिन्हमा लागेन भन्या जस्तो गरी त्यो लंब कर्णमध्यमा लागोस्. तेस् रीतिले भूमि सम्म गर्नु.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यंत्रदर्शनं



बरोबर सम्म भयाका जीमिमा सोन्ह अंगुल व्यास भयाका कर्काटकले अथवा सूत्रले एक वृत्त तुल्याउनु. तस्का मध्यमा बान्ह अंगुल उचो मूलमा दुई अंगुल व्यास भयाको सूची जस्तो अग्र भयाको शंकु स्थापन गर्नु. त्यो शंकुको सूर्यले गन्याको छाया पूर्व कपालमा सूर्य हुदा घट्तै आयाको वृत्तका पालिका जौन् जगामा प्रवेश भयो. तस्मा चिन्ह दिनु. त्यो पश्चिम दिशा जान्नु. पर कपालमा सूर्य जादा बढ्दै गयाको छाया वृत्तका पालिमा जौन् जगामा निर्गम भयो. तस्मा चिन्ह दिनु: त्यो पूर्व दिशा जान्नु. ति छायाप्रवेशनिर्गमचिन्ह २ मा लाग्याको एक सूत्र दिनु. त्यो पूर्वापर सूत्र हो. तेस पूर्वापरस्थानदेषी कर्काटकादिले मत्स्य बनाउनु. तस्का मुखपुच्छमा लाग्याको सूत्र दिनु. त्यो दक्षिणोत्त(र)[1]सूत्र हो. तस्तै मत्स्योत्पादनले गरीकन अ(ा)ग्नेयादि (दि)शा अथवा षोडशद्वात्रिंशतप्रभृति दिशाको साधन गर्नु[2] ॥ ॥

दिग्साधनको तेस्रो विषय ॥ ॥

प्रथम भूमि बरोबर गर्न्या पट्टियंत्रको रचना। सोह्रो हातभर लामु चार अंगुल चौडा एक अंगुल गज् भयाको एक काठको पट्टि तुल्याउनु. तस्का मध्यमा एक रेखा दिनु. त्यो रेख(ा)स्थानका उपल्लापट्टि सानु छिद्र बनाइ तेस् ठाउबाट चार अंगुलको लंब छोड्नु. तेस्को एकतरफ स्थिर गरी अर्कोतरफ भ्रमण गर्नु. त्यो मध्यरेखामा सूत्र लाग्यो भन्या जीमि बरोबर भयो. लागेन भन्या जसो गरी लागस्. तस् रीतिले जीमि बरोबर गर्नु औ जौन् देशमा जस् दिन दिक्साधन गर्नु छ. तेस्को सिद्धान्तोक्त प्रकारले दिनार्द्ध साधन गर्नु र दिनार्द्धका घडी पल जान्नु. सूर्योदयकालमा जलयंत्र वालुकायंत्र कुहकयंत्रादि स्थापन गर्नु. सम्म भू[मिमा] एक वृत्त

---

१. यहाँ अक्षर छुटेकोमा ( ) यस्तो कोष्ठ र मूताले खाएकोमा [ ] यस्तो कोष्ठ हालिएको छ।

२. पूर्णिमा ४ अङ्कका ८५–९५ पृष्ठमा दिक्साधनका पहिलो र दोस्रो विषय व्याख्यासहित छापिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिनु. तस्का मध्यमा शंकु स्थापन गर्नु. ति स्थापन गर्‍याका यंत्रादिले जब दिनार्द्धका घडी पल बरोबर दिनगत भयो. तेस्कालमा शंकुको छाया वृत्तमा जस्तो गरी पर्‍यो. तेहि छाया जस्तो सूत्र दि[नु. सो] दक्षिणत्तर सूत्र जान्नु. तस्देखी मत्स्योत्पादन गरी पूर्वादि दिशा जान्नु ॥ ॥

दिक्साधनको चौथो प्रकार ॥

सम्म जीमिमा एक वृत्त दिनु. तस्मा शंकु राष्नु. त्यो शंकुको छाया वारंवार विचार गर्दै रहनु. [पूर्व]पट्टि सूर्य हुदा छाया घट्तै जांछ. पश्चिमपट्टि सूर्य हुदा छाया बढ्दै जांछ. त्यो छाया जब घटीसकीयो. त्यो मध्यान्ह समय हो. परंतु तस्कालमा दस् पलासम्म छाया घट्बढ् भयाको लछित हुन शक्तैन. त्यो छाया घटीसकीयाका वेलामा शंकुको छाया जस्तो पर्‍याको छ. तेस्तो सूत्र दिनु. त्यो दक्षिणोतर सूत्र हो. तेस्देखी मत्स्यले पूर्वादि दिशा जान्नु ॥ ॥

दिक्साधनको पांचौ प्रकार

एक हात लामु सोझो नलि बनाउनु. तस्का बरोबर साम्ने अघिल्ला पछिल्लापट्टि साना-साना छिद्र बनाउनु. लंब हाल्नु. सम्म जीमिमा राति लंब भूमिपट्टि पारी त्यो नलिकाछिद्रबाट ध्रुवको वेध गर्नु. अग्रलंब र मूललंब जीमिमा लाग्न्या तुल्याउनु. लंब लाग्याका २ जगामा चिन्ह दिनु. ति २ चिन्हमा लाग्याको सूत्र हाल्नु. त्यो दक्षिणोत्तर सूत्र हो. परंतु अग्रलंब-चिन्हमा उत्तर दिशा. मूललंबचिन्हमा दक्षिण दिशा. तेस्का मत्स्यले पूर्व पश्चिम दिशा जान्नु. यो दिक्साधनप्रकार बहुतै शुद्ध छ ॥ ॥

दिक्साधनको छैटो प्रकार ॥

आषाढ मैन्हालगायत् मंसीर महिनातक् छ तारा भयाको छुराको आकृति भयाको उत्तर दिशामा ठूलो तारा भयाको कृत्तिका नक्षत्र छ. तेस्लाइ लोकमा किर्कीटी भंछन्. कोहि गुजुगुज्या तारा पनी भंछन्. त्यो कृत्तिका उदाई उदय भयाका जगादेखी आकाशमा जब साढे तीन् हात माथी आयो. तेस् वेलामा ध्रुववेधमा कह्याका यंत्रले तेस्का ठूला तारालाई वेध गर्नु. अग्रलंब र मूललंब जीमिसम्म पुर्‍याउनु. लंब लाग्याका चिन्ह छोइकन सूत्र दिनु. त्यो पूर्वापर सूत्र हो. तेस्का मत्स्यले याम्योत्तर दिशा जान्नु ॥ ॥

दिक्साधनको सातौ प्रकार ॥

फाल्गुनलगायत् श्रावणसम्म रात्रिमा तिन् तारा भयाको त्रिभुजको आकृति भयाको माझको ठूलो तारा भयाको श्रवण नक्षत्र छ. त्यो उदाई जब आकाशमा साढे तिन् हात् माथि आयो. तेस् वेलामा अघि कृत्तिकावेधमा कह्याका रीतिले वेध गर्नु. पूर्वापर दिशा जान्नु. तेस्ले दक्षिणोत्तर जान्नु ॥ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिक्साधनको आठौं प्रकारः ।।

मंसीरलगायत् चैत्रतक् रात्रिमा एक तारा मोतीको आकृति भयाको दक्षिणपट्टि रह्याको चित्रा नक्षत्र हो. एक तारा मुगाको आकृति भयाको उत्तरपट्टि रह्याको स्वाती नक्षत्र हो. ती जब साढे तिन् हात आकाशमा माथी गया. तब ती चित्रा स्वातीलाई एकै जगामा बसी ध्रुववेधमा कह्याका यंत्रले बेधनु. चित्रावेधमा अग्रलंब र पृष्टलंब लाग्याका जगामा चिन्ह दिनु. स्वातीवेधमा अग्रलंब लाग्याका जगामा चिन्ह दिनु. पृष्टलंबचिन्ह चित्राका पृष्टलंबचिन्हमा पर्न्या गरी बेध्नु र पृष्टलंबचिन्ह दुवैको एकै भयो. अग्र-

२ पत्र

लंबचिन्ह भिन्न भिन्न भया दुवै अग्रलंबचिन्ह छुन्या गरी सूत्र हाल्नु र त्यो सूत्रको मध्यस्थानमा चिन्ह दिनु. त्यो मध्यस्थानका चिन्हदेषी पृष्टलंबचिन्हसम्म सूत्र दिनु. त्यो पूर्वापर सूत्र भयो. तेस्देषी दक्षिणोत्तर जान्नु ।। ।।

दिक्साधनको नवम प्रकारः ।।

धातुको अथवा काठको संधुक् बनाउनु. तस्मा वृत्त दिनु. तस्का मध्यमा सूयाको जस्तो अग्र भयाको शंकु राष्नु. लोहाको दुई मुख भयाको माझमा एकतरफ गंन्हो भयाको एक दंडि बनाउनु. चुंबकपत्थर तेस्लाई कान्तपत्थर पनी भंछन्. अयस्कांत पनी भंछन्. लोहालाई आकर्षण गर्न्या पनी भंछन्. असल तेस्ले त्यो लोहदंडिका एकमुखपट्टि बहुतै कालपर्यंत घस्नु र त्यो अर्को लोहालाई अज आकर्षण गर्न्या हवस्. तब तेस्पट्टिका मुखमा चिन्ह तुल्याउनु. त्यो स्थापन गर्न्याका सूचि शंकुको अग्रभाग त्यो दंडिका माझका गंन्हामा पर्न्या गरी त्यो दंडि चारौतरफ फिर्न जस्ता त्रहले हवस्. तस्तो गरी राष्नु. त्यो यंत्र सिद्ध भयो. सम्म जोमिमा राष्नु. त्यां चिन्ह तुल्यायाको दंडि जस्पट्टि बरोबर गरी बस्यो. त्यो उत्तर दिशा जान्नु. अर्कापट्टिको दंडि दक्षिण दिशा जान्नु. तसै दंडिमा बरोबर नाप गरी अरू दिशाको ज्ञान पनी सहजै हुंछ. परंतु उत्तर चुंबक हो भन्या त्यो चिन्ह गर्न्याका दंडिको मुख उत्तर ध्रुवतरफ फर्कंछ. दक्षिण चुंबक हो भन्या त्यो चिन्ह गर्न्याका दंडिको मुख दक्षिण ध्रुवपट्टि फर्कंछ. यो शिवसिद्धांत तत्वविवेकसिद्धांतमा प्रसिद्ध छ.

यस्ता अनेक प्रकारले दिग्ज्ञान गर्नु ।। ।।

अथ सूर्यको विषय[३] ।। ।।

संपूर्ण जीव मात्रको रक्षाकन गर्न्या दिन रात्रि मास ऋतु अयन वर्ष युग मनु कल्पादिको प्रमाणकन गर्न्या संपूर्ण ग्रहनक्षत्रादिको भर्त्ता भयाको तेजःसमूह वर्त्तुलाकार सजीव प्रत्यक्ष देवता सूर्य छ ।। त्यो आफ्ना कक्षामा सधैं पूर्वतीर हिड्दछ तपनी भचक्रमा अवलंबी-यमान भयाको हुनाले भचक्रका ठूला पश्चिमगतिले पश्चिमतिर लैजान्छ र मनुष्यका देष्ता पूर्व-

३. यहाँ पत्रसङ्ख्या लेखिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तिर उदाउछ. पश्चिमतिर सरासर गै पश्चिम दिशामा अस्त हुंछ । तेस्को मंदोच्च नाम भयाको एक देवता छ । तस्का वायुका रसीले गरीकन आगाडी पछाडी घँचिदिछ र गतिका चांडा ढंलाले गरीकन सौर मैन्हा सानु ठूलो हुंछ ।। गौरास्यहरू मंदोच्च शीघ्रोच्चपात देवताहरूलाइ उपग्रह भंछन् ।। ।। पृथ्वीका मध्यकेन्द्रदेषी नगनगाग्निनवाष्टरसा रवेरिति योगनानि ६८९३७७ अर्थात् सत्ताईस् लाष सतावन्न हजार पाच सय आठ कोश २७५७५०८ दूरमा सूर्य ग्रह छ अर्थात् सूर्यकक्षा छ । कक्षाका परिधिको प्रमाण खखार्थैकसुराणंवेति ४३३१५०० अर्थात् एक कोटी तृहत्तर लाष छब्बिस् हजार कोश १७३२६००० को चौगिर्द छ ।। ।। सूर्यबिबको व्यास सार्द्धानि षट् सहस्राणि योजनानि विवस्वतः । विष्कंभो मंडलस्येति. ६५०० अर्थात् छब्बिस् हजार कोश २६००० को बिबव्यास छ. तस्को परिधि खपक्षवेदाभ्रकरा इति २०४२०।२४ अर्थात् एकाशी हजार छ सय साढे एकाशी कोश ८१६८१।३६ को चौगिर्द छ ।। यो सूर्यबिब पृथ्वीभंदा चार गुण ठूलो छ ।। ।। गौरास्य तामसन साहेबले बनायाका हिन्दुस्थानी भाषाका किताबमा सूर्य पृथ्वीभंदा दश लाष गुण ठूलो छ. पृथ्वीको परिधि एक्काइस् हजार आठ शय पचहत्तर २१८७५ कोश छ. पृथ्वीको व्यास केहि कम् सात हजार ६९६३ छ भनी लेष्याको छ. परिधिको दश लाष गुण गर्दा एक्काइस अर्ब सताशी कोटी पचास लाष कोश २१८७५०००००० सूर्यको परिधि हुंछ. पृथ्वीका व्यासको दश लाष गुण गर्दा छ अर्ब छयान्नब्बे कोटी तिस लाष कोश ६९६३०००००० सूर्यको व्यास हुंछ. आठ क्रोड छत्तिस् लाष कोश ८३६००००० पृथ्वीको र सूर्यको अन्तर छ. सूर्य निर्जीव निश्चल छ भन्छन् ।। तिनीहरूका मतले सूर्यसिद्धांतहरूका रीतका कर्णभंदा तिस् ३० गुण ठूलो सूर्यको कर्ण हुंछ ।। ।। यस्मा विचार गरीन्छ. सूर्यदेषी आठ क्रोड छत्तिस् लाष कोश दूरमा रह्याको पृथ्वी सूर्यलाइ एक सौरवर्षमा प्रदक्षिणा गर्छ भन्या । तिनैका मतले सूर्यदेषी सतचालिस् कोटी बान्ह लाष कोश ४७१२००००० दूरमा रह्याको बृहस्पति ग्रह बान्ह वर्षमा सूर्यलाइ एक फेरा प्रदक्षिणा गर्दैन हो. केहि कम् छ वर्षमा एक फेरा प्रदक्षिणा गर्दो हो । बान्ह वर्षमा एक फेरा प्रदक्षिणा गर्दछ भनी तिनीहरूका किताबमा पनी लेष्यैको छ ।। औ तिनैका मतले सूर्यदेषी उनाशी क्रोड बिस लाष कोश ७९२०००००० दूरमा रह्याको शनैश्चर ग्रह । उनंतीस् वर्षमा सूर्यलाइ एक फेरा प्रदक्षिणा गर्दैन हो. केहि कम् साढे नौ वर्ष ९।५।२० मा एक फेरा प्रदक्षिणा गर्दो हो । उनंतीस् वर्षमा एक फेरा प्रदक्षिणा गर्दछ भन्या तिनिहरूका मतमा छदैछ ।। यस्तो देष्ता गौरास्यका किताबमा लेष्याको दूरता कोशको प्रमाण ठीक छैन ।। सूर्यलाइ अचेतन स्थिर मान्या पृथ्वीलाइ सचेतन चल मान्नु पर्छ. पृथ्वीलाइ चल मान्या गौरास्यहरूको सिद्धांत छ. त्यो अधि पृथ्वीनिरूपणमा कह्याको छ ।। ।। सूर्य तिन सय पैसठ्ठी दिन साढे पंध्र घरीले ३६५।१५।३१।३१।२४ एक फेरा भचक्र भोग गर्दछ अर्थात् बान्ह राशिको भोग गर्दछ. तेसैलाई सौरवर्ष भंछन् ।। रवेश्चक्रभोगोर्कवर्षम् प्रदिष्टमिति ।। सूर्य एक अहोरात्रमा आफ्ना कक्षामा पूर्वतिर पादोनगोक्षधृतिभूमितयोजनानीति ११८५८।४५ अर्थात् सतचालिस् हजार चार शय पैंतिस् केश ४७४३५ हिड्दछ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अथ बिंबव्यास जान्या उपाय ।।

जब सूर्यबिंबको नेमी क्षितिजमा लाग्यो. तेस् बेलादेषी अर्को नेमी लागन्ज्यालसम्म जती प्राण प्रमाणकाल हुंछ. त्यो गणना गर्नु. तदनंतर त्रैराशिक लाउनु. यदि अहोरात्रका असुले एक्का(इ)स् हजार छ सय २१६०० ले आफ्ना काक्षायोजन पाइंथ्यो त बिंबोदय असुले कति होला भन्दा ।। सूर्यबिंब नेमीस्पर्शदेषी अर्को नेमीस्पर्शसम्म असुको गणना गरीयो. असुसंख्या साढे बत्तिस् ३२।३० यो इच्छा भयो. यस्ले फल भयाका सूर्यकक्षा-योजन ४३३१५०० लाइ गुनियो १४०७७३७५०. यस्लाइ अहोरात्रासु २१६०० ले भाग लिदा ६५०० आयाको सूर्यबिंब प्रमाण योजनात्म आयो ६५००. यसै रीतले सबै ग्रहको योज-नात्मक बिंब ल्याउनु. परंतु बिंब ल्याउदा मध्यगति स्पष्टगती बरोबर भयाका दि-

अर्को पत्र

न साधना गर्नु ।। ।। अथ गौरास्यहरूका रीत यो विचार गरीन्छ। आठ क्रोड छत्तिस् लाष कोश सूर्य दूर छ. तस्को कक्षासाधना गरिन्छ ।। लाघवनिमित्त तस्का योजन तुल्याञ्युं ।। योजना-२०९००००० त्मक कर्ण भयो ।। कक्षाभूकर्णगुणिता महीमंडलभाजिता ।। तत्कर्णा इति वचनका विपरीतले साधना गरींन्छ। भूपरिधिले गुनिकन भूव्यासले भाग लियिन्छ ।। भूपरिधि ५०३९ ले गुनियो १०५३१५१०००००. भूव्यास १६०० ले भाग लियो. आयो कक्षायोजन ६५८२१९३७ ।। ।। अब बिंबसाधना ।। सूर्योदयमा दुबै बिंबनेमीउदयका असुसंख्या साढे बत्तिस्ले कक्षायोजनलाइ गुनियो २१३९२१२९५२. अहोरात्रासु २१६०० ले भाग लिदा ९९०३७ योजनात्म सूर्यबिंबव्यास भयो ।। चारले गुनियो. क्रोशात्मक सूर्यबिंबव्यास भयो ३९६१४८ ।। ।। पृथ्वीभंदा दश लाष गुण ठूलो भन्न्या बात गौरास्यहरूले लेष्या. त्यो सर्वदा षिलापं देषीन्छ। कोशात्मक सूर्यबिंबव्यास ३९६१४८ लाई पृथ्वीको व्यास सात हजार. ७००० ले भाग लिदा छपन्न आयो ५६. तसर्थ तिनिहरूका मतमा पनी छपन्न गुण पृथ्वी-भंदा ठूलो सूर्यबिंबव्यास ठहर्दैन ।। यस्तो देष्ता ग्रहादिको उच्चता बिंबप्रमाण गौरा-स्यका किताबमा लेष्याको ठीक छैन. उपपत्तिले आउदैन. तिनिहरूकै रीतमा पनि पूर्वापर किताब विरोध छ ।। ।।

अथ सूर्यको मध्यस्थानस्थिति उत्तरदक्षिणगमनको विषय ।।

सायन मेष राशि तुला राशिका प्रारम्भमा सूर्य विषुवद्वृत्तका स्थानमा भ्रमण गर्दछ. तस्का साम्ने बरोबर तलका जो देश छन्. ति निरक्षदेश हुन्...

६—७ पत्र

हरूको गोला अग्निस्मेत् आउदछ ।। तेसैलाई वज्रपात भंछन् ।। ।। यस्मा पुराणको मत ।। अघि सत्ययुगमा इंद्रले पर्वतका पक्ष काट्तामा सुमेरु पर्वतको पुत्र मैनाक नाम भयाको भागीकन समुद्रका सरणमा गयो. त्यो मैनाक जब देषाहा पर्दछ. तब तेसैलाइ इन्द्रले वज्रले दान्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेस्का कणा पृथ्वीमा पर्दछन्. तेहि वज्रपात हो भंछन् ।। त्यो होइन. तेसै हो भन्या त्रेतायुगमा श्रीरामावतार हुदा सीतादेवीलाइ षोज्न जादा हनुमानले सागर लंघन गर्दामा मैनाक पर्वतले हनुमानको आतिथ्य गऱ्यो र तेस्ले प्रसन्न भयाका इन्द्रले अबउप्रान्त तोलाइ मदेषी भय छैन भनी वरदान दियाको वाल्मिकीरामायणका सुंदरकांडमा प्रसिद्ध छ. वज्रपात भयाको भन्या कलियुगमा पनी देषीदैछ. तदर्थ त्यो सर्वथा होइन ।। ।। इति वज्रपातको विषय ।। ।।

अथ करका अर्थात् असिनाको विषय ।।

बडा प्रचंड वायुले भूमिका अनेक धूलीहरू उडाउदा उडाउदा तेस् धूलीको मयल संपूर्ण फालिछ. त्यो मेघमंडलमा पनी पुग्दछ. तदनंतर तेस् धूलीमा जब जलका बिंदु मिसिया. तब त्यो गोल भैकन जम्दछन् र करका अर्थात् असिना जो छन्. फेरी पत्थर झैं भूमीमा षस्तछन् ।। एसै कारण असिना पगाली हेर्दा कसैमा क्षार कसैमा अंगारप्रभृति देषींछन् ।। ।। यस्मा अर्को मतः ।। वर्षा हुन्या समयमा वर्षण नभयाका जलमा जब वायु लाग्यो. तब त्यो जल बहुतै सुक्तछ. जम्म्दछ. तस्मा सूर्यका किरणले लैग्याको जल पनी फेरी जव मिसियो. पुरानु नया मेघको एकठ्ठा भयो. तब वायु लाग्नाले छिन्नभिन्न गरिदिन्छ र त्यो जम्याको जल मेघमंडलमा ठहर्न सक्तैन र वर्त्तुलाकार भयाका उपला अर्थात् असिना भैकन भूमीमा षस्तछन् ।। ति असिना वसंत शरद ऋतुमा अर्थात् चैत्र वैशाख आश्विन कार्त्तिक मैन्हामा बहुधा पर्दछन् ।। ।। इति असिनाको विषय ।।

अथ करका गोलादेशे संहितासारसमुच्चये सिद्धांतसार्वभौमे च ।। ।।

उद्धूतैः पांशुभिर्भूमेः प्रचंडपवनोच्चयात् । मेघमंडलमानीतैर्मालिन्यपरिवर्जितैः ।।

मिश्रणाज्जलबिंदूनां पिण्डीभावो भवेदिह । दृषवन्निपतंत्येते द्रवंत्ये च पुनः क्षितौ ।।

इत्येकमतं ।। ।।

शिवसिद्धांते ।।

कालातीतं जलं वातादतिशुष्कं रवेः करैः ।। इषदार्द्रं वातभिन्नात्पतत्यतिघनात् घनात् ।।

उपला सैव विज्ञेया वसंते शरदि भृशम् ।। ।।

अथ दंड अर्थात् मेघका दंडाकारको विषयः ।।

आकाशमा दंड जस्ता अर्थात् लठ्ठी जस्ता आकार भयाका मेघका अवयवमा जब सूर्यका किरणको संयोग भयो. तब त्यो मेघदंडको आकार भयाको पृथ्वीबाट देषिंछ. तेसैलाई दंड भन्छन् ।। ।। इति दंडः ।। ।।

अथ दंडः गोलादेशे ।।

भानोश्च किरणा मेघावयवाश्चेत्सुसंगता ।। दंडाकारतया दंडो दृश्यतेयं नभस्थले ।। ।।

इति मेघदंडः ।। ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अथ मेघवृक्षको विषयः ।।

सबै ठाउबाट पतला मेघले जब सूर्यबिंबलाइ छेक्यो अथवा सूर्यका नगीचमा त्यो मेघ पुग्यो. वायुले घटना गऱ्यो. तदनंतर मेघका छेउबाट निस्क्याका सूर्यका किरणले गरिकन ति मेघहरू वृक्षका आकार जस्ता भयाका देषीन्छन्. तेसैलाई मेघवृक्ष भंछन्. त्यो मेघका वर्णका अनुसारले नील रक्त पीत श्वेत प्रभृती वर्ण भयाको हुंछ. त्यो मेघको जस्तो जस्तो आकार भयो. तेसैका अनुसार हाती घोडा गाइ भैंसी मानिस् सहर गाउ घर देवल माछा पच्छी षाट् चद्दर घडा झारी कबंध प्रभृती नानास्वरूप भयाको देषींछ ।। ।। इत्यभ्रवृक्षः ।। ।।

अथाभ्रवृक्षः गोलादेशे ।।

यथा स्वल्पेन मेघेन सूर्यबिंबं समाश्रितं । समंततो मेघपार्श्वान्निःसृताः किरणा रवेः ।।

ते वृक्षाकारतां प्राप्ता प्रोक्तः सोभ्रतरुर्बुधैः । कदाचिन्नीलरूपोसौ दृश्यते मेघरूपतः ।

मेघस्वरूपवसतो नानावर्णस्वरूपकाः ।। ।।

इति मेघवृक्षः ।। ।।

अथ प्रतिसूर्यचंद्रौ अर्थात् दुई सूर्य दुई चंद्रको विषयः ।।

कोहि सूर्यका किरण मेघले वरीपरी बेन्हियाका छदा सूर्यका नगिच्मा रह्याका मेघका जलमा जब ति किरणको प्रतिबिंब पऱ्यो. तब त्यो मेघ बडो तेजले युक्त भयाको प्रकाशमान द्वितीय सूर्य जस्तो देषीन्छ. तेसैलाई दोश्रो सूर्य भंछन् ।। चंद्रमामा पनी येस्तै पर्न गयो भन्या दोस्रो चंद्र उदायो भंछन् ।। ।। इति प्रतिसूर्यचंद्रौ ।। ।।

अथ प्रतिसूर्यचंद्रौ गोलादेशे ।।

केचित्सूर्यस्य किरणा मेघैः संवेष्टिताः पृथक् ।। सूर्यस्य निकटे मेघतोयेषु प्रतिबिंबिताः ।।

ततो भवेत्सतेजस्को द्वितीय इव भास्करः ।। प्रोच्यते प्रतिसूर्योसौ चंद्रस्यैवं विचिंतयेत् ।।

इति प्रत्यर्कचंद्रौ ।।

अथ इंद्रधनुःको विषय ।।

अनंत नाम भयाका नागका वंसमा जन्म भयाका कामरूप भयाका अनेक नागहरू छन्. तिनीहरूका श्वास, वायुले तेस्का तातोले मिसियाकामा जब प्रतिकूल अनुकूल दुवै वायु लाग्न गयो. तब वर्त्तुलाकार भयाको चित्रविचित्र वर्ण भयाको धनु जस्तो देषींछ. तेसैलाइ इन्द्रधनु भंछन् ।। ।। यस्मा अर्को मतः ।। मेघका समूहमा खगोलका अर्द्ध आकाशमा सूर्यका किरणहरू तेज भूमि जलका अंशले मिसियाका छदा अनेक वर्ण भयाका तेजले मिसिनाले पहेलो वर्ण जल मिसिनाले नील वर्ण धूम मिसिनाले रातो वर्ण भयाका जब लाग्न गया. तब ति किरणले गरीकन धनु जस्तो स्वरूप देषीन्छ. तेसैलाइ इन्द्रधनु भंछन् ।। ।। यस्मा अर्को मत ।। नानाप्रकारका वर्ण भयाका सूर्यका अनेक किर(ण)हरू मेघले युक्त भयाका आकाशमा जब लाग्या. वायुले पनी घटना गरीदियो. तब ति किरणसमूह आकाशमा धनुषाकार देषिन्छन्. त्यो इन्द्रधनु हो ।। ।। इति इन्द्रधनुः ।। ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अथ इन्द्रधनुः ॥
अद्भुतसागरे काश्यपः ॥
अनंतकुलजाता ये पन्नगाः कामरूपिणः ॥ तेषां निश्वाससंभूतं शक्रचापं प्रचक्षते ॥
संहितासारसमुच्चेपि ॥
ऐन्द्रं धनुः समुद्भूतं वल्मीकांतर्गतस्य च ॥ अनंतजातिनागस्य निश्वासाद्वायुनेरितात् ॥
विचित्रवर्णता तत्र निःश्वासोष्माणमाश्रिताः ॥ प्रतिकलानुकूलाभ्यां वायुभ्यां वृत्ततात्र च ॥
इत्येकमतं ॥
सिद्धांतसार्वभौमे ॥
प्रावृषि सौराः किरणाः पयोदपटलेषु मूर्च्छितास्ते तु ॥ जनयन्त्यनेकवर्णांस्तेजोभूमांबुभिर्मिश्राः ॥
तेजोमिश्राश्च पीतत्वं नीलत्वं जलमिश्रिताः ॥ धूममिश्राश्च लौहित्यं पृथक् यांति रवेः कराः ॥
तद्रश्मीनां सान्निहित्यं खगोलार्द्धे यतो भवेत् ॥ अतस्तच्चापशदृशम् शक्रचापं बुधैः स्मृतं ॥ ॥
इति द्वितीयमतं ॥
वराहः ॥
सूर्यस्य विविधवर्णाः पवनेन विघट्टिताः कराः साभ्रे ॥ वियति धनुःसंस्थाना ये दृश्यंते तदिन्द्रधनुः ॥ ॥
इति शक्रचापः ॥ ॥

अथ परिवेषको विषयः ॥

किंचित् पतला मेघ भयाका आकाशमा नानाप्रकारका वर्ण भयाका सूर्यका किरणलाई अथवा चंद्रका किरणलाइ वायुले जब घटना गऱ्यो. तब ति किरणले गरीकन घटनाका अनुसारले ठूला साना मंडलाकार भयाको नानाप्रकारको वर्ण भयाको आकाशमा तेसै ग्रहका वरीपरि परिवेष हुंछ. तेसैलाइ लोकमा इन्द्रपूरीसभा भंछन् ॥ यस्मा दृष्टांत कहिन्छ ॥ सूर्यका सम्मुख भैकन मुखभरी जल हाली फुत्कार गरी त्यो जल फेंक्नु र तेस् जलका कणाका मध्यस्थानमा आकाशमा परिवेष जस्तो अथवा इन्द्रधनु जस्तो देषींछ ॥ यस्ले यो जानियो. तेज जल वायुका संयोगले गरिकन इ हुदा रह्याछन् ॥ ॥ यस्मा अर्को मतः ॥ पतला पतला मेघ भयाका आकाशमा अश्विन्यादि नक्षत्र प्रभृती संपूर्ण ताराका ग्रहसंपूर्णका मंडलका किरणसंपूर्णका समूहहरू जब मूर्छिता अर्थात् संपूर्ण किरणको अवरोधन भयो. एकै जगामा संपूर्णको आघात भयो. तब तेस्ले गरीकन वर्त्तुल आकृति भयाको नानावर्ण भयाको परिवेष हुंछ । येसैनिमित्त पूर्ण चंद्रबिंब छ भन्या तस्मा भयाको परिवेष संपूर्ण हुंछ. खंड चंद्रबिंब छ भन्या तस्मा भयाको परिवेष खंड हुंछ. जस्पट्टी चंद्र पूर्ण भयाको छैन. तेसैपट्टि खंडित भयाको परिवेष हुंछ ॥ येसै कारण यो परिवेष प्राणिहरूका अदृष्टका वसले मंडलका किरणले गरीकन भयाको रहेछ भनी जानिन्छ । मंडलका किरणसंपूर्णको एकै जगामा संपूर्ण आघात भयो भन्या एकै मात्र परिवेष हुंछ. अर्का जगामा पनी ति मंडलरश्मिको प्रत्याघात भयो भन्या प्रत्याघातका अनुसार दुइ तिन परिवेष पनी एकै समयमा एकै ग्रहमा हुंछन् ॥ जस्तो दुइ तिन जगामा एकै वस्तुको छाया देषीयो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्या तेस्लाई प्रतिछाया भंछन्. त्यो पनी मंडलरश्मिले गरीकन भयाको हो ।। दुइ तिन दीया बाल्याका अगामा दीपका अनुसार वस्तुको छाया दुइ तिन प्रभृती पनि हुंछन् ।। ।।इति परिवेषः ।। ।।

अथ परिवेषः ।।

सिद्धांतसार्वभौमे वराहसंहितायां च ।।

संमूर्छिता रवीन्द्रोः किरणाः पवनेन मंडलीभूताः ।। नानावर्णाकृतयस्तन्वभ्रे व्योम्नि परिवेषाः ।।
दृष्टांतो यथाद्भुततात्पर्यावबोधे ।।

प्रातः स्पष्टगते सूर्यं प्राङ्मुखः स्वस्तिकासनः ।। जलेन कवलं कृत्वा फुत्कारेण जलं क्षिपेत् ।।
तज्जलोत्थकणा मध्येन्तरिक्षे दृश्यते स्फुटं ।। रेखा इन्द्रधनुःप्रख्या तदा जीवेत्तु वत्सरं ।।

इत्येकमतं ।। ।।

संहितासारसमुच्चये ।।

ताराग्रहमंडलानां विमूर्छिता रश्मयो गगने ।। विरलांबुदे तदा स्यात्परिवेषो मंडलाकृतिकः ।।
यत एष चंद्रबिंबे पूर्णे खंडेथ वा तदाकारः ।। मंडलरश्मिकृतोस्मात् परिवेषः प्राण्यदृष्टेन ।।
एकत्रैवाघातात्प्रत्याघाताद्द्वयं त्रयं भवति ।। द्वित्रिस्थलेषु यद्वद्दृश्या छायाप्रतिछाया ।।
इति परिवेषे द्वितीयमतं ।। ।।

अथ उल्का तारापात प्रभृतीको विषयः ।।

महात्मा लोकपालहरू लोकलाइ शुभाशुभ जनाउनानिमित्त तेजले युक्त...

अथोल्कातारापातादयः ।।

गर्गः ।।

स्वास्त्राणि विसृजंत्येते शुभाशुभनिवेदकाः ।। लोकपाला महात्मानो लोकानां ज्वलितानि च ।। ।।
इत्येकमतम् ।। ।।...

७५ पत्र

अथ चंद्रका कलाका बढ्ना घट्नाको विषय ।। ।।

सूर्य तेजोमय गोल छ. तब सूर्यका किरण लाग्दा उष्णताको प्रतीति प्रत्यक्ष हुंछ. चंद्रमा निवीड जलमय गोल छ. तब चंद्रका किरण लाग्दा शीतलताको प्रतीति प्रत्यक्ष हुंछ. तेसै कारणले चंद्रका अमृत किरण छन् भनी लोकमा प्रसिद्ध छ. यस्ता चंद्रबिंबमा जस्पट्टि जति सूर्यबिंबका किरण पऱ्या. तेस्पट्टि तत्ति चंद्रबिंब प्रकाश देखींछ. अर्कापट्टि तेही निवीड चंद्रबिंबले सूर्यका किरण छेकींदछ र श्यामवर्ण भयाको चंद्रबिंब मात्र रहंछ. परंतु आकाशको पनि नीलवर्ण हुनाले मिलिजान्छ. प्रकाश हुन सक्तैन. अमावास्याका समाप्तिमा सूर्य चंद्र माथि तल आफ्ना आफ्ना कक्षामा राशि अंशा घडी पलादिले बरोबरमा रहंछन्. चंद्रका माथि बरोबरमा सूर्य हुनाले उपल्लापट्टिको चंद्रबिंब तेजोवान् हुंछ. पृथिवीपट्टिको बिंब श्याम हुंछ. चन्द्रका उपल्ला पृष्टका मध्यमा बस्न्या अग्निष्वात्तादि पितृगण-हरूको शिरमाथि सूर्य हुनाले अमावास्याका दिन मध्यान्ह हुंछ. तेसै कारणले अमावास्या पितृकार्यमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu



CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अक्षय पुण्य दिंछ भनी वेद धर्मशास्त्र ज्योतिःशास्त्रमा कह्याको हो. सूर्यग्रहणमा पृथिवीदेषी जब सूर्य चंद्र बरोबर सूत्रमा पर्‍या. तब स्यामवर्ण भयाका चंद्रबिंबले प्रकाशमान् सूर्यबिंबमा जति छेकींदिछ. तति श्यामवर्ण भयाको सूर्यग्रहण हुंछ. औ ढीलो हिड्न्या सूर्यलाइ पछि छोडी चांडो हिड्न्या भयाको चंद्रमा बान्ह राशि तिन् शय साठि अंशाले विभाग गर्‍याका भचक्रमा बान्ह बान्ह अंशा अघि जांछ. तब एक एक कला तेजको वृद्धि अथवा न्हास भयाको भूमिबाट देषिछ. तेस्लाई तिथिव्यवहार गर्दछन्. औ जब बान्ह अंशा मात्र सूर्यदेषी चंद्र अघि गयो. तब शुक्लप्रतिपदा तिथिको समाप्ति द्वितीया तिथिको आरंभ हुंछ. ताहा चंद्रको तेजोवान् एक कला पृथिवीबाट देषींछ. अरु चोध कला तेजवान् माथिपट्टि पर्दछन्. परंतु त्यो तेजवान् कला सूर्यले गरिकन भयाको हुनाले सूर्य भयापट्टि तेजवान् देषींछ. शुक्लद्वितीया तिथिमा सूर्यदेषी पूर्व दिशामा चंद्र हुनाले बिंबका पश्चिमपट्टिको कला तेजवान् भूमिबाट देषींछ. त्यो सकल लोकप्रसिद्ध छ. येसैलाई चंद्रोदय भंछन्. शुक्लद्वितीया सबैमा चंद्रदर्शन गर्नु. तेसले एक मैन्हासम्मको शुभाशुभ विचार हुंछ. परंतु लोकहरू आश्विनशुक्लद्वितीयामा विशेष गरी चंद्रको दर्शन गर्छन्. अरु द्वितीयामा याद गर्दैनन्. द्वितीयामा चंद्रको कला शृंग जस्तो देषींछ. मीन मेषराशिको चंद्र छ भन्या दक्षिण दिशाको शृंग उचो उत्तरको शृंग नीचो हुंछ. वृष कुंभ राशिको चंद्र छ भन्या दुवै शृंग बरोबरै हुंछन्. बाकी राशिको चं-

७६ पत्र

द्र छ भन्या उत्तर दिशाको शृंग उचो दक्षिणको नीचो शृंग हुंछ. कदाचित् उल्टो भयो भन्या अशुभ जांनु. औ पृथिवीबाट तेजवान् कलांको वृद्धि भयाको देषींछ र शुक्लपक्ष अर्थात् उज्यालो पक्ष भनी भंदछन्. जब सूर्यदेषी चौबिस् अंशा चंद्र अघि गयो. तब द्वितीयाको समाप्ति तृतीयाको प्रारंभ हुंछ. तेस्मा पृथिवीबाट चंद्रको दुइ कला पश्चिमपट्टिको प्रकाश देषींछ. औ सूर्यदेषी तिन् राशिअघि जब चंद्र जांछ. तब शुक्लाष्टमीको मध्य हुंछ. चंद्रबिंब पश्चिमपट्टि आधा तेजवान् भूमिबाट देषींछ. आधा उपल्लापट्टि तेजोवान् हुंछ. अस्तसमयमा हामीहरुका पृथिवीले र्‍हें पितृहरूका चंद्रबिंबले शुक्लाष्टमीदेषी सूर्यलाइ छेक्नाको आरंभ गर्छ र रात्रिको प्रारंभ हुंछ. औ जब सूर्यदेषी छ राशिअघि चंद्र गयो. तब सूर्य चंद्र बरोबर साम्ने हुनाले सूर्यका किरण पृथिवीपट्टिका संपूर्ण चंद्रबिंबमा पर्दछन् र पृथिवीबाट संपूर्ण कला प्रकाश देषींछ. चंद्र पूर्ण भयाका देष्नाले पूर्णमासि तिथि भंछन्. यस्मा सूर्यबिंबलाइ बरोबर बीचमा बसी चंद्रबिंबले छेकींदछ र पितृको अर्द्धरात्र हुंछ. औ जैल्हे पृथिवीका बरोबर सूत्रमा चंद्र सूर्य पर्‍या. तब सूर्यले गरिकन भयाको भूछाया रात्रिस्वरूप सूयाका क्रमले सूर्यकक्षासम्म पुग्याकामा चंद्र पर्छ. तेस् पृथ्विले सूर्यलाइ जति छेकींदियो. तेति चंद्रमामा सूर्यका तेजोवान् किरण पर्दैनं र चंद्रग्रहण हुंछ. औ जब सूर्यदेषी छ राशि बान्ह अंशाअघि चंद्र गयो. तब पृथिवीबाट देष्ता चंद्रबिंबको एक कला तेज् घट्याको चंद्रदेषी पूर्व सूर्य हुनाले पूर्वपट्टि चोध कला तेजोवान् देषींछ. एक कला तेजोवान् उपल्लापट्टि पर्छ. येसैलाइ कृष्णप्रतिपदा तिथिको समाप्ति द्वितीयाका प्रारंभ भंछन्. तेजोवान् कला घट्तो गयो. श्यामकलाको वृद्धि हुन लाग्यो भन्नानिमित्त कृष्णपक्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात् अध्यारी पक्ष भंछन्. पौराणिकहरू ति चंद्रका तेजोवान् एक एक कलाकन कृष्णपक्षमा अग्निप्रभृति देवता षांछन् र कला घट्छन् भंछन्. कला पान गर्न्या देवता वन्हिः १ रविः २ विश्वेदेवाः ३ वरुणः ४ वषट्कारः ५ वासवः ६ ऋषयः ७ अजैकपात् ८ यमः ९ वायुः १० उमा ११ पितरः १२ कुबेरः १३ पशुपतिः १४ प्रजापतिः १५. ई पंध्र देवता कृष्णपक्षमा क्रमले एक एक कला पान गर्दछन्. शुक्लपक्षमा ति पान गर्न्या वन्हचादि देवतादेषी एक एक कला क्रमले आई चंद्रबिंबमा ज्मा हुंछ र पूर्णमासिमा कला पूर्ण हुंछ. सोन्हौ कला चंद्रको देहकन धारणा गर्न्या आधार शक्तिरूप भयाको क्षमा नाम भयाको महाकला छ. तेस्कलाको क्षय वृद्धि हुदैन भंछन्. यो कुरो उपपत्तिले बस्न शक्तैन. औ जब सूर्यदेषी नौ राशिअघि चंद्र गयो. तब

७७ पत्र

कृष्णाष्टमी तिथिको मध्य हुंछ. चंद्रदेषी पूर्व सूर्य हुनाले पूर्वतरफको चंद्रार्द्धबिंब प्रकाश देषिंछ. चंद्रका उपल्ला पीठका मध्यमा बस्न्या पितृहरूको चंद्रले छेकीयाको सूर्यबिंब देषीन लाग्दछ र दिनको प्रारंभ हुंछ. येसै कारणले कृष्णाष्टमीदेषी शुक्लाष्टमीपर्यन्त पितृहरूको दिन. शुक्लाष्टमीलगायत् कृष्णाष्टमीपर्यन्त पितृको रात्रि. मनुष्यहरूका तिस् दिनको पितृको एक अहोरात्र सिद्ध हुंछ. यो संपूर्ण भंगीरचनामा प्रत्यक्ष देषिंछ ॥ ॥ इति चन्द्रकलाका वृद्धि न्हासको विषय संपूर्ण भयो ॥ ॥[४]

अथ दिनरातको विषय ॥ ॥

उपाधि नभै जब सूर्यको दर्शन भयो. तब दिन हुंछ. उपाधि नभै जब सूर्य देष्न छोडियो. तब रात्रि हुंछ. यसै कारणले मनुष्यहरू साठी घडीभित्रमा सूर्यको दर्शन पनी पाउछन्. नदेष्न्या पनि हुंछं र साठी घडीको अहोरात्र हुंछ. पितृहरू मनुष्यका तिस् दिनभित्रमा सूर्यदर्शन पाउछन्. नदेष्न्या पनि हुंछं र तिस् मनुष्यदिनको पितृको एक अहोरात्र हुंछ. देवताहरू मनुष्यका वर्ष दिनभित्रमा सूर्यको दर्शन पाउछन्. नदेष्न्या पनि हुंछं र मनुष्यका वर्षको देवताहरूको एक अहोरात्र हुंछ. यस्को विषय गोलमा प्रसिद्ध छ. ब्रह्मा प्रलयसम्म सूर्यलाइ देष्तछं र एक कल्पको दिन् हुंछ. ...

१०७ पत्र

अथ ग्रहका पृथ्वीदेषी दूरताहरूको विषय ॥ ॥

प्रथम चंद्रग्रह पृथ्वीदेषी रसरसेषुमहीषुमिता विधोः ॥ एकावन्न हजार पांच शय छयासठ्ठी योजन दूरमा छ. ५१५६६ अर्थात् बिस लाष[५] छ हजार दुइ शय चौसठ्ठी २०६२६४ कोश दूरमा चंद्रकक्षा छ ॥ ॥ तहाप्रांत बुधग्रह पृथ्वीदेषी । दंताभ्रषण्णृपमिते शशिजं ॥ एक लाष छयासठ्ठी हजार वत्तिस् १६६०३२ योजन दूरमा छ अर्थात् छ लाष चौसठ्ठी हजार एक शय अठ्ठाइस् ६६४१२८ कोश दूरमा बुधकक्षा छ ॥ ॥ चंद्रकक्षादेषी चार लाष सतावन्न हजार आठ श(य) चौसठ्ठी कोश ४५७८६४ ठाढा बुधकक्षा छ ॥ ॥ ताहाप्रांत शुक्रग्रह पृथ्वीदेषी ॥ कवि तु तेजोमयं

---

४. चन्द्रका कला घट्ना बढ्नाको विषय पूर्णिमा १८ अङ्कका १५४–१५७ पृष्ठमा छापिएको छ ।
५. यहाँ दुइ लाष हुनुपर्नेमा भूलले बिस लाष लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गजगजांबरसिद्धवेदैः ।। चार लाष चौबिस् हजार अठासी योजन ४२४०८८ दूरमा छ अर्थात् सोन्ह लाष छयान्नब्बे हजार तिन शय बावन्न कोश १६९६३५२ दूरमा शुक्रकक्षा छ ।। ।। चंद्रदेखी चौध लाष नब्बे हजार अठ्ठासी १४९०८८[५] कोश टाढा ।। बुधदेखी दश लाष बत्तिस् हजार दुई शय चौबिस् १०३२२२४ कोश टाढा शुक्रकक्षा छ ।। ।। ताहाप्रांत सूर्यग्रह पृथ्वीदेखी ।। उष्णद्युति नगनगानलनंदनागतर्कैः ।। छ लाष उनान्नब्बे हजार तिन शय सतहत्तर ६८९३७७ योजन दूरमा छ अर्थात् सत्ताइस् लाष सतावन्न हजार पाच शय आठ २७५७५०८ कोश दूरमा सूर्यकक्षा छ ।। ।। ।। ।। चंद्रदेखी पच्चिस् लाष एकावन्न हजार दुइ सय चवालीस् कोश २५५१२४४ टाढा ।। बुधदेखी बिश लाष तृयान्नब्बे हजार तिन शय असी कोश २०९३३८० टाढा ।। शुक्रदेखी दश लाष एकसठ्ठी हजार एक शय छपन्न कोश टाढा सूर्यकक्षा छ ।। ।। तहाप्रांत मंगलग्रह पृथ्वीदेखी ।। कुजं नवकुषड्रसरंध्रसूर्यैः ।। बान्ह लाष छयान्नब्बे हजार छ शय उन्डइस् १२९६६१९ योजन दूरमा छ अर्थात् एकावन्न लाष छयासी हजार चार शय छहसर ५१८६४७६ कोश दूरमा भौमकक्षा छ ।। ।। चंद्रदेखी उनंचास लाष असी हजार दुई शय बान्ह ४९८०२१२ कोश टाढा ।। बुधदेखी पैंतालीस् लाष बाइस् हजार तिन शय अठचालीस् ४५२२३४८ कोश टाढा ।। शुक्रदेखी चौतिस् लाष नब्बे हजार एक शय चौबिस् ३४९०१२४ कोश टाढा ।। सूर्यदेखी चौबिस् लाष अठ्ठाइस् हजार नौ शय अठसठ्ठी २४२८९६८ कोश टाढा भौमकक्षा छ ।। ।। ताहाप्रांत बृहस्पतिग्रह पृथ्वीदेखी ।। जीवं गजत्रिशरऋत्वगभूमिनागैः ।। तृयाशी लाष छपन्न हजार सात शय अठार ८३५६७१८ योजन दूरमा छ ।। अर्थात् तिन कोटी चौतिस् लाष छब्बिस् हजार आठ शय बहत्तर ३३४२६८७२ कोश दूरमा जीवकक्षा छ ।। ।। चंद्रदेखी तिन कोटी बत्तिस् लाष बिस् हजार छ शय आठ ३३२२०६०८ कोश टाढा ।। बुधदेखी तिन कोटी सत्ताइ(स) लाष बासठ्ठी हजार सात शय चवालिस् ३२७६२७४४ कोश टाढा ।। शुक्रदेखी तिन कोटी सत्र लाष सत्ताइस् हजार[६] पांच शय बिस् ३१७२७५२०[७] कोश टाढा ।। सूर्यदेखी तिन कोटी छ लाष उनाहत्तर हजार तिन शय चौसठ्ठी ३०६६९३६४ कोश टाढा ।। भौमदेखी दुइ कोटी बयाशी लाष चालिस् हजार तिन शय छयान्नब्बे २८२४०३९६ कोश टाढा गुरुकक्षा छ[८] ।। ।। ताहाप्रांत शनैश्चरग्रह पृथ्वीदेखी । मंदं धराद्रिनवतीन्दुगुणाभ्रनेत्रैः ।। दुइ कोटी

---

५. १४९००८८ हुनुपर्नेमा भूलले १४९०८८ लेखिएको छ ।

६. तीस हजार हुनुपर्नेमा भूलले सत्ताइस् हजार लेखिएको छ ।

७. ३१७३०५२० हुनुपर्नेमा भूलले ३१७२७५२० लेखिएको छ ।

८. ताहाप्रांत बृहस्पतिग्रह पृथ्वीदेखी ।। जीवं गजत्रिशरऋत्वगभूमिनागैः । एकाशी लाष छहत्तर हजार पांच शय अठतिस् ८१७६५३८ योजन दूरमा छ ।। अर्थात् तिन कोटी सत्ताइस् लाष छ हजार एक शय बावन्न ३२७०६१५२ कोश दूरमा जीवकक्षा छ ।। ।। चंद्रदेखी तिन कोटी चौबिस् लाष उनान्शय हजार आठ शय अठासी ३२४९९८८८ कोश टाढा ।। बुधदेखी तिन कोटी बिस लाष बयालिस् हजार चौबिस् ३२०४२०२४ कोश टाढा ।। शुक्रदेखी तिन कोटी दस लाष नौ हजार आठ सय ३१००९८०० कोश टाढा ।। सूर्यदेखी दुई कोटी उनान्शय लाष अठचालिस् हजार छ सय चवालिस् २९९४८६४४ कोश टाढा ।। भौमदेखी दुइ कोढी पचहत्तर लाष उन्डइस् हजार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तिन लाष उन्‌डइस् हजार एकहत्त(र) २०३१९०७१ योजन दूरमा छ ॥ अर्थात् आठ कोटी बान्ह लाष छहत्तर हजार दुई शय चौराशी ८१२७६२८४ कोश दूरमा शनिकक्षा छ ॥ ॥ चंद्रदेषी आठ कोटी दस् लाष सत्तरी हजार बिस् ८१०७००२० कोश टाढा । बुधदेषी आठ कोटी छ लाष बान्ह हजार यक शय छपन्न ८०६१२१५६ कोश टाढा । शुक्रदेषी सात कोटी पचान्नब्बे लाष उनाशी हजार नौ शय बत्तिस् ७९५७९९३२ कोश टाढा ॥ सूर्यदेषी सात कोटी पचाशी लाष अठ्ठार हजार सात शय छहत्तर ७८५१८७७६ कोश टाढा ॥ भौमदेषी सात कोटी साठी लाष उनान्नब्बे हजार आठ शय आ...

०—०

गणेश दैवज्ञ र लक्ष्मीपति पाँडे

—देवीप्रसाद भण्डारी

आफूले बोलेको कुरा पुग्छ वा पुग्दैन भनी परीक्षा गरी हेर्नु बुद्धिमान् मनुष्यको कर्तव्य हो । यस कारण बुद्धिमान् ज्योतिषीले आफूले गणना गरी ल्याएका ग्रहण तथा ग्रहहरूका अस्तोदय आदि मिल्छन् वा मिल्दैनन् भनी आकाशमा हेर्नु आवश्यक हुन्छ । केही गरी नमिलेमा कहाँ बिग्रचो, के गरी मिल्ला भनी मिलाउने उद्योग गर्नु पनि उसको कर्तव्य हुन्छ । यस कारण आकाशको घटनालाई हेरी टिपेर राख्नु उसको कर्तव्य हुन्छ । ग्रहलाघवका रचयिता प्रसिद्ध ज्योतिषी गणेश दैवज्ञले आफ्नो गणनालाई आकाशको घटनासँग मिलाउने उद्योग गरेको कुरा उनको ग्रन्थबाट बुझिन्छ । जस्तै—

सौरोऽर्कोऽपि विधूच्चमङ्ककलिकोनाब्जो गुरुस्त्वार्यजो—
ऽसृग्राहू च कजं ज्ञकेन्द्रकमथार्ये सेषुभागः शनिः ।
शौक्रं केन्द्रमजार्यमध्यगमितीमे यान्ति दृक्तुल्यतां
सिद्धैस्तैरिह पर्वधर्मनयसत्कार्यादिकं त्वादिशेत् ॥१६॥

(ग्रहलाघव मध्यमाधिकार)

[सूर्यसिद्धान्तबाट गणना गर्दा सूर्य, चन्द्रोच्च र ९ कला घटेका चन्द्र मिल्न आउँछन् । आर्यसिद्धान्तबाट गणना गर्दा मङ्गल, बृहस्पति, राहु र ५ अंश जोडिएका शनैश्चर मिल्न आउँछन् ।

छ शय छहत्तर २७५१९६७६ कोश टाढा गुरुकक्षा छ ॥ ॥

यस्तो हुनुपर्नेमा अङ्कानां वामतो गतिः मा विचार नपुगी माथिको कुरा लेखिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ब्रह्मसिद्धान्तबाट गणना गर्दा बुधको शीघ्रकेन्द्र मिल्न आउँछ । ब्रह्मसिद्धान्त र आर्यसिद्धान्तबाट गणना गरी ल्याइएका फलको योग गरेर आधा गर्दा शुक्रको शीघ्रकेन्द्र मिल्न आउँछ । यसरी गणना गरी ल्याइएका ग्रहहरू आफ्नो आँखाले हेर्दा ठीकसँग मिल्न आउँछन् । यसरी गणना गर्दा सिद्ध हुन आएका ग्रहहरूबाट ग्रहण, धार्मिककार्य, नीतिकार्य, शुभकार्यादि बताउनुपर्छ ।]

यताबाट कुन कुन ग्रह कुन कुन ग्रन्थबाट गणना गर्दा मिल्न आउँछन् भनी गणेश दैवज्ञले भिन्नाभिन्नै ग्रन्थबाट गणना गरी आकाशमा हेरेको कुरा स्पष्ट हुन्छ ।

गणेश दैवज्ञले वि. सं. १५७८ मा लागेको खग्रास सूर्यग्रहण र वि. सं. १६१३ मा लागेको वलयाकार सूर्यग्रहणको वर्णन लेखेर राखेका छन् भनी उनका पनाति गणेशले सिद्धान्तशिरोमणिको आफ्नो टीका शिरोमणिप्रकाशको चन्द्रग्रहणाधिकारमा लेखेका छन् । ती यहाँ उद्धृत गरिन्छन्–

शाके त्र्यब्धीन्द्र१४४३तुल्ये वृषशरदि मधौ मासि बाणेन्दु१५नाडी–
तुल्ये दर्शेऽश्विधिष्ण्ये दिनकरदिवसे भानुसर्वग्रहोऽभूत् ।
तस्मिन् सर्वग्रहेऽस्तं गतवति सकले काव्यसप्तर्षिमुख्या–
स्तारा दृष्ट्वान्धकाराकुलितमिह जगत् तत् तु हा हा चकार ॥

[शकसंवत् १४४३ (वि. सं. १५७८) वृषसंवत्सर चैत्रकृष्ण (पूर्णान्तिमानले वैशाखकृष्ण) औँसी आदित्यवार अश्विनीनक्षत्रमा १५ घडी दिन चढ्दा सूर्यको सर्वग्रहण भयो । त्यो सूर्यग्रहणमा सबै कुरा नदेखिने भए । त्यस अन्धकारमा शुक्र, सप्तर्षि आदि तारालाई देखेर आकुलव्याकुल भएका दुनियाँले हाहाकार गरे ।]

(पूर्णिमा १८ अङ्कका १६२–१६३ पृष्ठबाट)

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

शाके १४४३ (वि. सं. १५७८) वृषसंवत्सर चैत्रकृष्ण (पूर्णान्तिमानले वैशाखकृष्ण)

	गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
वैशाख	१२	आदित्य	औँसी	१४ । ३९	अश्विनी	२६ । ५४

आर्यावर्तमा बार्हस्पत्यमानको संवत्सर चलेको छ । यो वृषसंवत्सरचाहिँ दक्षिणापथमा चलेको सौरमानअनुसारको हो ।

शाकेऽष्टाद्रिमनू१४७८न्मिते नलशरद्यूर्जेऽष्ट८नाडीमिते
दर्शेऽब्जाहनि मित्रभेऽभवदिनग्रस्तं महाश्चर्यकृत् ।
शेषोर्कः परितः सितो वलयवन् मध्ये च कृष्णो यतोऽ–
ल्पं चान्द्रं वपुरैक्षताऽत्र कविविद्भान्त्यन्धकारे जनः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[शकसंवत् १४७८ (वि. सं. १६१३) नलसंवत्सर कार्तिककृष्ण (पूर्णान्तिमानले मार्गकृष्ण) औंसी सोमवार अनुराधा नक्षत्रमा ८ घडी दिन चढ्दा अचम्मलाग्दो सूर्यग्रहण भयो। ग्रहण लागी बाँकी रहेको सूर्यको बिम्ब वरिपरि उज्यालो भएर बाला जस्तो भएको थियो, बीचमा कालो थियो। किनभने चन्द्रमाको बिम्ब सानो थियो। त्यस अन्धकारमा दुनियाँले शुक्र बुध आदि ग्रह र नक्षत्रलाई देखे।]

(पूर्णिमा १८ अङ्कका १६२–१६३ पृष्ठबाट)

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

शाके १४७८ बि. सं. १६१३ नलसंवत्सर कार्तिककृष्ण (पूर्णान्तिमानले मार्गकृष्ण)

	गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
मार्ग	४	सोम	औंसी	१४।४१	विशाखा	५।५३

यो नलसंवत्सर पनि दक्षिणापथमा चलेको सौरमानअनुसारको हो।

यहाँ आएको विशाखाको घडी सिद्धान्तशिरोमणि स्पष्टाधिकारका ७१–७५ श्लोकअनुसार गणना गरी ल्याइएको सूक्ष्मनक्षत्रअनुसारको हो। यो गणना गर्ने विधि र सारणी रत्नदीपमा पनि छ।

गणेश दैवज्ञले वि. सं. १५७७ मा ग्रहलाघव बनाएका हुन्। वि. सं. १५७८ को खग्रास सूर्यग्रहणको प्रत्यक्ष विवरण र वि. सं. १६१३ को वलयाकार सूर्यग्रहणको प्रत्यक्ष विवरण पनि उनले लेखिराखेको देख्ता उनले आफ्नो जीवनको लामो अवधिसम्म पनि चाख मानी आफ्नो गणनालाई आकाशको घटनासँग मिलाई हेर्ने काम चालु नै राखेका रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ।

चन्द्रमा र शुक्रको अस्तोदयका विषयमा अन्तर परेका कुरा थाहा पाई चन्द्रमा र शुक्रको कालांशमा संस्कार गर्नाको निमित्त गणेश दैवज्ञले नयाँ रीति लेखेका छन्। जस्तै–

स्यात् खाभूाग्न्यु३००दयान्तरं भ२७विहृतं स्वर्णं पृथूनोदये
यत् तत्संस्कृतदृष्टिकर्मलवतः प्राणां५शसंस्कारिताः ।
पूर्वोक्ता भृगुचन्द्रयोः क्षणलवाः स्पष्टा भृगोश्चोनिता
द्वाभ्यां२ तेऽस्तदयास्तदृष्टिसमता स्याल्लक्षितैषा मया ॥२१॥

(ग्रहलाघव उदयास्ताधिकार)

[पहिले सायन चन्द्रमा र सायन शुक्र बसेका राशिको उदयपला ल्याउनू, अनि ती उदयपलाको ३०० सँग अन्तर गर्नू। सो अन्तरपलालाई २७ ले भाग लिनू, भाग लिँदा आएको लब्धि अंशादि हुन्छ। यो अंशादि फल ३०० भन्दा उदयपला धेरै भएमा धनात्मक र ३०० भन्दा उदयपला थोरै भएमा ऋणात्मक हुन्छ। सो अंशादि फल चन्द्रमा र शुक्रको दृक्कर्मांशमा संस्कार गर्नू (दुवै धन धन वा ऋण ऋण भएमा जोड्नू, धन र ऋण भएमा अन्तर गर्नू), संस्कृत दृक्कर्मांश

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन्छ । संस्कृत दृक्कर्मांशलाई ५ ले भाग लिनू, भाग लिंदा आएको लब्धि अंशादि हुन्छ । सो अंशादि फल चन्द्रमा र शुक्रको कालांश (माथि १२ श्लोकमा बताइएका कालांश) मा संस्कार गर्नू (अंशादि फल धन भए जोड्नू, ऋण भए घटाउनू)। यसरी संस्कार गर्नाले सो कालांश स्पष्ट हुन्छ र शुक्रको कालांशमा अरू २ अंश घटाउनाले ऋन् स्पष्ट हुन्छ । किनभने यस रीतले संस्कार गरेर आएको कालांशबाट गणना गरी हेर्दा आकाशको घटनासँग गणना मिलेको दृश्य मैले देखेको हुँ ।]

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले धिनै गणेश दैवज्ञको पदानुसरण गरी आफ्नो जीवनभर भिन्नाभिन्नै ग्रन्थका आधारमा आफूले गरेका गणनालाई आकाशको घटनासँग मिलाई हेर्ने उद्योग गरेका थिए भन्ने कुरा उनले गणना गरिराखेका पत्रबाट बुझिन्छ । तीमध्ये केही पत्रका सारांश यहाँ दिइन्छन् ।

वि. सं. १८७१ श्रावण ४ गते श्रावणकृष्ण औंसी आदित्यवारको खण्डग्रास सूर्यग्रहणको विषयमा यस्तो लेखिएको छ–

ग्रहलाघवीयम्

स्पर्शः १४।१६ स्फुटकालः १७।४७ मोक्षः २१।५३ सूर्यबिं १०।२२ चंद्रबिं ११।३३ ग्रासः ९।४९।१३

श्रीमत्सूर्यसिद्धान्तात्

स्पर्शः १४।१२ तिथ्यंतः १७।१५ मोक्षः २१।८।३१

पञ्चाङ्गमा

सूर्यपर्व स्प १५।३७ मो २१।२९

परिलेखमा

पश्चिमबाट स्पर्श । पूर्वबाट मोक्ष ।

निरभ्रः दृग्गोचरः स्पर्शः १३।३५ मोक्षः २०।०

यहाँ भिन्नाभिन्नै ग्रन्थबाट गणना गर्दा

	ग्रहलाघवबाट	सूर्यसिद्धान्तबाट	पात्रोमा टिपेको (ग्रन्थ नखुलेको)
स्पर्शकाल	दिनगतघटी १४।१६	दिनगतघटी १४।१२	दिनगतघटी १५।३७
मोक्षकाल	दिनगतघटी २१।५३	दिनगतघटी २१।९	दिनगतघटी २१।२९ आएका रहेछन् ।

परन्तु आफूले हेर्दा स्पर्श दिनगतघटी १३।३५ मा र मोक्ष दिनगतघटी २०।० मा देखिएछ । त्यस वेला बादल लागेको रहेनछ र सो घटना देखिएछ ।

वि. सं. १८७१ पौष १४ गते मार्गशुक्ल पूर्णिमा सोमवारको खण्डग्रास चन्द्रग्रहणको विषयमा यस्तो लेखिएको छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ग्रहलाघवीयम्

स्पर्शकालः ५२।२१।६ रात्रिगतघटी २६।३९ रात्रि शे. घ. ७।३९[१]
मध्यकालः ५५।३० रात्रिगतघटी २९।४८ रात्रि शे. घ. ४।३०
मोक्षकालः ५९।१४।१० रात्रिगतघटी ३३।३२ रात्रि शे. घ. ०।४५
चंद्रबिंबं ११।३०।८ भूभा २९।२२ ग्रासोंगुलादिः ६।३४।४०

अत्र जिष्णुसुतोदितसंस्कारात्

स्पर्शकाल स्फुटतर ५३।० रात्रिगतघटी २७।१८ रात्रिशेषघटी ७।० स्पर्शस्तु दृग्गोचरतुल्यं(ल्यः)
मध्यकालः ५५।३० रात्रिगतघटी २९।४८ रात्रिशेषघटी ४।३०
मोक्षकालः ५९।१२ रात्रिगतघटी ३३।३० रात्रिशेषघटी ०।४८

पञ्चाङ्गमा

चंद्रः ५३।५२ ६०।३६

परिलेखमा

पूर्व ईशानबाट स्पर्श । पश्चिम वायव्यबाट मोक्ष ।

मोक्षस्तु दिनारंभे चंद्रस्य दर्शनमतो दिनगतघटी ० पलेषु ४० मोक्षो जातस्ततश्चंद्रास्तो दृक्सिद्धः निरभ्रः

यहाँ भिन्नाभिन्नै ग्रन्थबाट गणना गर्दा

	ग्रहलाघवबाट	ब्रह्मगुप्तले बताएको संस्कार गर्दा	पात्रोमा टिपेको
स्पर्शकाल	रात्रिशेषघटी ७।३९	रात्रिशेषघटी ७।०	रात्रिशेषघटी ६।८
मोक्षकाल	रात्रिशेषघटी ०।४५	रात्रिशेषघटी ०।४८	दिनगतघटी ०।३६ आएका रहेछन् ।

परन्तु आफूले हेर्दा ब्रह्मगुप्तले बताएको संस्कार गरेको गणितको स्पर्शचाहिँ मिल्न आएछ । मोक्ष भएकोचाहिँ सूर्योदय भएको ४० पलापछि देखिएछ । त्यसपछि चन्द्रास्त भएको देखिएछ । त्यस वेला बादल लागेको रहेनछ र सो घटना देखिएछ ।

वि. सं. १८७२ आषाढ ९ गते ज्येष्ठशुक्ल पूर्णिमा बुधवारको खग्रास चन्द्रग्रहणको विषयमा यस्तो लेखिएको छ–

ग्रहलाघवीयः

स्पर्शकालः ४१।४।५९ रात्रिगतघट्यः ६।४३[२]।४५
संमीलनकालः ४४।४७।४८ रात्रिगतघट्यः १०।२४।३४
मध्यकालः ४५।९।५६ रात्रिगतघट्यः १०।४६।४२

१. यहाँ पहिलेबाट ७।२१ लेखी पछि १ लाई ९ बनाइएको छ। तर २ लाई ३ बनाउनचाहिँ बिर्सेको देखिन्छ ।

२. यहाँ ४१ हुनुपर्नेमा ४३ भएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उन्मीलनकालः ४५।५०।५८ रात्रिगतघटचः ११।२७।४४
मोक्षकालः ४९।३१।३७ मोक्षकालघटचः १५।८।२३

चन्द्रबिम्बः १०।८।१९ भूमीभा २५।२४।५३ छन्नं १०।२४।४९ खछन्नं ०।१६।३०

परिलेखमा

पूर्व आग्नेयबाट स्पर्श। उत्तर वायव्यबाट संमीलन। उत्तर ईशानबाट उन्मीलन। पश्चिम नैऋतबाट मोक्ष।

दृग्गोचरस्तु स्पर्शकालः रात्रिगतघटी ७।१५ मोक्षकालः रात्रिगतघटी १७

मेघः न वर्षणं साभ्रः

यहाँ गणना गर्दा ग्रहलाघवबाट स्पर्शकाल रात्रिगतघटी ६।४४ मोक्षकाल रात्रिगतघटी १५।८ आएका रहेछन्।

परन्तु आफूले हेर्दा स्पर्श रात्रिगतघटी ७।१५ मा र मोक्ष रात्रिगतघटी १७।० मा देखिएछ।

बादल लागेको रहेछ, पानी परेनछ।

वि. सं. १८७२ पौष ३ गते मार्गशुक्ल पूर्णिमा शनैश्चरवारको खग्रास चन्द्रग्रहणको विषयमा यस्तो लेखिएको छ–

ग्रहलाघवात्

स्पर्शकालः २५।२४ दिनशेषघटी ० पलेषु २२ निमीलनकालः २८।३ रात्रिगतघटी २ पलेषु १७
मध्यकालः ३०।० रात्रिगतघटी ४ पलेषु १४ उन्मीलनकालः ३२।१ रात्रिगतघटी ६ पलेषु १५
मोक्षकालः ३४।४० रात्रिगतघटी ८ पलेषु ५४

चंद्रबिंबं ११।०।४८ भूभाबिंबं २७।४८।१७ ग्रासः १७।५६।२७ खग्रासः ६।५५।३९

जिष्णुसुतमतान्मध्यकालः ३०।४२ स्पर्शकालः २६।४ रात्रिगतः ०।१९

अतो रात्रावेव स्पर्श इति ब्रह्मगुप्तमतम्।

परिलेखमा

पूर्व ईशानबाट स्पर्श। पश्चिम नैर्ऋतबाट संमीलन। ईशानबाट उन्मीलन। पश्चिम नैर्ऋतबाट मोक्ष।

दृग्गोचरः

निमीलनकालः रात्रिगतघटी १।१७ मध्यकालः रात्रिगतघटी ३।२४
उन्मीलनकालः रात्रिगतघटी ५।२२ मोक्षकालः रात्रिगतघटी ८।४

साभ्रोऽन्यत्र न वर्षणं चंद्रस्तु यावद्ग्रहणं दृश्यः

यहाँ भिन्नाभिन्नै ग्रन्थबाट गणना गर्दा

	ग्रहलाघवबाट		ब्रह्मगुप्तले बताएको संस्कार गर्दा
स्पर्शकाल	दिनशेषघटी	०।२२	रात्रिगतघटी ०।१९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संमीलनकाल रात्रिगतघटी	२।१७		
मध्यकाल रात्रिगतघटी	४।१४	रात्रिगतघटो ४।५७	
उन्मीलनकाल रात्रिगतघटी	६।१५		
मोक्षकाल रात्रिगतघटी	८।५४		आएका रहेछन् ।

परन्तु आफूले हेर्दा संमीलन रात्रिगतघटी १।१७ मा, मध्य रात्रिगतघटी ३।२४ मा, उन्मीलन रात्रिगतघटी ५।२२ मा, मोक्ष रात्रिगतघटी ८।४ मा भएको देखिएछ।

त्यस वेला बादल लागेको रहेछ । तर पानी परेनछ । ग्रहण लागुन्जेल चन्द्रमा देखिएछन् ।

वि. सं. १८७३ मार्ग ७ गते मार्गकृष्ण औंसी मङ्गलवारको ग्रस्तास्त खण्डग्रास सूर्यग्रहणको विषयमा यस्तो लेखिएको छ–

ग्रहलाघवात्

स्पर्शः २३।५७।८ दिनशेषः २।१४।५२ मध्यः २६।२७ दिने शेषः ०।५

मोक्षः २९।१६।२९ रात्रिगतः२।४४

सूर्बिबं ११।२।५४ चंद्रबिंबं ११।२७।२९ ग्रासः ७।२३।३३

तत्र भास्वत्याः

स्पर्शकालः २४।५४ दिनशेषः १।४० मध्यकालः २७।५६ रात्रिगतः १।२२

मोक्षकालः ३०।५८ रात्रिगतः ४।२४

सूर्यबिबांगुलं १३।१६ चंद्रबिबागुलं १३।८ ग्राशां(सां)गुलं १०।३

परिलेखमा

वायव्य उत्तरबाट स्पर्श । पूर्व आग्नेयबाट मोक्ष ।

नात्र मेघावरणं. दृग्गोचरं जातं.

इदमस्मदादिभिर्लिखितं

स्पर्शः दिनशेषे घट्यः १।५५ मध्यः रात्रिगतघटी ०।३५ मोक्षः रात्रिगतघटी २।४४

दिनशेषे २।३० स्पर्श दृग्गोचरो जातः

दिनशेषे ३।२७ स्पर्श इति गजचालः

यहाँ भिन्नाभिन्नै ग्रन्थबाट गणना गर्दा

	ग्रहलाघवबाट		भास्वतीबाट	
स्पर्शकाल	दिनशेषघटी	२।३५	दिनेशषघटी १।४०	
मध्यकाल	दिनशेषघटी	०।५	रात्रिगतघटी १।२२	
मोक्षकाल	रात्रिगतघटी	२।४४	रात्रिगतघटी ४।२४	आएका रहेछन् ।

आफूले लेखेर दिएको स्पर्श दिनशेषघटी १।५५ मध्य रात्रिगतघटी ०।३५ मोक्ष रात्रिगतघटी २।४४ थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गजुन्यालले[३] दिनशेषघटी ३।२७ मा स्पर्श दिएका रहेछन् ।

---

३. वि. सं. १८७८ मा काशीबाट ज्योतिषी अरविन्दनाथ गजुन्यालले भीमसेन थापालाई पठाएको पत्र पाइएको छ–

श्रीः

स्वस्तिश्रीमन्मेधावद्गुरूपशिक्षितनिर्मलसुमंत्रणकर्मचातुरीप्रवर्द्धितनिजक्षोणीनायकक्षोणीमण्डल-समृद्धिसंभावितराजात्मानुकूलप्रजानुरञ्जनादिसत्कर्मकुसुमावलीसुरभिसुवासितसत्कीर्त्तिवनितेषु श्रीश्रीश्री-जनरलसाहेबभीमसेनथापाकेषु ज्योतिर्विद् अरविन्दनाथ गजुन्यालको शुभाशीर्वचनपूर्वकम्पत्रमिदम्. आहा कुशल. तपाजिका चरणको क्षेमकौशल्य प्रतिदिन स्मरण गर्छौं. उप्रान्त श्रीसर्कारका निमित्त श्रीसंकटा-को जप पूजा गर्नु अध्ययन पनी गर्नु भनि श्रीसर्कारबाट काम बक्सनुभयामाफिक् आहां आई निरंतर अनुष्ठान पनी अध्ययन पनि गर्दै थिञा. अनुष्ठान श्रीसर्कारबाट अन्यत्र बक्सनुभयेछ तपनि आफ्नु कृत्य छोडन्या होइन. जय मनाउनु हाम्रो कामै हो भनि छोड्याको छैंन. अध्ययनका अर्थकन सिद्धान्तकौमुदी सूर्यसिद्धान्त लीलावती बीजगणित मुहूर्त्तचिन्तामणि कर्णकुतूहल मकरंद ग्रहलाघव रत्नमाला बृहज्जातक केशवीपद्धती श्रीपतिपद्धति विट्ठलपद्धती तांहि भयाका थिया. आहा आयापछि सिद्धान्ततत्वविवेक शब्देन्दुशेषर मनोरमा सम्राट्सिद्धान्त वशिष्ठसिद्धान्त ब्रह्मसिद्धान्त सोमसिद्धान्त मुक्तावली भैसकिया. बाकी श्रीसर्कारबाट जो वर्षाशन बक्सनुभयाको थियो. सो बीचमा यद्यपि विछिन्न भयो त पनि श्रीसर्कारदेखी अन्यत्र हामिले याचन् गर्न्या होइन भनि ऋण गरी पनि आजसम्म यथाकथंचित् वर्त्तमान गर्दा ऋण पनि भैरहेछ. श्री ५ महाराजा अद्धांग हुनुहुन्छ. तपाजिका चरणको कीर्त्ति जस्तै दिगंतमा फैल्याको छ. तस्तै हाम्रो पनि मनोरथ तपाजिका चरणबाट हुन्यैछ. हामि जस्ता अनन्यगतिका शरण्य हुनुहुंछ. आजतक् तपाजिका चरणबाट पालना भै आयाको छ. ज्यादा २१४ अपूर्व ग्रंथको संग्रह गर्नु छ. द्रव्यविना संग्रह भैसकिदैन. जो आज्ञा. लेखनाको न्यूनाधिक्य क्षमा भया जाला. किं बहु. इति संवत् १८७८ आश्विनवदि ६ रोज २ मोकाम वाराणसीपुरी शुभम्

भवतामहमिव बहवो मम तु भवानिव भवानेकः ।

कुमुदिन्यः कति न विधोर्विधुरिव विधुरेकः कुमुदिनीनाम् ।।

(प्राचीन नेपाल १ अङ्कको ८ फलकसङ्ख्याको ख चित्रमा यो छापिएको छ । त्यही चित्रबाट पढी यो पाठ दिइएको हो ।)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८७८ आश्विनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
आश्विन	४	सोम	षष्ठी	२२ । २९ (पात्रोबाट)

माथि लक्ष्मीपतिले भनेका गजुन्याल यिनै हुन् कि ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफूले हेर्दा दिनशेषघटी २।३० मा स्पर्श भएको देखिएछ।

यस दिन बादल लागेको रहेनछ र ग्रहण देखिएछ।

वि. सं. १८७५ वैशाख ११ गते चैत्रशुक्ल पूर्णिमा मङ्गलवारको ग्रस्तास्त खण्डग्रास चन्द्रग्रहणको विषयमा यस्तो लेखिएको छ–

ग्रहलाघवबाट

स्पर्शकालः ५७।४७ मध्यकालः १।२ दिनगतघटी ४ पलेषु ५१ मोक्षः

चंद्रबिंबमंगुलाद्यम् ११।२६ भूभा २९।३६ ग्रासः ६।३९

अर्को गणितबाट

रात्रिशेषघटी २ पलेषु ३१ स्पर्शः घ. ०।३१ मध्यः घ. ३।५१ मोक्षो ग्रहस्य

परिलेखमा

दक्षिणबाट स्पर्श। नैर्ऋतबाट मोक्ष।

रात्रिशेषघटी १ पलेषु २५ स्पर्शदृश्यत्वम्।

यहाँ भिन्नाभिन्नै ग्रन्थबाट गणना गर्दा

	ग्रहलाघवबाट	अर्को गणितबाट (ग्रन्थ नखुलेको)
स्पर्शकाल	रात्रिशेषघटी २।१३	रात्रिशेषघटी २।३१
मध्यकाल	दिनगतघटी १।२	दिनगतघटी ०।३१
मोक्षकाल	दिनगतघटी ४।५१	दिनगतघटी ३।५१ आएका रहेछन्।

परन्तु आफूले हेर्दा रात्रिशेषघटी १।२५ मा ग्रहणको स्पर्श देखिएछ।

वि. सं. १८७५ वैशाख २५ गते वैशाखकृष्ण औंसी मङ्गलवारको खण्डग्रास सूर्यग्रहणको विषयमा यस्तो लेखिएको छ–

ग्रहलाघवबाट

स्पर्शकालः १६।२५ (मध्यकालः) १८।१० मोक्षकालः २०।५९।६

सूर्यबिंबं १०।१० चन्द्रबिंबं ९।५७ ग्रासः २।३८

मकरंदात्

स्पर्शकालः १४।२४।५२ (मध्यकालः) १६।४५।५८ मोक्षकालः १९।१२।३३

अर्को गणितबाट

स्पर्शः १५।२४ मध्यः १७।१२ मोक्षः २०।६

परिलेखमा

वायव्यबाट स्पर्श। ईशानबाट मोक्ष।

दृक्गोचरः

स्पर्शः १७ मध्यः १९।१७ मोक्षः २१।२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ भिन्नाभिन्नै ग्रन्थबाट गणना गर्दा

	ग्रहलाघवबाट	मकरन्दबाट	अर्को गणितबाट (ग्रन्थ नखुलेको)
स्पर्शकाल	दिनगतघटी १६।२५	दिनगतघटी १४।२५	दिनगतघटी १५।२४
मध्यकाल	दिनगतघटी १८।१०	दिनगतघटी १६।४६	दिनगतघटी १७।१२
मोक्षकाल	दिनगतघटी २०।५९	दिनगतघटी १९।१३	दिनगतघटी २०।१६ आएका रहेछन् ।

परन्तु आफूले हेर्दा दिनगतघटी १७।० मा स्पर्श, दिनगतघटी १९।१७ मा मध्य, दिनगतघटी २१।२२ मा मोक्ष देखिएछ ।

यसरी आफूले भिन्नाभिन्नै ग्रन्थबाट गणना गरी ल्याएका ग्रहणहरू आकाशका घटनाहरूसँग मिल्छन् वा मिल्दैनन् भनी लक्ष्मीपतिले आकाशमा हेरेको कुरो माथिका उद्धरणबाट स्पष्ट हुन्छ ।

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बृहस्पति शुक्रका अस्तोदयहरूका विषयमा पनि भिन्नाभिन्नै ग्रन्थबाट गणना गर्ने गरेका र आफूले गरेका गणना आकाशका घटनासँग मिलेनमिलेका हेरी त्यस विषयको विवरण पञ्चाङ्गमा नै तत्तत्मितिमा लेखिराख्ने गरेका थिए भन्ने कुरा उनका पञ्चाङ्गबाट बुझिन्छ । तीमध्येका केही उद्धरण यहाँ दिइन्छन् ।

वि. सं. १८४७ को पञ्चाङ्गमा शुक्रोदयको विषयमा यस्तो लेखिएको छ–

माघ २३ गते बुधवार प्रत्यगुदितः शुक्रः

माघ २९ गते मङ्गलवार श्रीपंचम्यां संध्यासमये शुक्रदृग्गोचरो नेपालदेशाविति राद्धांतः

यहाँ शुक्रको पश्चिमोदय हुने दिन गणनाबाट माघ २३ गते बुधवार आएको रहेछ । परन्तु नेपाल (काठमाडौँ)बाट आकाशमा हेर्दा माघ २९ गते मङ्गलवार श्रीपञ्चमीको दिन सन्ध्याकालमा शुक्रको पश्चिमतिर उदय भएको देखिएछ ।

वि. सं. १८४८ को पञ्चाङ्गमा बृहस्पतिका अस्त र उदयका विषयमा यस्तो लेखिएको छ–

आश्विन १ गते बुधवार जीवादर्शनं नेपालात्
आश्विन ८ गते बुधवार पश्चादस्तो जीवः
कार्तिक ६ गते बुधवार पूर्वोदितो जीवः
कार्तिक ११ गते सोमवार जीवदृग्गोचरो नेपालात्

यहाँ बृहस्पतिको पश्चिमास्त हुने दिन र पूर्वोदय हुने दिन गणनाबाट क्रमैले आश्विन ८ गते बुधवार र कार्तिक ६ गते बुधवार आएका रहेछन् । परन्तु नेपाल(काठमाडौँ)बाट आकाशमा हेर्दा आश्विन १ गते बुधवार पश्चिममा बृहस्पतिको अस्त र कार्तिक ११ गते सोमवार पूर्वमा उदय भएको देखिएछ ।

वि. सं. १८४८ को पञ्चाङ्गमा शुक्रका अस्त र उदयका विषयमा यस्तो लेखिएको छ–

आश्विन १८ गते शनैश्चरवार शुक्रादर्शनं नेपालात्
आश्विन २४ गते शुक्रवार पश्चादस्तः शुक्रः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कार्तिक ५ गते मङ्गलवार प्रागुदयः शुक्रः
कार्तिक ७ गते बृहस्पतिवार नेपालाच्छुक्रो दृग्गोचरः

यहाँ शुक्रको पश्चिमास्त हुने दिन र पूर्वोदय हुने दिन गणनाबाट क्रमैले आश्विन २४ गते शुक्रवार तथा कार्तिक ५ गते मङ्गलवार आएका रहेछन् । परन्तु नेपाल (काठमाडौं)बाट आकाशमा हेर्दा आश्विन १८ गते शनैश्चरवार पश्चिममा शुक्रको अस्त र कार्तिक ७ गते बृहस्पतिवार पूर्वमा उदय भएको देखिएछ ।

वि. सं. १८५२ को पञ्चाङ्गमा बृहस्पतिको अस्तको विषयमा यस्तो लेखिएको छ–

माघ १६ गते मङ्गलवार प्रत्यगस्तो गुरुः
माघ २१ गते आइतवार अस्मिन्दिने नेपालाददृश्यत्वं जीवस्य
माघ २५ गते बृहस्पतिवार सिद्धान्तगणितादस्मिन्दिने बृहस्पतेरस्तकालः

यहाँ बृहस्पतिको पश्चिममा अस्त हुने दिन साधारण गणनाबाट माघ १६ गते मङ्गलवार आएको रहेछ, सिद्धान्तबाट विशेष गणना गर्दा माघ २५ गते बृहस्पतिवार आएको रहेछ । परन्तु नेपाल (काठमाडौं)बाट आकाशमा हेर्दा माघ २१ गते आइतवार पश्चिममा बृहस्पतिको अस्त देखिएछ ।

वि. सं. १८५४ को पञ्चाङ्गमा शुक्रको अस्तको विषयमा यस्तो लेखिएको छ–

वैशाख ६ गते शनैश्चरवार गणितान्तरात्पूर्वास्तत्वं भृगोः
वैशाख ८ गते सोमवार पूर्वास्तः शुक्रः, नेपालाद्दृग्गोचराभावः
वैशाख १२ गते शुक्रवार पूर्वास्तः शुक्रः

यहाँ शुक्रको पूर्वमा अस्त हुने दिन गणनाबाट वैशाख १२ गते शुक्रवार आएको रहेछ, अर्को गणनाअनुसार वैशाख ६ गते शनैश्चरवार आएको रहेछ। परन्तु नेपाल (काठमाडौं)बाट आकाशमा हेर्दा वैशाख ८ गते सोमवार पूर्वमा शुक्रको अस्त देखिएछ ।

वि. सं. १८५५ को पञ्चाङ्गमा शुक्रको अस्तको विषयमा यस्तो लेखिएको छ–

मार्ग ४ गते शुक्रवार पूर्वास्तः शुक्रः
मार्ग १४ गते सोमवार शुक्रादृश्यत्वमत्र
मार्ग २० गते आदित्यवार पूर्वास्तश्शुक्रः कालांशैः

यहाँ शुक्रको पूर्वमा अस्त हुने दिन गणनाबाट मार्ग ४ गते शुक्रवार आएको रहेछ, अर्को कालांशको गणनाबाट मार्ग २० गते आदित्यवार आएको रहेछ। परन्तु आकाशमा हेर्दा मार्ग १४ गते सोमवार पूर्वमा शुक्रको अस्त देखिएछ ।

यहाँ माथि उद्धरण गरिएका अरू शुक्र र बृहस्पतिका अस्त उदयमा हेरेको ठाउँको उल्लेख गर्दा नेपालात् (नेपालबाट) भनी लेखिएको छ। यसमा भने अत्र (यहाँ) भनी लेखिएको छ । यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कारण यहाँ भनी लक्ष्मीपतिले कुन ठाउँलाई सङ्केत गरेका हुन् भनी विचार गर्नुपरेको छ ।

राजकुमार बहादुर शाहका विश्वासपात्र लक्ष्मीपति थिए । बहादुर शाहको पतन भएपछि लक्ष्मीपति पनि खस्के र आखिरमा नेपालमा टिक्न नसकी वि. सं. १८५५ कार्तिक २३ गते लक्ष्मीपति काठमाडौंबाट काशीतिर गएका थिए । श्री ५ रणबहादुर शाह काशी गएपछि वि. सं. १८५७ माघ १९ गते लक्ष्मीपति काठमाडौं फर्केका थिए[४] । यस कारण यहाँ भनी काशीलाई बुझाएको देखिन्छ ।

यहाँसम्मका कुराबाट जसरी गणेश दैवज्ञले विभिन्न ग्रन्थबाट गणना गरी ल्याएका घटना आकाशका घटनासँग मिलाई हेर्ने काममा अभिरुचि लिएका थिए, त्यसै गरी लक्ष्मीपति पाँडेले पनि आफ्नो गणना मिलाउने काममा अभिरुचि लिएको स्पष्ट छ ।

०—०

भास्वतीका प्रसिद्ध टीकाकार नेपाली ज्योतिषी बलभद्र

महेशराज पन्त
—दिनेशराज पन्त

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको दुइ सय सोह्रौं जन्मोत्सवको उपलक्षमा प्रकाश हुन लागेको पूर्णिमाको यस अङ्कमा लक्ष्मीपतिभन्दा २६४ वर्षअघि जन्मेका एकजना नेपाली ज्योतिषी ग्रन्थकारको विषयमा लेख्नु अप्रासङ्गिक नठानी त्यसैअनुसार काम गरिन्छ ।

हाम्रो यतातिर सूर्यसिद्धान्तको आधारमा पञ्चाङ्गगणना हुन्छ । तर सूर्यसिद्धान्तका अङ्क ठूलाठूला हुनाले ठूलाठूला गुणन भाग गर्नुपरी धेरै काल लाग्ने र धेरै परिश्रम गर्नुपर्ने हुन्छ ।

केही ज्योतिषीहरू सिद्धान्तग्रन्थलाई मूल आधार मानी आफ्नो समयसुहाउँदो करणग्रन्थ (कामचलाउ ग्रन्थ) बनाउँछन् । यसै परम्परामा उडिसाको जगन्नाथपुरीनिवासी शतानन्दले वि. सं. ११५६ मा प्राचीन सूर्यसिद्धान्तको आधारमा भास्वतीनाउँको करणग्रन्थ बनाएका छन्[१] ।

---

४. पूर्णिमा १० अङ्कका ४७, ५०, ५२ पृ. ।

१. नत्वा मुरारेश्चरणारविन्दं श्रीमाञ् शतानन्द इति प्रसिद्धः ।
तां भास्वतीं शिष्यहितार्थमाह शाके विहीने शशिपक्षखैकैः १०२१ ॥१॥
अथ प्रवक्ष्ये मिहिरोपदेशाच्छ्रीसूर्यसिद्धान्तसमं समासात् ··· ॥२॥
(भास्वती तिथिध्रुवाधिकार)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

करणग्रन्थमा कुनै इष्ट वर्षदेखि अहर्गण ल्याई सो अहर्गणबाट मध्यम ग्रहसाधन गरिन्छ । यसो गर्दा ठूलाठूला गुणन भाग गर्नुपरी गणना परिश्रमसाध्य हुने हुनाले केही करणग्रन्थहरूमा वर्षगणद्वारा मेषसङ्क्रान्तिकालका मध्यम ग्रह ल्याइन्छन् । अनि मेषसङ्क्रान्तिदेखि उठेको अहर्गणद्वारा मध्यम ग्रह ल्याइन्छन् । त्यसपछि वर्षगणबाट आएका र अहर्गणबाट आएका मध्यम ग्रहको योग गरी अभीष्ट दिनका मध्यम ग्रह ल्याइन्छन् । यसो गर्दा अहर्गण ३६५ भन्दा बढ्ता नहुने हुनाले क्रियामा लाघव हुन्छ ।

वर्षगणद्वारा मध्यम ग्रहसाधन गरिएका अरू अरू करणग्रन्थमा आरम्भ मध्यम मेषसङ्क्रान्तिबाट गरिएको छ । भास्वतीमा भने वर्षगणद्वारा स्पष्ट मेषसङ्क्रान्तिमा मध्यम ग्रहसाधन गरिएकोले भास्वती अझ सजिलो ग्रन्थ बन्न पुगेको छ ।

भास्वतीमा क्षेपक र ग्रहगतिका गुणक भाजक शतांशपद्धतिअनुसार लेखिएका छन् । अर्थात् राशि अंश कला विकला लेख्नुको सट्टा राशिको सयौँ भागमा वा नक्षत्रको सयौँ भागमा ग्रहस्थिति लेखिएका छन् । अर्को शब्दमा भन्ने हो भने शतानन्दले भास्वतीमा दशमलव भिन्नको व्यवहारोपयोगी प्रयोग गरेको देखिन्छ[२] ।

भास्वतीबाट पञ्चाङ्ग गणना गर्न सजिलो पर्ने हुनाले यस ग्रन्थको निकै प्रचार भयो[३] ।

[विष्णुको चरणकमललाई ढोगेर शकसंवत् १०२१ (वि. सं. ११५६)मा विद्यार्थीको हितको लागि शतानन्द भास्वती बनाउँछन् ।

वराहमिहिरको उपदेश (पञ्चसिद्धान्तिका)बमोजिम सूर्यसिद्धान्तअनुसारको ग्रन्थ भास्वती म (शतानन्द) छोटकरीमा बनाउँछु ।]

खखाश्विवेदोपगते युगाब्दे दिव्योक्तितः श्रीपुरुषोत्तमस्थः ।
श्रीमाञ् शतानन्द इतीदमाह सरस्वतीशङ्करयोस्तनूजः ।।६।।

इति श्रीपुरुषोत्तमक्षेत्रनिवासिशतानन्दविरचिते भास्वतीकरणे परिलेखाधिकारोऽष्टमः समाप्तः ।
(भास्वती परिलेखाधिकार)

[शङ्कर र सरस्वतीका छोरा, पुरुषोत्तमक्षेत्रमा बस्ने शतानन्दले कलिगतसंवत् ४२०० (वि. सं. ११५६) मा राम्रो उक्ति भएको भास्वती बनाए ।

पुरुषोत्तमक्षेत्रमा बस्ने शतानन्दले बनाएको भास्वतीकरणमा आठौँ परिलेखाधिकार सिद्धियो ।]

२. माथिका यी ३ कण्डिका लेखन शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिःशास्त्रको दोस्रो संस्करणका २४३–२४४ पृष्ठ र गोरखप्रसादको भारतीय ज्योतिष का इतिहासको १९० पृष्ठबाट पनि मदत लिइएको छ ।

३. पाटीगणितको प्रसिद्ध ग्रन्थ लीलावतीमा जोड, घटाउ, गुणन, भाग प्रत्येकको एउटा एउटा मात्र उदाहरण दिइएको छ । २।५।३२।१९३।१८।१०।१०० को जम्मा गर, जम्मा गरेर आएको सङ्ख्यालाई १०००० बाट घटाऊ, १३५ लाई १२ ले गुन, गुनेर आएको फललाई १२ ले भाउ लेख भनी भास्करले लीलावतीको परिकर्माष्टकमा लेखेका छन् । तर यत्ति उदाहरणका भरमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जतिसुकै प्रतिभाशाली विद्यार्थी पनि जोड, घटाउ, गुणन, भाग गर्न जान्ने बन्न सक्तैन । यस कारण प्रत्येकका प्रशस्त उदाहरण नगरी जोड आदि गर्ने रीत मनमा चढ्न सक्तैन ।

उनताका ज्योतिषीहरूले नै गणित पढाउने हुनाले केटाकेटीहरू ज्योतिषीहरूकहाँ गणित पढ्न जान्थे । ज्योतिषीहरूलाई पनि पात्रो बनाउनुपर्थ्यो । ज्योतिषीहरू भास्वतीबाट पञ्चाङ्ग गर्ने गर्थे । पात्रो गर्दा जोड, घटाउ, गुणन, भाग वारंवार गरिरहनुपर्छ । यस कारण ज्योतिषीहरूले आफ्ना विद्यार्थीहरूलाई भास्वतीबाट पञ्चाङ्गमा चाहिने गणितको अभ्यास गराउने हुनाले भास्वतीले गणितको पहिलो पुस्तकको काम पनि गरेको थियो ।

भास्वतीको नेपालमा प्रचार थियो भन्ने कुरा वीरपुस्तकालय र राष्ट्रिय पुस्तकालयका सूचीपत्रबाट थाहा पाइन्छ[1] । मल्लकालमा भास्वतीबाट पनि ग्रहण गर्ने चलन थियो भन्ने कुरा ठ्यासफुबाट बुझिन्छ[2] । गोरखाली राजा नरभूपाल शाहकी छोरी पद्मकुमारीको निमित्त भास्वती सारिएको देखिएकोले[3] गोरखामा पनि भास्वतीको पढाइ चलेको थियो भन्ने देखिएको छ ।

लक्ष्मीपति पाँडेले पनि भास्वतीको टीका लेखेका छन् । सो टीकामा ठाउँठाउँमा नेपाली भाषामा पनि अर्थ खुलाइएको छ । यो पुस्तक मैले आफ्ना भाइहरूको लागि तयार पारेको हुँ भनी लक्ष्मीपतिले लेखेका छन् । लक्ष्मीपतिकै हस्ताक्षरमा पाइएको यो टीकाको रचना वि. सं. १८३६ मा भएको हो[4] । यस कारण यो टीका लेख्दा लक्ष्मीपति २१ वर्षका देखिन्छन् । यसो हुनाले उनका

१. वीरपुस्तकालयबाट सम्पादित नेपालराजकीयवीरपुस्तकालयस्थहस्तलिखितपुस्तकानां बृहत् सूचीपत्रम् (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरूको बृहत् सूचीपत्र) को पहिलो भागका १४१–१४३ पृष्ठ

देवीप्रसाद लम्सालद्वारा सम्पादित नेपालराष्ट्रियपुस्तकालयस्थहस्तलिखितपुस्तकानां सूचीपत्रम् (नेपाल राष्ट्रिय पुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरूको सूचीपत्र)को तेस्रो भागका १००–१०६ पृष्ठ

२. पूर्णिमा १२ पूर्णाङ्कमा छापिएको गौतमवज्र वज्राचार्यको अप्रकाशित ठ्यासफु भन्ने निबन्ध । सो अङ्कको २६ पृष्ठ

पूर्णिमा १३ पूर्णाङ्कमा छापिएको गौतमवज्र वज्राचार्यको ठ्यासफुको ऐतिहासिक व्याख्या भन्ने निबन्ध । सो अङ्कको २२ पृष्ठ

डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल (नेपालको मध्यकालको इतिहास)को दोस्रो भागको ७९० पृष्ठ

मेडिईभल् नेपालको तेस्रो भागको दोस्रो खण्डका १०५–१०६ पृष्ठ

३. पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तद्वारा सम्पादित श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ६५५ पृष्ठ

४. यही अङ्कमा छापिने लक्ष्मीपति पाँडेले नेपाली भाषामा गरेको भास्वतीको अनुवाद भन्ने हाम्रो निबन्ध ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भास्वतीबाट गनेको ग्रहण आकाशको घटनासँग ठ्याक्कै मिल्छ भन्ने प्रसिद्धि थियो[४] । आजसम्म पनि नेपालका पाखापर्वतमा भास्वतीको पठनपाठन चली नै रहेको कुरालाई भास्वतीको प्रचार भएको कुराको प्रमाणको रूपमा औंल्याउन सकिन्छ । यसैले विभिन्न समयमा भास्वतीउपर विभिन्न टीकाको रचना भयो ।

भारतीय विद्याका विख्यात अन्वेषक हेन्रि थोमस कोल्ब्रुकले वि. सं. १८७३ मा भास्वतीको

भाइहरूको उमेर यस वेला २१ वर्षभन्दा पनि कम थियो भन्ने स्पष्ट छ। यस कारण ज्यौतिषको प्रारम्भिक पुस्तकको रूपमा त्यस ताका भास्वतीको पढाइ हुन्थ्यो भन्ने कुरा बुझिन्छ।

वि. सं. १९४० तिर गोपाल पाँडेले लीलावतीको आधारमा व्यक्तचन्द्रिका लेखी प्रकाश नगराएसम्म[५] नेपालमा गणितको प्राथमिक पुस्तकको रूपमा भास्वतीको पढाइ हुन्थ्यो; भास्वती पढिसकेपछि मात्र माथिल्ला कक्षाका विद्यार्थीहरू लीलावती पढ्थे भन्ने कुरा बूढापाकाहरू अझ गर्दछन् ।

४. ग्रहणे भास्वती धन्या

(सुधाकर द्विवेदीको गणकतरङ्गिणीको दोस्रो संस्करणको ३३ पृष्ठमा छापिएको परम्परादेखि चलिआएको सूक्ति)

[ग्रहणमा भास्वती धन्य छ।]

सम्वत् ७९६ आषाढशुक्ल ।। पूर्णमी, बृहस्पतिवार, थ्व कुह्नु चंद्रग्रास दव ।। थ्व ग्रासस सिद्धान्तराहुन खु अंगुलि जोङ धक व्यक्त याङ धाव, खण्डखाद्यराहुस वा अंगुली जोन, भासुतीराहुन अंगुलि च्छि १ जोन धक. उग्रमालन व्यक्त याङ धायाथें देवस्के अंगुल १ प्रत्यक्षन केङ जुरो, थ्वगुलिसं खप्वयापनि हार जुव ।।

(ठ्यासफुबाट । पूर्णिमा १२ पूर्णाङ्कको २६ पृष्ठबाट)

[ने. सं. ७९६ (वि. सं. १७३३) आषाढशुक्लपूर्णिमा (आषाढ १७ गते) बृहस्पतिवार यस दिन चन्द्रग्रहण थियो । यो ग्रहणको बारेमा सिद्धान्तराहुअनुसार ६ अङ्गुल ग्रहण लाग्छ भनी स्पष्ट बताइएको थियो, खण्डखाद्यराहुअनुसार आधा अङ्गुल ग्रहण लाग्ने देखियो। भास्वतीराहुअनुसार १ अङ्गुल ग्रहण लाग्छ भनी उग्रमालले भने । उनले बताए जस्तै १ अङगुल ग्रहण लागेको प्रत्यक्ष देखियो । यसमा पनि भक्तपुरेहरूको हार भयो ।]

(पूर्णिमा १३ पूर्णाङ्कको २२ पृष्ठबाट)

---

५. पूर्णिमा ८ पूर्णाङ्कमा छापिएको पिताजी नयराज पन्तको पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति भन्ने निबन्ध । सो अङ्कको ६१ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयमा लेख्दा यसको एक टीकाको पनि चर्चा गरेका छन्–

···द स्कोलियास्ट् बलभद्र,···

पादटिप्पणीमा–

हिज् कम्एन्ट्अर्इ इज् डेट्इड् इन् १४६५ अफ् विक्रमादित्य; मोर् द्यान् ४०० यर्ज् अगो।

(हेन्रि थोमस कोल्ब्रुकको मिस्अलेनिअस् एस्एज् (छ्यासमिसे निबन्ध)को दोस्रो भागको ३९० पृष्ठबाट)

[भास्वतीउपर बलभद्रले अहिलेभन्दा ४०० वर्षभन्दा पनि अघि वि. सं. १४६५ मा लेखेको टीका]

भारतमा रहेका संस्कृत पुस्तकहरूका ३७ र यूरोपमा रहेका संस्कृत पुस्तकहरूका १९ गरी जम्मा ५६ वटा सूचीपत्रका आधारमा थियोडोर आफ्रेचले तयार गरेको संस्कृत पुस्तकहरूको महत्तम सूचीपत्रको प्रथम भाग वि. सं. १९४७ मा प्रकाशित भएको थियो[५]। त्यहाँ उनले भास्वतीका समय निश्चित भएका टीकाहरूको विषयमा यस्तो लेखेका छन्–

अनिरुद्ध फादर् अफ् हीर, सन् अफ् भावदास, ग्रचान्ड्सन् अफ् महाशर्मन् रोट् इन् १४९६ : शिशुबोधिनी भास्वतीकरणटीका।

(क्याट्लगस् क्याट्लगर्अम् यान् अल्फाबेट्इकल् रजिस्टर् अफ् संस्कृत वर्क्स् यान्ड् अथ्अर्ज् (संस्कृत ग्रन्थ र तिनका रचयिताको वर्णक्रमानुसारी महत्तम सूचीपत्र)को पहिलो भागको १६ पृष्ठबाट)

[महाशर्माका नाति, भावदासका छोरा, हीरका बाबु अनिरुद्धले ई. सं. १४९६ (वि. सं. १५५३) मा भास्वतीकरणको शिशुबोधिनी नाउँको टीका बनाए।]

बलभद्र सन् अफ् वसन्त, ग्रचान्ड्सन् अफ् विमलाकर, रोट् याट् उमानगर इन् १५४४ : बालबोधिनी भास्वतीटीका।

(सोही ३६७ पृष्ठबाट)

[विमलाकरका नाति, वसन्तका छोरा बलभद्रले ई.सं. १५४४ (वि.सं.१६०१)मा उमानगरमा भास्वतीको टीका बालबोधिनी बनाए।]

कम्एन्ट्अर्इ बाइ गङ्गाधर रिटन् इन् १६८६...

कम्एन्ट्अर्इ बाइ माधव रिटन् इन् १५२६

(सोही ४१२ पृष्ठबाट)

[गङ्गाधरले ई. सं. १६८६ (वि. सं १७४३)मा बनाएको टीका

माधवले ई. सं. १५२६ (वि. सं. १५८३)मा बनाएको टीका]

माधव ज्योतिर्विद् सन् अफ् गोविन्द ज्योतिर्विदः···

ज्योत्स्ना श्रुतबोधटीका कम्पोज्ड् इन् १६४०

---

५. भारतीय ज्योतिःशास्त्रको २४४ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भास्वतीविवरण

(सोही ४४९ पृष्ठबाट)

[गोविन्द ज्योतिर्विद्का छोरा माधव ज्योतिर्विद्ले बनाएका ग्रन्थ– ई. सं. १६४० (वि. सं. १६९७) मा बनाएको श्रुतबोधको टीका ज्योत्स्ना भास्वतीविवरण]

यताबाट भास्वतीको पाइएसम्ममा सबभन्दा पुरानो संस्कृत टीका शिशुबोधिनी हो; वि. सं. १५५३ मा बनेको यो टीकाका रचयिता अनिरुद्ध हुन्; त्यसपछिको सबभन्दा पुरानो दोस्रो टीका माधवले वि. सं. १५८३ मा बनाएको टीका हो ; त्यसपछिको तेस्रो टीकाचाहिँ बलभद्रले वि. सं. १६०१ मा बनाएको बालबोधिनी हो भन्ने देखिएको छ ।

अर्को शब्दमा भन्ने हो भने वि. सं. १४६५ मा बनेको भनी कोलब्रुकले मानेको बालबोधिनीलाई वि. सं. १६०१ मा बनेको भनी आफ्रेचले मानेको देखिन्छ ।

शङ्कर बालकृष्ण दीक्षितले वि. सं. १९५३ मा भारतीय ज्यौतिषशास्त्रको पाण्डित्यपूर्ण इतिहास लेखी प्रकाश गराएका थिए । यो ग्रन्थ प्रकाश भएको अहिले ८० वर्ष पुग्न आँटचो तापनि भारतीय ज्यौतिषको इतिहासको यो जति प्रामाणिक ग्रन्थ अझ तयार हुन सकेको छैन । सो ग्रन्थमा भास्वतीका समय निश्चित भएका टीकाका बारेमा यस्तो लेखिएको छ–

भास्वतीवर काशी एथें राहणान्या अनिरुद्धाची टीका शके १४१७ चीं आहे; व तीवरून दिसतें कीं, तीवर ह्या टीकेपूर्वीं दुसऱ्या टीका झालेल्या होत्या. माधवाची टीका शके १४४२ च्या सुमाराची आहे. तो कनोज (कान्यकुब्ज) चा राहणारा होता. गंगाधरकृत टीका शके १६०७ ची आहे. दुसरी एक टीका शके १५७७ च्या सुमाराची आहे. बलभद्राची टीका शके १३३० ची आहे असें कोलब्रुक म्हणतो. तिचें नांव बालबोधिनी आहे, असें आफ्रेचसूचीवरून दिसतें.

(भारतीय ज्योतिःशास्त्रको २४४ पृष्ठबाट)

[भास्वतीउपर काशीमा बस्ने अनिरुद्धको शकसंवत् १४१७ (वि. सं. १५५२)को टीका छ । यो टीका बन्नुभन्दा पहिले यसका अरू अरू टीका बनिसकेका थिए भन्ने कुरा यो टीका हेर्दा थाहा पाइन्छ । माधवको टीका शकसंवत् १४४२ (वि. सं. १५७७) तिरको हो । यिनी कन्नौज (कान्यकुब्ज)का हुन् । गङ्गाधरकृत टीका शकसंवत् १६०७ (वि. सं. १७४२) को हो । अर्को एउटा टीका शकसंवत् १५७७ (वि. सं. १७१२) तिरको छ । कोलब्रुकको मनाइबमोजिम बलभद्रको टीका शकसंवत् १३३० (वि. सं. १४६५) को हो । आफ्रेचसूचीबाट यसको नाउँ बालबोधिनी हो भन्ने थाहा पाइन्छ ।]

(शिवनाथ झारखण्डीले यस पुस्तकको हिन्दीमा गरेको अनुवाद भारतीय ज्योतिष भन्ने नाउँले प्रकाश भएको छ । यो उल्था गर्दा सो हिन्दी अनुवादबाट मदत लिइएको छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बलभद्रले बनाएको भास्वतीको टीकाको रचनासमय कोल्ब्रुकको भनाइबमोजिम वि. सं. १४६५ हो; आफ्रेचसूचीअनुसार सो टीकाको नाउँ बालबोधिनी हो भन्ने दीक्षितको भाव देखिन्छ। बालबोधिनी टीका वि. सं. १६०१ मा बनाइएको हो भनी आफ्रेचले लेखेको कुराको माथि उद्धरण गरिसकिएकं छ। तर दीक्षितले यहाँ आफ्रेचको भनाइको उल्लेख नगरेकाले उनको मनले आफ्रेचको कुरा नखाएको देखिन्छ। कोल्ब्रुकको मतको पनि दीक्षितले पूरापूर अनुसरण गर्न नसकी यस विषयमा कोल्ब्रुक यसो भन्छन् भनी उनले लेखेकाले बालबोधिनी टीकाको रचनासमय खुट्‌ट्याउन दीक्षितले सकेनन् भन्ने स्पष्ट हुन्छ।

यसरी भारतीय विद्याका प्रख्यात अन्वेषक हेन्रि थोमस कोल्ब्रुक र संस्कृत पुस्तकका महत्तम सूचीपत्रका रचयिता थियोडॅार आफ्रेचको यस विषयमा विचार बाझेकोले तथा भारतीय ज्योतिषका श्रेष्ठतम इतिहासकार शङ्कर बालकृष्ण दीक्षितको चाहिँ यस विषयमा स्पष्ट विचार नदेखिएकोले यस विषयमा शङ्का उठेको छ। यस कारण बलभद्रले लेखेको बालबोधिनी टीकाको समयको निर्णय गर्नुपरेको छ।

बालबोधिनी टीकाको उठानमा यस्तो लेखिएको छ[६]–

---

६. हामीले बालबोधिनी टीकाका जम्मा ९ प्रति देखेका छौं। ती ९ प्रतिको सामान्य परिचय यस प्रकारको छ–

१ सङ्ख्या– वीरपुस्तकालयको चौथो ३३५ सङ्ख्यामा रहेको नेवारी लिपिमा लेखिएको प्रति। यो प्रति खण्डित छ। यस प्रतिको अन्त्यमा यस्तो लेखिएको छ–

सम्वत् ८५४ मार्ग्गशिलवदि १ सोमवार कुन्हु, गालितिया दैवज्ञ चुकुनन थ्व संफुलि थवता घोय धुनका ॥

(यो वाक्य अन्त छापिएको छैन।)

[ने. सं. ८५४ (वि. सं. १७९०) मार्गकृष्णप्रतिपदा सोमवारको दिन गालितिका ज्योतिषी चुकुनले यो पुस्तक आपनो लागि सारी सिद्धयाएको।]

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ८५४ (वि. सं. १७९०) मार्गकृष्ण (पूर्णान्तिमानले पौषकृष्ण)

	गते	वार	तिथि	घडी पला
पूस	१०	सोम	प्रतिपद्	५० । ५२

(पात्रोबाट झिकिएकाबाहेक यो र यो लेखमा परेका अरू सबै गणना श्रीदेवीप्रसाद भण्डारीले गरिदिनुभएको हो।)

२ सङ्ख्या– वी. पु. को पहिलो ४०१ सङ्ख्यामा रहेको नेवारी लिपिमा लेखिएको प्रति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो प्रति खण्डित छ। वी. पु. को बृहत् सूचीपत्रको पहिलो भागको १४३ पृष्ठमा यो प्रतिको उल्लेख छ।

३ सङ्ख्या– लक्ष्मीपतिसङ्ग्रहमा रहेको देवनागरीमा लेखिएको प्रति। यो प्रति खण्डित छ।

४ सङ्ख्या– राष्ट्रिय पुस्तकालय २८१४ सङ्ख्यामा रहेको देवनागरीमा लेखिएको प्रति। यो प्रतिको अन्त्यमा यस्तो लेखिएको छ–

संवत् १८९९ पौषवदि ५। लिखितं श्रीविजयानंदजंनेन ।।

(रा. पु. को सूचीपत्रको तेस्रो भागको १०३ पृष्ठमा यो वाक्य छापिएको छ। हामीले मूलसँग रुजु गरी यहाँ यो वाक्य दिएका हौं।)

[वि. सं. १८९९ पौषकृष्णपञ्चमीको दिन विजयानन्द बाँडाले सारेको।]

५ सङ्ख्या– वी. पु. को तेस्रो ३४३ सङ्ख्यामा रहेको देवनागरीमा लेखिएको प्रति। यो प्रतिको अन्त्यमा यस्तो लेखिएको छ–

दैवज्ञकाशिनाथः ।। स्वस्ति श्रीसम्वत् ९६३ भाद्रवदि २ रोज १ थ्व थुन्हुया दिनस सिद्ध याङा जुलो ।।

(वी. पु. को बृहत् सूचीपत्रको पहिलो भागको १४२ पृष्ठमा यो वाक्य छापिएको छ। हामीले मूलसँग रुजु गरी यहाँ यो वाक्य दिएका हौं। यो प्रतिको चर्चा हरप्रसाद शास्त्रीको अ क्याट्लग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्ट्इड् पेपर् म्यानुस्क्रिप्ट्स् बिलङ्इङ् ट द दर्बार् लाइब्ररि, नेपाल (नेपाल वीरपुस्तकालयमा रहेका ताडपत्र र कागतमा लेखिएका पुस्तकहरूको सूची)को दोस्रो भागका २२३–२२४ पृष्ठमा पनि छ।)

[ने. सं. ९६३ (वि. सं. १९००) भाद्रकृष्णद्वितीया आदित्यवारका दिन ज्योतिषी काशीनाथले सारी सिद्ध्याए।]

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ९६३ (वि. सं. १९००) भाद्रकृष्ण (पूर्णान्तिमानले आश्विनकृष्ण)

	गते	वार	तिथि	घडी पला
भदौ	२७	आदित्य	द्वितीया	५२।१०

(पात्रोबाट)

६ सङ्ख्या– वी. पु. को चौथो १०४८ सङ्ख्यामा रहेको देवनागरीमा लेखिएको प्रति। यो प्रतिको अन्त्यमा यस्तो लेखिएको छ–

स्वस्ति श्रीशाके १७७६ श्रीसंवत् १९११ साल मिति वैशाखवदि ७ रोज २ तद्दिने लिखनाज्जीवनाथशर्मणा इयं भास्वतीटीका समाप्ता कृता ।। ।।

(यो वाक्य अन्त छापिएको छैन।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[शकसंवत् १७७६ वि. सं. १९११ वैशाखकृष्णसप्तमी सोमवारको दिन यो भास्वतीटीका जीवनाथ शर्माले सारी सिद्ध्याए।]

यस दिनको गणना यस प्रकारको छ–

शकसंवत् १७७६ वि. सं. १९११ वैशाखकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
वैशाख	९	बुध	सप्तमी	३८।५१

(पात्रोबाट)

शकसंवत् १७७६ वि. सं. १९११ वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण)

	गते	वार	तिथि	घडी पला
जेठ	७	बृहस्पति	षष्ठी	५।८

(पात्रोबाट)

यहाँ पूर्णान्तमान, अमान्तमान दुवैबाट गणना मिल्दैन।

७ सङ्ख्या– वी. पु. को चौथो १४०२ सङ्ख्यामा रहेको देवनागरीमा लेखिएको प्रति। यो प्रतिको अन्त्यमा यस्तो लेखिएको छ–

श्रीशाके १७८४ श्रीसंवत् १९१९ माघशुदि ७ रोज २ दिनगते २२ तद्दिन लिखितमिदं गुरुभक्तद्विजेन.

(यो वाक्य अन्त छापिएको छैन।)

[शकसंवत् १७८४ वि. सं. १९१९ माघशुक्लसप्तमी सोमवार २२ गतेको दिन ब्राह्मण गुरुभक्तले सारी सिद्ध्याएको।]

यस दिनको गणना यस प्रकारको छ–

शकसंवत् १७८४ वि. सं. १९१९ माघशुक्ल

	गते	वार	तिथि	घडी पला
माघ	१५	सोम	सप्तमी	१६।५९

माघशुक्लसप्तमी सोमवारको दिन माघ १५ गते पर्छ, २२ गते पर्दैन।

८ सङ्ख्या– वी. पु. को पहिलो १२१३ सङ्ख्यामा रहेको देवनागरीमा लेखिएको प्रति। यो प्रति खण्डित छ। वी. पु. को बृहत् सूचीपत्रको पहिलो भागको १४१ पृष्ठमा यो प्रतिको उल्लेख छ।

९ सङ्ख्या– रा. पु. ७०६५ सङ्ख्यामा रहेको देवनागरीमा लेखिएको प्रति। यो प्रति खण्डित छ। रा. पु. को सूचीपत्रको तेस्रो भागको १०४ पृष्ठमा यो प्रतिको उल्लेख छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीगणेशाय नमः ॥ ॥

आदिमध्यान्तशून्याय त्रिधा विग्रहधारिणे ।
ग्रहर्क्षादिस्वरूपाय नित्याय हरये नमः ॥१॥
आसीद् द्विजन्मा विमलाकराख्यः ख्यातः सुशीलो द्विजदेवभक्तः ।
तस्यात्मजः श्रीहरिपादभक्तो नित्यं हराराधनसक्तचित्तः ॥२॥
त्रिस्कन्धज्ञः श्रीमान् दैवज्ञः श्रीवसन्त इतिनामा ।
शास्त्रार्थवेत्ता गुणवान् द्विजगुरुपादार्चने सदा निरतः ॥३॥
बलभद्रस्तस्य सुतो हरिगुरुचरणारविन्दकृतसेवः ।
कुरुते गुणोपयुक्तां संक्षिप्तां भास्वतीटीकाम् ॥४॥

(रा. पु. को सूचीपत्रको तेस्रो भागको १०२ पृष्ठमा यो अंश छापिएको छ । हरप्रसाद शास्त्रीको सूचीको दोस्रो भागको २२४ पृष्ठमा ३ श्लोकसम्म छापिएको छ । हामीले धेरै प्रतिसँग भिडाई पाठ दिएका छौं ।)

[श्रीगणेशलाई नमस्कार ।

अनादि अमध्य अनन्त, तीन रूप लिने, ग्रहनक्षत्रस्वरूप भएका, सनातन विष्णुलाई नमस्कार ।

राम्रो शीलस्वभाव भएका, ब्राह्मण र देवताका भक्त, नाउँ चलेका विमलाकरनाउँका ब्राह्मण हुनुभयो । उहाँका छोरा विष्णुका भक्त, शिवजीको आराधनामा सधैं मन लगाउने, तीनै स्कन्ध जान्ने ज्योतिषी, शास्त्रको अर्थ बुझ्ने, गुणी, ब्राह्मण र गुरुको सधैं सेवा गर्ने वसन्त हुनुभयो । उहाँका छोरा विष्णु र गुरुको सेवा गर्ने बलभद्र भास्वतीको राम्रो संक्षिप्त टीका बनाउँछन् ।]

बालबोधिनी टीकाको अन्त्यमा यस्तो लेखिएको छ–

शररसमनु१४६५मितशाके चैत्रे शुक्लेतरद्वितीयायाम् ।
गुरुवारे सम्पूर्णा कृतवती बलभद्रेण सट्टीका ॥१॥
शररसशक्र१४६५समेते शाके यः सोच्चकुलजन्मा ।
वसुयुगवर्षेण मया रचिता बालबोधिनी विमला ॥२॥

श्रीविक्रमादित्यशाके १४६५ चैत्रमासस्य कृष्णद्वितीयायां तिथौ जीववारे श्रीमहाराजाधिराज-श्रीमानसाहिभुज्यमानराज्ये श्रीमति जुमिलादेशे उत्तमसंज्ञके नगरे श्रीमत्सकलविद्याविशारदकौशिकान्वयजन्मा दैवज्ञशिरोमणिश्रीमद्वसन्तदैवज्ञस्तस्यात्मजो बलभद्रनामा ज्योतिर्विद् बालबोधिनीमिमां भास्वतीटीकां कृतवान् ।

इति श्रीवसन्तात्मजबलभद्रदैवज्ञविरचितायां भास्वतीटीकायां हर्षकराभिधानायां परिलेखाधिकारोऽष्टमः समाप्तः ॥

(रा. पु. को सूचीपत्रको तेस्रो भागको १०३ पृष्ठमा पहिलो श्लोक र गद्यवाक्यको केही

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भाग छापिएको छ। तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा सम्पादित गोरखाको ऐतिहासिक सामग्रीको ३३ पृष्ठमा पहिलो गद्यवाक्य छापिएको छ। दोस्रो श्लोकचाहिँ अन्त छापिएको छैन। वी. पु. र रा. पु. मा रहेका प्रतिसँग भिडाई यहाँ पाठ दिइएको छ।)

[शाके १४६५ चैत्रकृष्णद्वितीया बिहिवारको दिन बलभद्रले असल टीका पूरा गरे।

ठूलो कुलमा जन्मेको मैले ४८ वर्षको उमेरमा शाके १४६५ मा राम्रो बालबोधिनी बनाएँ।

सर्व विद्या जान्ने, कौशिक गोत्रमा जन्मेका, दैवज्ञशिरोमणि ज्योतिषी श्रीवसन्त, उहाँका छोरा ज्योतिषी बलभद्रले श्रीमहाराजाधिराज श्रीमान साहिको पालामा जुम्ला देशमा उत्तम नाउँ भएको सहरमा श्रीविक्रमादित्यशाके १४६५ चैत्रकृष्ण द्वितीया बिहिवारको दिन भास्वतीको बालबोधिनी नाउँ भएको यो टीका बनाए।

श्रीवसन्तका छोरा ज्योतिषी बलभद्रले बनाएको भास्वतीको हर्षंकर नाउँ भएको टीकामा परिलेखाधिकारनाउँको आठौं अधिकार सिद्धियो।]

बालबोधिनी टीकामा पद्यमा शाके १४६५ तथा गद्यमा विक्रमादित्यशाके १४६५ लेखिएकोले कसैले यहाँको संवत्लाई विक्रमसंवत् र कसैले शकसंवत् मानेका रहेछन्। अब यो संवत् शकसंवत् हो कि विक्रमसंवत् हो भन्ने कुराको निर्णय गर्नुपरेको छ।

कुनै पनि तिथिमिति कति प्रामाणिक छ भनी जाँच्नको लागि त्यो तिथिमितिको गणना गर्नु आवश्यक हुन्छ। अब यो तिथिमितिको गणना गरी यो संवत् विक्रम वा शक के हो भन्ने निर्णय गर्नुपरेको छ।

पहिले यो संवत्लाई विक्रमसंवत् मानी गणना गरिन्छ–

वि. सं. १४६५ चैत्रकृष्ण (पूर्णान्तिमानले वैशाखकृष्ण)

	गते	वार	तिथि	घडी पला
वि. सं. १४६४ चैत	१९	बुध	द्वितीया	९ । ४६

वि. सं. १४६५ चैत्रकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला
चैत	८	आदित्य	द्वितीया	४३ । २०

विक्रमसंवत् मानी गणना गर्दा अमान्त पूर्णान्त दुवै मानबाट मिल्न नआएकोले अब यो संवत्लाई शकसंवत् मानी गणना गरिन्छ–

शकसंवत् १४६५ (वि. सं. १६००) चैत्रकृष्ण (पूर्णान्तिमानले वैशाखकृष्ण)

	गते	वार	तिथि	घडी पला
वि. सं. १५९९ चैत	२५	बृहस्पति	द्वितीया	४१ । ३१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शकसंवत् १४६५ (वि. सं. १६००) चैत्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
चैत	१५	मङ्गल	द्वितीया	२० । ५४

शकसंवत् मानी गणना गर्दा अमान्तमानले मिल्न आएकोले बालबोधिनी टीका शकसंवत् १४६५ (वि. सं. १५९९) मा लेखिएको देखिन्छ[७] ।

आफूले बनाएका ग्रन्थमा उदाहरण दिनुपर्दा ज्योतिषीहरूले आफ्नो समयकै उदाहरण दिने गरेको देखिन्छ ।

सिद्धान्ततत्त्वविवेकका रचयिता प्रसिद्ध भारतीय ज्योतिषी कमलाकरका कान्छा बाजे[८] विश्वनाथले लेखेको ताजिकनीलकण्ठीको टीका पाइन्छ । यो टीका वि. सं. १६८६ मा बनेको हो भनी त्यहाँ लेखिएको छ[९] । यताबाट विश्वनाथको समय थाहा पाइन्छ । यिनै विश्वनाथले ग्रहलाघवको टीका लेखेका छन् । त्यहाँ उनले वि. सं. १६६९ को उदाहरण दिएका छन्—

श्रीमन्नृपविक्रमादित्यराज्यात् गतसंवत्सरेषु १६६९ तथा शालिवाहननृपशकवत्सरेषु १५३४ वैशाखशुक्लपूर्णिमासोमे. . . . अहर्गणः साध्यते ।

(मल्लारि, विश्वनाथ, सुधाकर द्विवेदीको टीका भएको ग्रहलाघवको दोस्रो संस्करणको ११ पृष्ठबाट)

[वि. सं. १६६९ शकसंवत् १५३४ वैशाखशुक्लपूर्णिमा सोमवारको अहर्गण ल्याइन्छ ।]

---

७. शकसंवत् १४६५ हुँदा विक्रमसंवत् १६०० हुन्छ । चैत्रशुक्लप्रतिपदा (संवत्सरपरेबा)-देखि शकसंवत्को प्रारम्भ र वैशाखसङ्क्रान्ति (वैशाख १ गते) देखि विक्रमसंवत्को प्रारम्भ मानिएकोले यहाँ वैशाखकृष्णद्वितीया (अमान्तमानले चैत्रकृष्णद्वितीया) संवत्सरपरेबाभन्दा पछि र सो वर्षको वैशाखसङ्क्रान्तिभन्दा अगाडि परेकोले वि. सं. १५९९ चैत २५ गते लेखिएको हो । यस्तो परेकोमा अन्यत्र पनि यस्तै गरिएको छ ।

८. भारतीय ज्योतिःशास्त्रका २७९–२८० पृष्ठ

९. चन्द्रबाणशरचन्द्र १५५१ संमिते हायने नृपतिशालिवाहने ।
मार्गशीर्षसितपञ्चमीतिथौ विश्वनाथविदुषा समापितम् ।।
(यो श्लोक भारतीय ज्योतिःशास्त्रको २८१ पृष्ठमा छापिएको छ ।)

[शकसंवत् १५५१ (वि. सं. १६८६) मार्गशुक्लपञ्चमीको दिन विद्वान् विश्वनाथले रचना गरी सिद्ध्याए ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मीपति पाँडेका छोरा लीलानाथ पाँडे (वि. सं. १८४३[१०]–१८८९[११])ले लेखेको भास्वतीको टीकाका ३ पत्र उनकै हस्ताक्षरमा पाइएका छन्[१२]। त्यहाँ उनले वि. सं. १८७३ को उदाहरण दिएका छन्–

शाकः १७३८ शशिपक्षखैकं १०२१ विहीनोब्दपिंडो जातः ७१७ स ७१७ स्वरशून्यदिग्–१००७ घ्नः ७२२०१९ तानाग्नि ३४९ युक्तः ७२२३६८ अष्टशतं८००विभक्ते लब्धं ९०२ नगैः शेषिते शेषं ६ अङ्गः ६ युक्तं ५ सूर्यादिगणनया पंचमवृहस्पतिवारः स एवास्मिन्नब्दे पालको जातः ॥

(यी पत्र लक्ष्मीपतिसङ्ग्रहमा छन् ।)

[शाके १७३८ मा १०२१ घटाउँदा आएको शेष ७१७ वर्षगण भयो । त्यस वर्षगण ७१७ लाई १००७ ले गुन्दा ७२२०१९ भयो । ७२२०१९ मा ३४९ जोड्दा ७२२३६८ भयो । ७२२३६८ लाई ८०० ले भाग लिंदा ९०२ भयो । ९०२ लाई ७ ले तष्ट गर्दा शेष ६ भयो । ६ मा ६ जोडी ७ ले तष्ट गर्दा ५ भयो । आदित्यवारदेखि गणना गर्दा पाँचौं बृहस्पतिवार आयो । त्यही यो वर्षको अधिपति भयो ।]

यस कारण बलभद्रले कुन सालको उदाहरण दिएका छन् भनी हेर्नुपरेको छ ।

बालबोधिनी टीकामा उदाहरण यसरी दिइएको छ–

शाकः १४५५ शशिपक्षखैकं १०२१ रेभिरङ्कैर्विशोध्य जातं ४३४ एतदब्दपिण्डं स्वरशून्यदिग्भिः १००७ संगुण्य जातं ४३७०३८ स्तानाग्निभि ३४९ युक्तं ४३७३८७ अष्टशतै ८०० विभज्याप्तं ५४६ अस्य सप्तभिर्विभज्य शेषं ० अङ्ग ६ युक्तं जातं ६ सूर्यादिषष्ठः शुक्रवासरो लब्धः ।

[शाके १४५५ मा १०२१ घटाउँदा आएको शेष ४३४ वर्षगण भयो । यो वर्षगण ४३४ लाई १००७ ले गुन्दा ४३७०३८ भयो । ४३७०३८ मा ३४९ जोड्दा ४३७३८७ भयो । ४३७३८७ लाई ८०० ले भाग लिंदा ५४६ भयो । ५४६ लाई ७ ले तष्ट गर्दा शेष ० भयो । ० मा ६ जोड्दा ६ भयो । आइतवारदेखि गणना गर्दा छैटौं शुक्रवार आयो ।]

---

१०. पूर्णिमा १४ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको राजज्योतिषी लीलानाथ पाँडे भन्ने निबन्ध । सो अङ्कका १५६–१५८ पृष्ठ

११. पूर्णिमा १६ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको राजज्योतिषी लीलानाथ पाँडे भन्ने निबन्ध । सो अङ्कको ४१४ पृष्ठ

१२. सो टीकाको पहिलो श्लोक यस्तो छ–

दिवाकरं नमस्कृत्य लीलानाथाख्यसूरिणा ॥
भास्वतीकरणव्याख्यां(ख्या) कृ(क्रि)यतेति मनोरमाम्(रमा) ॥ ॥

[सूर्यलाई नमस्कार गरेर लीलानाथनाउँका विद्वान् भास्वतीकरणको राम्रो व्याख्या बनाउँछन् ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यताबाट बलभद्रले शकसंवत् १४५५ (वि. सं. १५९०) को उदाहरण दिएको देखियो। यस कारण वि. सं. १४६५ का बलभद्रले आफूले टीका लेखेको समयभन्दा १२५ वर्षपछिको उदाहरण दिनु सम्भव देखिंदैन। त्यही संवत्लाई शक मान्दाचाहिँ वि. सं. १५९९ हुने हुनाले आफूले टीका लेखेको समयभन्दा ९ वर्षअघिको उदाहरण दिएको देखिन्छ। यो सम्भव कुरा हो। यस कारण यताबाट पनि बालबोधिनी टीकाको रचना शकसंवत् १४६५ (वि. सं. १५९९) मा भएको हो भन्ने कुराको पुष्टि भएको छ।

बालबोधिनी टीकाको रचनासमय दिँदा बलभद्रले आफ्नो मुलुकको र आफ्ना राजाको नाउँ पनि दिएका छन्। त्यहाँ उनले श्रीमहाराजाधिराजश्रीमानसाहिभुज्यमानराज्ये श्रीमति जुमिलादेशे भनी लेखेकाले यो ग्रन्थको रचना जुम्लामा मान साहिको पालामा भएको देखिन्छ। यस कारण यस विषयमा खोजी गर्नुपरेको छ।

जुम्लाका वंशावलीहरूमा मान साहिनाउँका राजाको उल्लेख पाइन्छ[१३]।

राजा प्रताप साहि, मान साहि, सङ्ग्राम साहिले संयुक्त रूपमा राखेको वि. सं. १६२५ को अभिलेख छापिएको छ–

…श्रीसाके १४९० मासे ११ तीथौ ९ वासरे २[१४]… राजाधिराज प्रताप साहि तथा मान

---

१३. इतिहास–प्रकाशको १ अङ्कमा छापिएको, योगी नरहरिनाथद्वारा सम्पादित श्रीकल्याल-साहीको वंशावलि। सो अङ्कको १०६ पृष्ठ

इतिहास–प्रकाशको १ अङ्कमा छापिएको, सुन्दरप्रसाद साह र शङ्करमानसिंह बस्न्यातद्वारा सम्पादित जुमलानरेशवंशावली। सो अङ्कको ११३ पृष्ठ

जिशेप टुचीको प्रिलिमिनरि रिपर्ट् अन् टू साइन्टिफिक् एक्स्पिडिशनज् इन् नेपाल (नेपालमा दुइ पटक विधिपूर्वक गरिएका अनुसन्धानात्मक भ्रमणबारेको उठानको बयान) को १२२ पृष्ठ

सत्यमोहन जोशीको कर्णाली लोक संस्कृतिको पहिलो खण्डको १२३ पृष्ठ

१४. यस दिनको गणना यस प्रकारको छ–

शाके १४९० (वि. सं. १६२५) पौषशुक्ल

	गते	वार	तिथि	घडी पला
पूस	२८	आदित्य	अष्टमी	५७।५०
पूस	२९	सोम	नवमी	६०।०
माघ	१	मङ्गल	नवमी	२।४९

ताम्रपत्रमा श्रीसाके १४९० मासे ११ तीथौ ९ वासरे २ लेखिएको छ। यस वर्ष वैशाखमा अधिमास परेको थियो। यस कारण (१) चैत्र, (२) अधिक वैशाख, (३) वैशाख, (४) ज्येष्ठ, (५) आषाढ, (६) श्रावण, (७) भाद्र, (८) आश्विन, (९) कार्तिक, (१०) मार्ग, (११) पौष हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साहि संग्राम साहिकी मया मैछ...

(दुल्लु ज्वालादेवीमा रहेको ताम्रपत्रबाट । यो ताम्रपत्र योगी नरहरिनाथद्वारा सम्पादित इतिहास–प्रकाशको २ अङ्क १ भागका १२३–१२४ पृष्ठमा छापिएको छ ।)

बलभद्रले उल्लेख गरेका मान साहि यिनै हुन् जस्ता देखिन्छन् ।

जुम्ली वंशावलीहरूमा मान साहि नाउँका राजाको पनि उल्लेख पाइन्छ[१५] । यी मान साहिका वि. सं. १५८६ देखि १६४२ सम्मका अभिलेख भेट्टिन्छन्–

···श्रीसाके १४५१ मासे आश्वीषः । वदि १२ तिथौ १३ वासरे ६ नक्षत्रे १५[१६] श्रीश्रीश्री-श्रीश्रीमानराई (मानसाई) (शा)को आग्या....

(इतिहास–प्रकाशको २ अङ्क १ भागको १२२ पृष्ठमा छापिएको पत्रबाट)

···श्रिशाके १४८५ ज्येष्टमासे दिनगता २१ भौमवांशरे[१७] छिनाशिमश्थाने ।। मांनसाइकि मया मैइछ....

(इतिहास–प्रकाशको २ अङ्क १ भागको १२३ पृष्ठमा प्रकाशित पत्रबाट)

···श्रिसाके १४९७ तिपुरकोटरजस्थाने आखारमांशे सोमवासरे माहाराजा चिन्यराज्य भानसाइकि मया मंइछ. . . .

(इतिहास–प्रकाशको २ अङ्क १ भागको १२३ पृष्ठमा छापिएको पत्रबाट)

···श्रीसाके १५०७ तिपुरिकोट्रजथानेः मागमासे दिनगता ५ सोमवासरे स्वातींनछत्रे क्रिस्नपछे पचम्यां तिथौ[१८] माहाराजा मानसाइकि मया मैछ. . . .

(इतिहास–प्रकाशको २ अङ्क १ भागको १२५ पृष्ठमा छापिएको ताम्रपत्रबाट)

यस हिसाबले मासे ११ भनी पौष महीनालाई सङ्केत गरेको देखिन्छ । शुक्लादि महीनाको हिसावले शुक्लप्रतिप्रद् १, शुक्लद्वितीया २ इत्यादि क्रमले तिथि दिइने हुनाले तीथौ ९ भनी शुक्लनवमीलाई सङ्केत गरेको बुझिन्छ । यस कारण मासे ११ तीथौ ९ वासरे २ भनेको पौषशुक्लनवमी सोमवार हो । यताबाट वि. सं. १६२५ पौष २९ गते पौषशुक्लनवमी सोमवारको दिन यो ताम्रपत्र लेखिएको देखिन्छ ।

१५. इतिहास–प्रकाशको १ अङ्कमा छापिएको, योगी नरहरिनाथद्वारा सम्पादित जुमलेश्वर-वंशावली । सो अङ्कका १०८–१०९ पृष्ठ
जिशेप टुची १२४ पृष्ठ
सत्यमोहन जोशी १२३ पृष्ठ

१६. यसको गणना मिलाउन सकिएन ।

१७. यस दिनको गणना यस प्रकारको छ–

शकसंवत् १४८५ (वि. सं. १६२०) वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण)

गते		वार	तिथि	घडी पला
जेठ	२१	मङ्गल	एकादशी	१४ । २७

१८. यसको गणना मिलाउन सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगी नरहरिनाथले प्रकाशित गर्नुभएका यी पत्रहरूमा दुइटाको गणना मिल्यो, दुइटाको भने मिलाउन सकिएन। प्रकाशित पाठ शुद्ध नभएर गणना नमिलेको जस्तो देखिन्छ। जे भए तापनि बालबोधिनी टीका लेखिएको ताका जुम्लामा भान साहि नाउँका राजाको रजाइँ चलेको जस्तो बुझिन्छ। यस कारण यो टीकामा उल्लेख भएका राजा भान साहि नै हुन्, तर लिपिकरहरूले भालाई मा सम्झी मान साहि लेखेका हुन् कि भन्ने शङ्का उठ्न सक्छ। माथि उद्धरण गरिएका पत्रका मूल प्रति वा चित्र हामीले देखेका छैनौं। यस कारण योगी नरहरिनाथले ती पत्र छपाउँदा भूलले मालाई भा पढ्नुभयो कि भन्ने शङ्का पनि उठ्न सक्छ।

श्रीकल्यालसाहीको वंशावलि र जुमलानरेशवंशावलीमा सिलीम साहिका बाबुको नाम मान साही लेखिएको छ[१९]। जुमलेश्वरवंशावलीमा चाहिँ सिलीम साहीका बाबुको नाम भान साहि लेखिएको छ[२०]। यताबाट मान साहि र भान साहिका छोराको नाम एउटै देखिएकोले मान साहि र भान साहि एउटै मानिस हुनु सम्भव देखिन्छ।

वि. सं. १६२५ मा राजा प्रताप साहि, मान साहि, सङ्ग्राम साहिले संयुक्त रूपमा राखेको ताम्रपत्र पाइएकोले र वि. सं. १५८६ देखि वि. सं. १६४२ सम्म राजाको रूपमा भान साहि देखिएकाले वि. सं. १५८६ देखि वि. सं. १६४२ सम्ममा जुम्ला भेकमा प्रताप साहि, मान साहि, सङ्ग्राम साहि, भान साहि राजा भएका देखिन्छन्। यस कारण मान साहि र भान साहि भिन्ना-भिन्नै हुन्, जुम्लाको कुनै प्रदेशमा मान साहिको रजाइँ चलेको थियो, कुनै प्रदेशमा भान साहिको रजाइँ चलेको थियो, बलभद्रचाहिँ मान साहिका प्रजा थिए भन्ने तर्कना पनि उठ्न सक्छ। यस विषयमा बढ्ता खोजी हुनु आवश्यक छ।

यतासम्मका कुराबाट बलभद्रले वि. सं. १५९९ को अन्त्यमा बालबोधिनी टीका लेखेका हुन् भन्ने कुरा स्पष्ट भएको छ।

शाको नवाद्रीन्दुकृशानु३१७९युक्तः कलेर्भवत्यब्दगणस्तु वृत्तः।
वियन्नभोलोचनवेद४२००हीनः शास्त्राब्दपिण्डः कथितः स एव ॥२॥

(भास्वती तिथिध्रुवाधिकार)

[शकसंवत्मा ३१७९ जोड्नू, कलिगत वर्षगण हुन्छ। कलिगत वर्षगणमा ४२०० घटाउनू, शास्त्राब्दपिण्ड (भास्वतीको वर्षगण) आउँछ।]

भास्वतीको यो श्लोकको टीकामा बलभद्रले

विक्रमशाको नवाद्रीन्दुकृशानुभिर्युक्तः कार्यः एकोनाशीत्यधिकैरेकत्रिंशच्छतैरित्यर्थः ३१७९

---

१९. इतिहास-प्रकाश पहिलो भागका १०६, ११३ पृष्ठ

२०. इतिहास-प्रकाश पहिलो भागको १०९ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गतकलेर्वृत्तोऽब्दसमूहो भवति । स एव गतकलिर्वियन्नभोलोचनवेदैर्द्विचत्वारिंशच्छतैं४२००र्हीनः शास्त्राब्दगणः स्यादिति ।

[विक्रमशाकेमा ३१७९ जोड्नू, फलिगत वर्षगण हुन्छ । कलिगत वर्षगणमा ४२०० घटाउनू, शास्त्राब्दपिण्ड आउँछ ।]

यस्तो लेखेकाले शकसंवत्को पर्यायको रूपमा बलभद्रले विक्रमशाके शब्दको प्रयोग गरेको स्पष्ट उदाहरण पाइएको छ । किनभने विक्रमसंवत्मा त ३०४४ जोड्दा कलिगतवर्ष हुन्छ[२१] ।

यस कारण विक्रमादित्यशाकेको अर्थ विक्रमसंवत्[२२] भन्ने हुँदा हुँदै शकसंवत् भन्ने अर्थमा विक्रमादित्यशाके शब्दको प्रयोग बलभद्रले कसरी गरे भनी खोज्नुपरेको छ ।

ब्रह्मगुप्तको खण्डखाद्यकउपर वि. सं. १०२३ तिरका[२३] भट्टोत्पलले लेखेको टीका प्रसिद्ध छ । खण्डखाद्यकको तेस्रो श्लोकको टीकामा भट्टोत्पलले यस्तो लेखेका छन्–

तत्र चार्य्यावर्तदेशे श्रीविक्रमादित्येन राज्ञा यस्मिन् काले शका नाम म्लेच्छा व्यापादिताः । शकानामयमिति व्युत्पत्त्या शाकः । स कालः स्मयमाणः सर्वज्योतिःशास्त्रविद्भिः संरक्ष्यते ।

(लक्ष्मीपतिसङ्ग्रहमा रहेको हस्तलिखित पुस्तकबाट)

---

२१. यही अङ्कको ३ पृष्ठ

२२. ···श्रीबाणमुनिवसुवसुंधराप्रमितवैक्रमशाके सहसि मासेऽसितपक्षे षष्ठचां सुरगुरुपुष्यनक्षत्रभूषितायां · · · · ·महाराजाधिराजश्रीमद्रणबहादूरशाहदेवधर्मपत्न्या· · ·श्रीमल्ललितत्रिपुरसुन्दरीदेव्या स्वपौत्ररत्नमहाराजाधिराजश्रीमद्राजेन्द्रविक्रमशाहदेवानुमत्या स्वपत्यपवर्गार्थं संस्थापितदेवनित्यनैमित्तिकपूजनादिविधिविहितवादनकर्मसिद्धये समर्पिता···घंटा ·····

(त्रिपुरेश्वरको घण्टाको अभिलेखबाट । यो अभिलेख रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान् राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित अभिलेख-सङ्ग्रहको बाह्रौं भागको १६ पृष्ठमा छापिएको छ ।)

[वि. सं. १८७५ मार्गकृष्णषष्ठी बृहस्पतिवार तिष्यनक्षत्रमा महाराजाधिराज श्रीरणबहादुर शाहदेवकी धर्मपत्नी श्रीललितत्रिपुरसुन्दरीदेवीले आफ्ना नाति महाराजाधिराज श्रीराजेन्द्रविक्रम शाहदेवको अनुमति लिई आफ्ना पतिदेवको मोक्षको लागि स्थापना गरिएका देवताहरूको नित्यनैमित्तिक पूजा आदि गर्दा विधिपूर्वक बजाउनाको लागि चढाइएको घण्टा ।]

यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १८७५ मार्गकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
मङ्सीर	६	बृहस्पति	षष्ठी	१६ । ५७	तिष्य	१४ । ४३

(पात्रोबाट)

२३. भारतीय ज्योतिःशास्त्रका २३४–२३५ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[आर्यावर्तमा श्रीविक्रमादित्य राजाले शक नाउँ भएका म्लेच्छहरूलाई मारे। शकहरूको यो हो भन्ने अर्थमा शाक शब्द बनेको छ। सबै ज्योतिषीहरूले त्यस कालको सम्झनामा शकसंवत्को प्रयोग गरेका हुन् ।]

आमराजले खण्डखाद्यकको तेस्रो श्लोकको टीकामा तलको वाक्य लेखेका छन्–

शाकः शककालः। शका नाम म्लेच्छा राजानस्ते यस्मिन् काले विक्रमादित्येन व्यापादिताः स शकसम्बन्धी कालः शाक इत्युच्यते। स च गोगैकगुणसङ्ख्येषु कलियुगादेर्गतेषु सौरवर्षेषु विक्रमादित्य-वर्षप्रवृत्तिकालाच्च पञ्चत्रिंशदधिकशतसङ्ख्येषु सौरवर्षेष्वतीतेषु चैत्रादौ प्रवृत्तोऽतो विक्रमवर्षप्रवृत्ति-कालातीतवर्षेभ्यः पञ्चत्रिंशदधिकशते शोधिते शेषः शककालो भवति ।

(बबुआ मिश्रद्वारा सम्पादित आमराजको टीकासहितको खण्डखाद्यकका २–३ पृष्ठबाट)

[शाक भनेको शकसंवत् हो । शक नाउँ भएका म्लेच्छ राजाहरूलाई विक्रमादित्यले जहिले मारे, त्यस वेलादेखि शकसंवत् उठ्छ। त्यो शकसंवत् कलियुगको उठानदेखि ३१७९ सौरवर्ष बितेपछि तथा विक्रमसंवत्को उठानदेखि १३५ सौरवर्ष बितेपछि चैत्रशुक्लप्रतिपदा (संवत्सरपरेवा)-देखि चल्यो । यस कारण विक्रमसंवत्मा १३५ घटाएमा शकसंवत् हुन्छ ।]

गजनीका महमूदले मध्य एशिया जित्दा अलबेरूनी (वि. सं. १०३०–११०५) नामका विद्वान् विजेताका कैदी भई गजनी आए। महमूदले भारतमा हमला गर्दा अलबेरूनी पनि साथै आएका थिए[२४] । भारतको विषयमा आफूले जानेबुझेका कुरा हाली अलबेरूनीले वि. सं. १०८८ मा एक ग्रन्थ तयार पारे [२५] । त्यहाँ उनले शकसंवत्को विषयमा यस्तो लेखेका छन्–

शकको संवत् अथवा शककालको प्रारम्भ विक्रमादित्यको संवत्भन्दा १३५ वर्षपछि हुन्छ । यहाँ उल्लेख गरिएका शकले यो राज्यको बीचमा आर्यावर्तलाई वासस्थल बनाइ-सकेपछि सिन्धु नदी र समुद्रको बीचमा रहेको उनीहरूको मुलुकमा अत्याचार गरे । तिमीहरूले आफूलाई शक मान्नू, अरू नमान्नू भनी शकले हिन्दूहरूलाई आज्ञा दिए । यी शक अलमनघूरा सहरका शूद्र हुन् भन्ने मत कसैकसैको छ। यिनी हिन्दू त हुँदै होइनन्, यिनी पश्चिम-बाट भारतमा आएका हुन् भन्ने पनि छन् । हिन्दूहरूले शकबाट निकै गोता खानुपर्‍यो। आखिरमा पूर्वबाट हिन्दूहरूलाई मदत आयो। विक्रमादित्यले शकमाथि हमला गरी उनलाई भाग्नुपर्ने पारी मुल्तान र लोनीको किल्लाको बीचमा रहेको करूरप्रदेशमा उनलाई मारे।

---

२४. धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागको ६८ पृष्ठ

२५. सन्तरामको अलबेरूनी का भारतको पहिलो भागको भूमिकाको ७ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अत्याचारीको मृत्यु भएको खबर सुनेर दुनियाँहरूले आनन्द मानेकाले र खास गरी ज्योतिषीहरूले यो समयलाई संवत्को आरम्भको रूपमा प्रयोग गरेकाले यो काल प्रख्यात भयो। उनीहरू विजयीको नाउँमा श्री लगाएर श्रीविक्रमादित्य भनी उनको आदर गर्छन्। विक्रमादित्यको संवत् कहिले संवत् र शकहत्याको बीचमा लामो अन्तर भएकोले जसबाट संवत्को नाउँ विक्रमादित्य भन्ने रहेको छ, ती विक्रमादित्य र शकलाई मार्ने यी विक्रमादित्य एउटै मान्छे नभई नाम मिल्ने मान्छे मात्र हुन् भनी हामीले ठानेका छौं।

[अलवेरूनीको मूल ग्रन्थ अरवीमा लेखिएको छ। त्यसको अङ्ग्रेजी अनुवाद एड्वर्ड सचौले अल्बेरूनी'ज् इन्डिअ (अलवेरूनीको भारत) नाउँले गरेका छन्। सचौको सो अङ्ग्रेजी अनुवादको सन्तरामले अलवेरूनी का भारत नाउँ राखी हिन्दीमा अनुवाद गरेका छन्। यहाँ हामीले अङ्ग्रेजी हिन्दी दुवै अनुवाद हेरी नेपालीमा अनुवाद गरेका छौं। माथिको अंश अङ्ग्रेजी अनुवादको दोस्रो भागको ६ पृष्ठमा र हिन्दी अनुवादको तेस्रो भागका ७-८ पृष्ठमा परेको छ।]

भट्टोत्पल, आमराज र अलवेरूनीका माथि दिइएका वाक्यबाट शकहरूलाई मारी विक्रमादित्य नाउँका राजाले वि. सं. १३५ पछि शकसंवत् चलाएका हुन् भन्ने परम्परा भारतमा थियो भन्ने बुझिन्छ।

यसैले भास्करले वि. सं. १२०७ मा शकसंवत्को आरम्भकाललाई बुझाउँदा शकनृपस्यान्ते (शक राजाको अन्त्यमा) भन्ने शब्दको प्रयोग गरेका हुन् –

नन्दाद्रीन्दुगुणा३१७९स्तथा शकनृपस्यान्ते कलेर्वत्सराः।

(सिद्धान्तशिरोमणिको कालमानाध्यायको २८ श्लोक)

[शक राजाको अन्त्यमा कलियुगका ३१७९ वर्ष बितेका थिए।]

भास्वतीका टीकाकार माधव मिश्र शकसंवत्को विषयमा यस्तो लेख्छन् –

शका नामाऽनेके राजानस्ते यस्मिन् समये विक्रमादित्येन व्यापादिताः स कालो लोके शक इति प्रसिद्धः। स च गोऽगैकगुण३१७९सङ्ख्येषु कलियुगाब्देषु गतेषु सौरवर्षेषु प्रवृत्तः।

(गयादत्त पाण्डेद्वारा सम्पादित माधव मिश्रको टीकासहितको भास्वतीको १ पत्रबाट)

[शक नाउँ भएका अनेकन् राजाहरूलाई विक्रमादित्यले जहिले मारे, त्यो काल लोकमा शक भन्ने नाउँले प्रसिद्ध छ। कलियुगसंवत्का ३१७९ सौरवर्ष बितेपछि यो संवत् चलेको हो।]

हाम्रा वलभद्रले भट्टोत्पलको उपर्युक्त वाक्य आफ्नो ग्रन्थमा जस्ताको तस्तो जस्तै सारेका छन् –

तत्र चाऽर्यावर्तदेशे श्रीविक्रमादित्येन राज्ञा यस्मिन् काले शका नाम म्लेच्छा व्यापादिताः। शकानामयमिति व्युत्पत्त्याऽण् शाकः। स कालः स्मर्यमाणः सर्वज्योतिःशास्त्रविद्भिः संस्मर्यते।

यति कुराबाट विक्रमादित्य नाउँका राजाले शकहरूलाई मारी शकसंवत् चलाएका हुन् भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परम्परा भारतमा भएको हुनाले बलभद्रले पद्यमा शाके र गद्यमा विक्रमादित्यशाके लेखेको देखिन्छ। यस कारण विक्रमादित्यशाके यस शब्दले यहाँ विक्रमसंवत्‌लाई बुझाएको नभई शकसंवत्‌लाई नै बुझाएको हो भन्ने स्पष्ट हुन्छ।

बलभद्रले आफ्ना बाजे विमलाकरलाई विद्वज्जनोचित विशेषण लगाएका छैनन्, खालि ख्यात (नाउँ चलेका), सुशील (राम्रो शीलस्वभाव भएका), द्विजदेवभक्त (ब्राह्मणका र देवताका भक्त) मात्र भनेकाले विमलाकर खास विद्वान् देखिँदैनन्। आफ्ना बाबु वसन्तलाई भने बलभद्रले अरू साधारण विशेषणका साथसाथै त्रिस्कन्धज्ञ (तीनै स्कन्ध जान्ने), दैवज्ञ (ज्योतिषी), शास्त्रार्थवेत्ता (शास्त्रको अर्थ बुझ्ने), सकलविद्याविशारद (सबै विद्या जान्ने), दैवज्ञशिरोमणि (सर्वश्रेष्ठ ज्योतिषी) भन्ने विशेषण पनि लगाएकाले उनी विद्वान्, खास गरी ज्यौतिषका विद्वान् थिए भन्ने बुझिन्छ।

लक्ष्मीपति पांडेले राजाबाट दैवज्ञशिरोमणि[२६] पद पाए जस्तै वसन्तले पनि राजा वा विद्वन्मण्डलीबाट विधिपूर्वक दैवज्ञशिरोमणि पद पाएका हुन् वा सर्वश्रेष्ठ ज्योतिषी भन्दा साधारण अर्थमा उनका छोराले उनलाई दैवज्ञशिरोमणि लेखेका हुन्, यसै भन्न सकिँदैन। वसन्तले बनाएको पुस्तक नदेखिएकोले उनलाई उनका छोराले लगाएका विशेषण कति सार्थक छन् भनी भन्न सकिँदैन।

मैले ४८ वर्षको उमेरमा वि. सं. १५९९ मा बालबोधिनी बनाएँ भनी बलभद्रले लेखेकाले उनको जन्म वि. सं. १५५१ मा भएको देखिन्छ।

कोल्ब्रुक, आफ्रेच तथा दीक्षितले बलभद्रको देशको विषयमा केही लेखेका छैनन्। तर जुमिलादेशे उत्तमसंज्ञके नगरे ... बलभद्रनामा ज्योतिर्विद् बालबोधिनीमिमां टीकां कृतवान् (जुम्लादेशमा उत्तम नाउँ भएको सहरमा बलभद्र नाउँ भएका ज्योतिषीले यो बालबोधिनी टीका

---

२६. तद्राजस्सदसि ग्रहागमविदोऽनेके स्थितास्तेष्वपि
त्रिस्कन्धागमसारतत्त्वनिपुणं ज्ञात्वा सुतुष्टो नृपः।
श्रीदैवज्ञशिरोमणीति पदवीं प्रादादसाधारणीं
यस्मै सोऽयमनन्तचिन्मयमना दैवज्ञलक्ष्मीपतिः ॥२॥

(दुर्गार्चनकल्पतरुको पुष्पिकावाक्यबाट)

[उहाँ राजा रणबहादुर शाहको सभामा ज्योतिषीहरू धेरै छन्, तिनमा त्रिस्कन्ध ज्यौतिषको सार जान्ने भनी थाहा पाएर खुशी भएका उहाँ राजाले जसलाई दैवज्ञशिरोमणि भन्ने असाधारण पदवी दिनुभयो। परमेश्वरमा मन लाएका ती ज्योतिषी लक्ष्मीपति छन्।]

(पूर्णिमा ९ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको दैवज्ञशिरोमणि लक्ष्मीपति पांडे भन्ने निबन्ध। सो अङ्कका ४६–४७ पृष्ठबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बनाए) भनी लेखिएकोले जुम्लामा उत्तम नाउँको सहरमा बसेर बलभद्रले बालबोधिनी टीका बनाएको देखिन्छ ।

उमानगरमा बसेर बलभद्रले बालबोधिनी टीका लेखे भनी आफ्नैचले लेखेको वाक्यको उद्धरण हामीले माथि गरिसकेका छौं । यताबाट भारतमा पाइएको प्रतिमा उमानगर पाठ भएको देखिन्छ ।

उत्तमनगर वा उमानगरको वर्तमान नाउँ पत्ता लाउने काम जुम्ला भेगको भुवनकोशको विशेष ज्ञान नभएका हाम्रो हातबाट अहिले हुनु सम्भव छैन ।

भास्वतीको ग्रहस्पष्टाधिकारको

पलप्रभा तत्त्व२५हता खखाङ्कै९००र्युक्ता स्फुटार्केण समा यदा स्यात् ।
याम्ये तदा स्यादुदयो निशान्ते मुनेरगस्त्यस्य सुरारिहन्तुः ।।१४।।

[पलभालाई २५ ले गुन्नू । गुणनफलमा ९०० जोड्नू । योगफलतुल्य स्पष्ट सूर्य हुंदा बिहान दक्षिणतिर अगस्त्यको उदय हुन्छ ।]

यस श्लोकको उदाहरणमा बलभद्रले

पलप्रभा ७।३ पञ्चविंशत्या २५ अनेन सङ्गुण्य जातं १७६।१५ अत्र मध्ये नवशतं ९०० संयोज्य जातं १०७६।१५ एतदेवोदयध्रुवकमेतत्सदृशः स्फुटार्को यस्मिन् दिने भवति तस्मिन् दिने अगस्त्योदयः स्यात् ।

[पलभा ७।३ लाई २५ ले गुन्दा १७६।१५ भयो । यसमा ९०० जोड्दा १०७६।१५ भयो । अगस्त्यको उदयध्रुव यही हो । यति स्पष्ट सूर्य जुन दिन हुन्छन्, त्यसै दिन अगस्त्यको उदय हुन्छ ।]
भनी लेखेका छन् ।

यताबाट बलभद्रको देशको पलभा ७।३ देखिन्छ । ७।३ पलभा भएको देशको अक्षांश ३० अंश २६ कला हुन्छ । भारतको नापीविभागले प्रकाश गरेको नेपालको नक्शा हेर्दा जुम्लाको अक्षांश २९ अंश १८ कला देखिन्छ । सोही नक्शा हेर्दा नेपालको महत्तम अक्षांश ३० अंश १७ कला देखिन्छ । यताबाट बलभद्रको देश वर्तमान नेपालको उत्तरी सीमाभन्दा अलिकता उत्तरमा देखिन्छ । जुम्लाका मल्ल राजाहरूको राज्यमा भोटका पुरङ र गुंगे प्रान्त परेका देखिएकाले[२७] त्यस वेलाको जुम्ला राज्यको उत्तरी सीमा वर्तमान नेपालराज्यको उत्तरी सीमाभन्दा पर पुगेको थियो भन्ने कुरा यस सन्दर्भमा स्मरणीय छ ।

२७. टुची ३, ५१–६२, ६८–७१, १०९–१११, ११४, १२८–१३० पृ.
सत्यमोहन जोशी २८–३६ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भास्करले सिद्धान्तशिरोमणिको गोलाध्यायमा

रसगुणपूर्णमही१०३६समशकनृपसमयेऽभवन्ममोत्पत्तिः ।
रसगुण३६वर्षेण मया सिद्धान्तशिरोमणी रचितः ॥५८॥

(प्रश्नाध्याय)

[शकसंवत् १०३६ (वि. सं. ११७१)मा मेरो जन्म भयो । छत्तीस वर्षको उमेरमा मैले सिद्धान्तशिरोमणि बनाएँ ।]

लेखी आफ्नो जन्मसमय र आफूले ग्रन्थरचना गरेको समय दिएका छन् ।

यसैको अनुकरण गरी हाम्रा बलभद्रले

शररसशक्र१४६५समेते शाके यः सोच्चकुलजन्मा ।
वसुयुग४८वर्षेण मया रचिता बालबोधिनी विमला ॥

[ठूलो कुलमा जन्मेको मैले ४८ वर्षको उमेरमा शकसंवत् १४६५ मा राम्रो बालबोधिनी बनाएँ ।]

यस्तो लेखेका छन् ।

जुनसुकै भाषामा रहेको ज्ञान हासिल गर्न पनि सबभन्दा पहिले त्यो भाषा राम्ररी जान्नु आवश्यक हुन्छ । व्याकरण राम्ररी नपढी भाषाको यथार्थ ज्ञान नहुने हुनाले शास्त्रीय अध्ययनको लागि व्याकरणको ज्ञान अपरिहार्य छ । भारतीय ज्यौतिषका विद्यार्थीले भारतीय विद्याको मूल स्रोत संस्कृतभाषाको व्याकरणको यथार्थ ज्ञान हासिल नगरी ज्यौतिषशास्त्र राम्रो नबुझ्ने हुनाले व्याकरण पढ्नैपर्छ भनी भास्करले जोड दिई भनेका छन्[२८] तथा उनका ग्रन्थ च्युतसंस्कृतिदोषले दूषित नदेखिएकाले उनले व्याकरण राम्ररी पढेको देखिन्छ ।

---

२८. इदानीं ज्योतिःशास्त्रश्रवणाधिकारिलक्षणमाह ।

द्विविधगणितमुक्तं व्यक्तमव्यक्तयुक्तं तदवगमननिष्ठः शब्दशास्त्रे पटिष्ठः ।
यदि भवति तदेदं ज्यौतिषं भूरिभेदं प्रपठितुमधिकारी सोऽन्यथा नामधारी ॥७॥
अथ व्याकरणवर्णनमाह ।
यो वेद वेदवदनं सदनं हि सम्यग् ब्राह्म्याः स वेदमपि वेद किमन्यशास्त्रम् ।
यस्मादतः प्रथममेतदधीत्य धीमाञ् शास्त्रान्तरस्य भवति श्रवणेऽधिकारी ॥८॥

(सिद्धान्तशिरोमणिको गोलाध्यायान्तर्गत गोलप्रशंसाध्याय)

[अब ज्यौतिषशास्त्र पढ्ने अधिकार कस्ताले पाउँछ भन्ने कुरा भनिन्छ–
व्यक्तगणित र बीजगणित (हाम्रा प्राचीन आचार्यहरू रेखागणितहरूलाई व्यक्तगणितहरूभित्र पार्थे) राम्ररी पढेको, व्याकरणमा राम्रो दखल भएको मानिसले अनेक विभाग भएको ज्योतिषशास्त्रलाई पढ्ने अधिकार पाउँछ । अधिकार नपाई पढ्ने हो भने नाउँ मात्रको ज्योतिषी हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बलभद्रले भने

शररसमनुमित१४६५शाके चैत्रे शुक्लेतरद्वितीयायाम् ।
गुरुवारे सम्पूर्णा कृतवती बलभद्रेण सट्टीका ।।

यस्तो श्लोक लेखेका छन् । यहाँ बलभद्रेण टीका कृता हुनुपर्नेमा बलभद्रेण टीका कृतवती लेखिएकोले बलभद्रले व्याकरण राम्ररी पढेका रहेनछन् भन्ने देखिन्छ । यस कारण बलभद्रले भास्करको लेखाइको अनुकरण गर्न खोजे तापनि भास्करले जस्तो शुद्ध लेख्न उनी सक्दैनथे भन्ने स्पष्ट छ ।

बलभद्रकै ताकाका प्रसिद्ध भारतीय ज्योतिषी गणेश दैवज्ञले ज्यौतिषसम्बन्धी निकै ग्रन्थ बनाएका छन्[२९] । तिनमा ग्रहलाघवको विशेष प्रसिद्धि छ । गणेश दैवज्ञले वेध पनि गर्ने गरेका थिए भन्ने कुरा यही अङ्कमा छापिएको श्रीदेवीप्रसाद भण्डारीको लेखबाट पनि थाहा पाइन्छ । बलभद्रले अरू स्वतन्त्र ग्रन्थ वा अरू पुस्तकका टीका लेखेका थिए वा थिएनन् भन्ने कुरा हामीलाई थाहा छैन । बालबोधिनी टीकाको खास अध्ययन पनि नभइसकेकोले बलभद्रको र गणेश दैवज्ञको विद्याको तुलना पनि गर्न सकिएको छैन । तर भारतमा गणेश दैवज्ञ जस्ता ज्योतिषी भएको वेलामा नेपालमा पनि ज्यौतिषको विषयमा केही काम भएको थियो भनेर चाहिँ पक्कै भन्न सकिन्छ ।

काशीमा[३०], अवधमा[३१], उत्तरपश्चिमी प्रान्तमा[३२] बालबोधिनी टीका रहेको कुरा आफ्रेच-सूचीबाट थाहा पाइन्छ । वि. सं. १७०७ मा काशीमा बालबोधिनी टीका सारिएको कुराको प्रमाण हामीले पाएका छौं[३३] । वि. सं. १८७३ मा कोल्ब्रुकले यसको चर्चा गरेको पनि माथि उल्लेख गरिसकिएको छ । यस कारण यो टीकाको भारतमा प्रचार भएको देखिन्छ । एकजना नेपाली विद्वान्ले लेखेको टीकाको भारतको विद्वन्मण्डलीमा प्रचार हुनु हाम्रो लेखा गौरवकै कुरा हो । नेपालमा पनि यो टीका

अब व्याकरणको कुरा गरिन्छ–

जसले व्याकरणलाई राम्रोसँग बुझेको छ, त्यसले सरस्वतीको घर भएको वेदलाई पनि बुझ्न सक्छ भने अरू शास्त्रको त के कुरा । यस कारण पहिले व्याकरण पढी बुद्धिमान् भएको मानिस अरू शास्त्र पढ्ने अधिकार पाउँछ ।]

(पिताजी नयराज पन्तको विद्या–रक्षा १ सङ्ख्याका ४–५ पृष्ठबाट)

२९. भारतीय ज्योतिःशास्त्रका २५९–२६० पृष्ठ

३०. पहिलो भागको ४१२ पृष्ठ

३१. दोस्रो भागको ९४ पृष्ठ

३२. पहिलो भागको ४१२ पृष्ठ

३३. माथि उल्लेख गरिएको ५ सङ्ख्याको ज्योतिषी काशीनाथले वि. सं. १९०० मा सारेको बालबोधिनी टीकामा ती ज्योतिषीले आफले सारेको ग्रन्थको उल्लेख गर्नको लागि आफले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सारेको ग्रन्थमा भएको पुष्पिकावाक्य पनि दिएका छन् । सो यस प्रकारको छ –

सिद्धिविनायकसिद्धेश्वरीमध्ये श्रीविश्वेश्वरान्नपूर्णाप्रसादतः ।
लिखिताथ सम्पूर्णा भास्वर्तीटीका श्रीकेशवात्मजकमलापतिना ।।१।।
गते तु वर्षे नृपविक्रमस्य नेत्रागभूतेन्दुमिते१५७२थ मासे ।
ऊर्जे सिते मारतिथौ रवाह्नि लिलेख काश्यां कमलापतिस्तां ।।२।।

(यो श्लोक अन्त प्रकाशित भएका छैनन् ।)

[श्रीविश्वनाथ र अन्नपूर्णाको अनुग्रहले श्रीकेशवका छोरा कमलापतिले सिद्धिविनायक र सिद्धेश्वरीको बीचमा बसेर भास्वतीटीका सारी सिद्धयाए ।

नृपविक्रमको वर्ष १५७२ कार्तिकशुक्ल त्रयोदशी आदित्यवारको दिन काशीमा कमलापतिले यो टीका सारी सिद्धयाए ।]

यताबाट नृपविक्रमको वर्ष १५७२ मा कमलापतिले यो टीका सारेको देखिन्छ।

नृपविक्रमवर्षको सामान्य अर्थ विक्रमसंवत् हुन्छ, यस कारण वि. सं. १५७२ मा यो टीका सारेको देखिन्छ । तर बालबोधिनी टीकाको रचना वि. सं. १५९९ मा भएकोले वि. सं. १५७२ मा यो टीका सारिनु सम्भव देखिँदैन । यस कारण बलभद्रले विक्रमादित्यशाके शब्दको प्रयोग शकसंवत्को अर्थमा गरे जस्तै कमलापतिले पनि नृपविक्रमवर्ष शब्दको प्रयोग शकसंवत्को अर्थमा गरेको देखिन्छ । यस कारण कमलापतिले शकसंवत् १५७२ (वि. सं. १७०७)मा यो टीका सारेको देखिन्छ ।

यस विषयमा गणनाबाट के निष्कर्ष आउँछ, हामीले सो पनि हेर्नुपरेको छ ।

पहिले १५७२ यसलाई विक्रमसंवत् मानी गणना गरिन्छ–

वि. सं. १५७२ कार्तिकशुक्ल

गते	वार	तिथि	घडी पला
कार्तिक २०	शनैश्चर	त्रयोदशी	३४ । २३

गणना नमिलेकोले अब यो १५७२ लाई शकसंवत् मानी गणना गरिन्छ–

शकसंवत् १५७२ (वि. सं. १७०७) कार्तिकशुक्ल

गते	वार	तिथि	घडी पला
कार्तिक २६	आदित्य	त्रयोदशी	११ । ३८

गणना मिलेकोले शकसंवत् १५७२ (वि. सं. १७०७)मा नै कमलापतिले यो टीका सारेको ठहरियो ।

उद्धृत गरिएका पुस्तकहरू रुजु गर्न जाँदा माथि उल्लेख गरिएको ज्योतिषी चुकुनले वि. सं. १७९० मा सारेको बालबोधिनीटीका (१ सङ्ख्या)मा कमलापतिको पुष्पिकावाक्य देखियो ।

CC-0, Nepal Sanskrit Academy, Kathmandu

चलेको थियो भन्ने कुरा नेपालमा यसका निकै प्रति पाइएको कुराले पुष्टि गर्छ[३४]।

चुकुनले सारेको पुष्पिकावाक्यमा अरू पाठ त काशीनाथकै जस्तो छ। खालि ऊर्जे सिते यस पदमा उर्ज्जेऽसिते लेखिएको छ। यताबाट कार्तिकशुक्ल नभई कार्तिककृष्ण भन्ने अर्थ आउने भयो। संस्कृत व्याकरणअनुसार ऊर्जे सिते यस पदमा खण्डाकार नहाले तापनि असिते पनि हुन सक्छ। यस कारण कार्तिकशुक्ल वा कार्तिककृष्ण के हो भनी निर्णय गर्न गणना गर्नुपर्ने भयो। कार्तिकशुक्ल मानेर गणना भइसकेकोले अब कार्तिककृष्ण मानेर गणना गरिन्छ–

शकसंवत् १५७२ (वि. सं. १७०७) कार्तिककृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
कार्तिक	१२	आदित्य	त्रयोदशी	१३। ५४

शकसंवत् १५७२ (वि. सं. १७०७) कार्तिककृष्ण (पूर्णान्तमानले मार्गकृष्ण)

	गते	वार	तिथि	घडी पला
मङ्सीर	११	सोम	त्रयोदशी	४५। ४

पूर्णान्तमानले कार्तिककृष्णमा गणना मिल्न आयो।

यस कारण शकसंवत् १५७२ (वि. सं. १७०७) कार्तिकशुक्ल वा कार्तिककृष्णमा कमलापतिले बालबोधिनी टीका सारेको देखिन्छ।

कार्तिककृष्ण मानी गर्दा वि. सं. १५७२ मा मिल्छ कि भनी गणना गरिन्छ–

वि. सं. १५७२ कार्तिककृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
कार्तिक	५	शुक्र	त्रयोदशी	४६। १९

वि. सं. १५७२ कार्तिककृष्ण (पूर्णान्तमानले मार्गकृष्ण)

	गते	वार	तिथि	घडी पला
मङ्सीर	५	आदित्य	त्रयोदशी	९। ५७

अमान्तमानले गणना मिल्न आयो।

यसरी कार्तिककृष्ण मानी गणना गर्दा अमान्तमानले वि. सं. १५७२ मा मिल्न आएको देखियो तापनि ऐतिहासिक दृष्टिकोणले नमिल्ने हुँदा शकसंवत् १५७२ (वि. सं. १७०७) मा नै कमलापतिले बालबोधिनी टीका सारेको स्पष्ट हुन्छ।

३४. गोरखाको ऐतिहासिक सामग्रीको ३३ पृष्ठमा बालबोधिनी टीकाको पुष्पिकावाक्य गोरखामा पाइएको प्रतिबाट दिइएको छ। तर त्यो टीका सारिएको समय भने त्यहाँ दिइएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यतासम्मका कुरावाट नेपाली ज्योतिषी बलभद्रले अहिलेभन्दा ४३० वर्षअघि प्रसिद्ध करण-ग्रन्थ भास्वतीको टीका लेखेका र त्यो टीकाले स्वदेश विदेशका विद्वन्मण्डलीमा आदर पाएको देखिएकोले ज्यौतिषको क्षेत्रमा एकजना नेपाली विद्वान्ले गरेको कामको विषयमा केही कुरा थाहा हुन गएको छ । यस ग्रन्थको राम्रो अध्ययन हुन भने बाँकी नै छ ।

०—०

लक्ष्मीपति पाँडेले नेपाली भाषामा गरेको भास्वतीको अनुवाद

—महेशराज पन्त

—दिनेशराज पन्त

वि. सं. ११५६ मा शतानन्दले बनाएको भास्वतीको जुम्ली ज्योतिषी बलभद्रले वि. सं. १५९९ मा टीका लेखेको देखिएकोले[1] अहिलेभन्दा कमसेकम ४३० वर्षअगाडिदेखि नेपालमा भास्वतीको पठनपाठन चलेको थियो भनी भन्न सकिन्छ ।

जब कुनै मानिस गढेर कुनै ग्रन्थ पढ्छ तथा सो ग्रन्थबाट राम्रो काम लिने विचार गर्छ, तब

छैन । श्रीदेवीचन्द्र श्रेष्ठले त्यो ग्रन्थ सारिएको समय टिपेर ल्याउनुभएको रहेछ । सो यस प्रकारको छ–

बालबोधिन्यां परिलेखाधिकारोष्टमः ।। समाप्तेयं टीकेति ।। श्रीशाके १७१६ मासे ११ तिथौ २ वारे ७ श्रीप्यूगदत्तार्थंम् ।।

(यो अंश अन्त प्रकाशित भएको छैन ।)

[बालबोधिनी टीकाको आठौं परिलेखाधिकार सिद्धियो । शकसंवत् १७१६ (वि. सं. १८५१) फाल्गुन महीना द्वितीया तिथि शनिवारको दिन सारी सिद्धियो । श्रीप्रयागदत्तको लागि सारिएको हो ।]

यस दिनको गणना यस प्रकारको छ–

शकसंवत् १७१६ (वि. सं. १८५१) फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी पला
फागुन	१३	शनैश्चर	द्वितीया	२१ । १८

(पात्रोबाट)

१. पूर्णिमाको यही अङ्कमा छापिएको भास्वतीका प्रसिद्ध टीकाकार नेपाली ज्योतिषी बलभद्र भन्ने हाम्रो निबन्ध ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उसलाई सो ग्रन्थमा केही कुरा नपुगेको, कुनै कुरा नमिलेको र कुनै कुरा बढ्ता भएको जस्तो लाग्छ। अनि त्यस्तो कुनै मानिस आफ्नो विचारअनुसार मूल ग्रन्थको प्रतिसंस्कार गर्न थाल्छ र मूल ग्रन्थको प्रतिसंस्कृत रूप तयार हुन्छ। यस्तै विचारले होला, बुद्धिनाउँका एकजना नेपाली ज्योतिषीले भास्वतीकै छन्द, शैली, शब्द र ठाउँठाउँमा पूरै श्लोकसमेत टिपी भास्वतीकै जस्तो ८ अधिकारमा भास्वतीचन्द्रनाउँको ग्रन्थ बनाएका छन्। भास्वतीको यो प्रतिसंस्कृत रूप कहिले तयार भयो भन्ने कुरा थाहा नभए तापनि यस ग्रन्थमा नेपालसंवत्मा ८०२ जोडेपछि शकसंवत् हुन्छ भनी लेखिएकोले र यसको १ प्रति वि. सं. १७६८ मा सारिएको देखिएकोले यो ग्रन्थ मल्लकालमा तयार भएको देखिन्छ[२]।

---

२. वीरपुस्तकालयको पहिलो १२०३ सङ्ख्यामा रहेको नेवारी लिपिमा लेखिएको पुस्तकको परिचय वीरपुस्तकालयबाट सम्पादित नेपालराजकीयवीरपुस्तकालयस्थहस्तलिखितपुस्तकानां बृहत् सूचीपत्रम् (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरूको बृहत् सूचीपत्र)को पहिलो भागको १४२ पृष्ठमा छापिएको छ। त्यहाँ सो पुस्तकलाई बलभद्रको टीकासहितको भास्वती भनी लेखिएको छ। तर सो पुस्तक बलभद्रको टीकासहितको भास्वती होइन। सो पुस्तकको उठानमा यस्तो लेखिएको छ–

ओं नमो भगवते वासुदेवाय ॥

प्रणम्य विष्णोश्चरणारविन्दं श्रीमान्(ञ्) शतानन्दकवेर्व्विधातुः।

बोधाय बुद्धिर्गणको जनानां श्रीभास्वतीचन्द्रमिति स्वरूपात् ॥१॥

अथ प्रवक्ष्ये मिहिरोपदेशात्तत्सूर्यसिद्धान्तसमं समासात्।

यमाभ्रनागैः ८०२ सहितं प्रकुर्यान्नेपालसंवत्सरतः(कं) शकः स्यात् ॥२॥

रन्ध्रागचन्द्राग्नि३१७९युतं(तः) शकाब्दे(ब्दः)

कालं(लः) कलेः स्युर्द्वि(स्याद् द्वि)शताब्धि४२००हीनम्(नः)।

शास्त्राब्दपिण्डः स्वरशून्यदिग्१००७घ्न-

स्तानाग्नि३४१युक्तोऽष्टशतै८००र्विभक्तः ॥३॥

लब्धं नगैः७ शेषितमङ्ग६युक्तं सूर्यादिसंवत्सरपालकः स्यात्।

एकेन१ मिश्रं गणितं प्रसिद्धं रूपै१र्व्विहीनेन(रूपेण१ हीनेन) तु पालकः स्यात् ॥४॥

(५ पत्रबाट। यो अंश अन्त छापिएको छैन। यहाँ संशोधित पाठलाई कोष्ठभित्र राखिएको छ।)

[भगवान् वासुदेवलाई नमस्कार।

विष्णुको र ब्रह्मस्वरूप शतानन्द कविको चरणकमललाई ढोगेर मानिसहरूले बुझून् भनी वराहमिहिरको उपदेश (पञ्चसिद्धान्तिका)बमोजिम उनको सूर्यसिद्धान्तअनुसारको ग्रन्थ भास्वतीचन्द्र म ज्योतिषी बुद्धि छोटकरीमा बनाउँछु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालसंवत्मा ८०२ जोड्नू, शकसंवत् हुन्छ। शकसंवत्मा ३१७९ जोड्नू, कलिगत वर्ष हुन्छन्। कलिगत वर्षमा ४२०० घटाउनू, शास्त्राब्दपिण्ड (भास्वतीको वर्षगण)आउँछ। शास्त्राब्दपिण्डलाई १००७ ले गुन्नू, गुणनफलमा ३४९ जोड्नू, योगफललाई ८०० ले भाग लिनू, लब्धिलाई ७ ले तष्ट गर्नू (७ ले भाग लिई शेष मात्र लिनू), तष्ट गर्दा आएको शेषमा ६ जोड्नू, योगफल ७ भन्दा बढ्ता भए ७ ले फेरि तष्ट गर्नू, शेष वर्षपति हुन्छ। १ शेष रहे आदित्यवार, २ शेष रहे सोमवार इत्यादि क्रमले वार हुन्छ। यस गणनाबाट १ बढ्ता भएको वार आउँछ, यसमा १ घटाइदियो भने वास्तव वर्षपति (अब्दप) हुन्छ।]

यस रीतिबाट वि. सं. १८७१ को मेषसङ्क्रान्तिको वार (अब्दप) ल्याइन्छ।

वि. सं. १८७१
−९३७
ने. सं. ९३४
+८०२
शकसंवत् १७३६
+३१७९
कलिगत वर्ष ४९१५
−४२००
शास्त्राब्दपिण्ड ७१५

७१५
×१००७
५००५
७१५
७२०००५
+३४९
७२०३५४

८००)७२०३५४(९००
७२००
३५४

७)९००(१२८
७
२०
१४
६०
५६
४

४
+६
१०

७)१०(१
७
३

३ शेष रहेकोले भास्वतीबाट वर्षपति मङ्गलवार आयो। वास्तवमा वि. सं. १८७१ को मेषसङ्क्रान्ति सोमवार पर्छ (पूर्णिमा ११ पूर्णाङ्कमा छापिएको रामजी तेवारीको दवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप भन्ने निबन्ध। सो अङ्कका ५१-५३ पृष्ठ)। यस कारण भास्वतीचन्द्रकार बुद्धिले एकेन मिश्रं गणितं प्रसिद्धं रूपेण हीनेन तु पालकः स्यात् भनी लेखेको देखिन्छ।

भास्वतीचन्द्रको पहिलो अधिकारको अन्त्यमा यस्तो लेखिएको छ-

इति पञ्चसिद्धान्त्यां भास्वत्यां श्रीशतानन्दविरचितायां सूर्यध्रुवाधिकारः प्रथमः ॥ ॥

(५ पत्रबाट। यो वाक्य अन्त छापिएको छैन।)

[श्रीशतानन्दले पञ्चसिद्धान्तिकाबमोजिम बनाएको भास्वतीको पहिलो सूर्यध्रुवाधिकार सिद्धियो।]

यही छाँटका वाक्य अरू बाँकी सात अधिकारको अन्त्यमा पनि लेखिएका छन्।

यताबाट बुद्धिले भास्वतीचन्द्रलाई भास्वतीबाट अभिन्न मानी भास्वतीकै मा यता भास्वतीचन्द्रले पनि पाओस् भनी इच्छा गरेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भास्वतीचन्द्रको अर्को प्रति वी. पु. को पहिलो १६९६ सङ्ख्यामा छ । नेवारी लिपिमा लेखिएको यो ठ्यासफु माथि उल्लेख गरिएको प्रतिभन्दा अशुद्ध छ । तर यस प्रतिमा केही श्लोक बढी छन् । यहाँ पहिलो अधिकारको अन्त्यमा यस्तो लेखिएको छ–

इति श्रीशतानन्दवीरचिताया पञ्चसिद्धान्तासूर्यभास्वतिकरणे तिथिध्र ुवाधिकारः प्रथमोध्यय शमाप्त ॥ ॥

(यो वाक्य अन्त छापिएको छैन ।)

[श्रीशतानन्दले पञ्चसिद्धान्त्रिकाबमोजिमको सूर्यसिद्धान्तअनुसार बनाएको भास्वतीकरणको पहिलो अध्याय तिथिध्र ुवाधिकार सिद्धियो ।]

यही छाँटका वाक्य अरू अरू अधिकारको अन्त्यमा पनि लेखिएका छन् ।

मूल ग्रन्थ सारिसकेपछि यो प्रतिमा यस्तो लेखिएको छ–

थ्व सास्त्र घटषाया दैवज्ञ पदुमराजान पुत्र कनकराज उल्हासराजनं निह्म सनं गुरुपादार्च्चण याङ साधरपं तया सास्त्र लंख मिस नदान याकेमाल. थ्व सास्त्र लोप रपंकाकाले पञ्चमाहापातक लाक जुरो ॥ सम्वत् ८३२ भाद्रपदशुक्लतृतियाबां त्तियौ उत्रफाल्गुणीनक्षेत्रे साध्ययोंग सोमवासरे ॥ रिखितमिति ॥ ॥

(यो अंश अन्त छापिएको छैन ।)

[घटखाका ज्योतिषी पदुमराजाले र उनका दुइ छोरा कनकराज र उह्लासराजले गुरुको पाउको पूजा गरी सारेको यो पुस्तकको पानी र आगोबाट रक्षा गर्नुपर्छ । यो पुस्तकको लोप गऱ्यो भने पञ्चमहापातक लाग्छ । ने. सं. ८३२ भाद्रशुक्लतृतीया उत्तरफाल्गुनी नक्षत्र साध्ययोग सोमवारको दिन यो पुस्तक सारी सिद्धियो ।]

यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ८३२ (वि. सं. १७६९ शकसंवत् १६३४) भाद्रशुक्ल

गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
भदौ २४	आदित्य	तृतीया	३ । १७	चित्रा	४२ । ३०	ब्रह्मा	५९ । ४१

यहाँ वार नक्षत्र योग केही पनि नमिलेकाले यस विषयमा केही विचार गर्नुपरेको छ ।

अहिले वि. सं. २०३० शकसंवत् १८९५ ने. सं. १०९३ हो । शकसंवत्को प्रारम्भ चैत्रशुक्लप्रतिपदादेखि र ने. सं. को प्रारम्भ कार्तिकशुक्लप्रतिपदादेखि हुन्छ । यस कारण वि. सं. २०३० कार्तिकशुक्लप्रतिपदादेखि ने. सं. १०९४ लाग्छ । यताबाट चैत्रशुक्लप्रतिपदादेखि कार्तिककृष्ण (अमान्तमानले आश्विनकृष्ण) औंसीसम्म शकसंवत् र ने. सं. को अन्तर ८०२ वर्ष हुन्छ, कार्तिकशुक्लप्रतिपदादेखि चैत्रकृष्ण (अमान्तमानले फाल्गुनकृष्ण)औंसीसम्म शकसंवत् र ने. सं. को अन्तर ८०१ वर्ष हुन्छ । यो प्रचलित नियम हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भास्वतीको परिशिष्टरूपमा लेखिएको उत्तरभास्वतीनाउँको ग्रन्थ छ । नेवारी लिपिमा लेखिएको यो पुस्तक नेपाल राष्ट्रिय अभिलेखालयमा छ । भास्वतीमा अध्यायलाई अधिकार भनिएको छ, तर उत्तरभास्वतीमा चाहिँ उत्तर भनिएको छ[३] । उत्तरभास्वतीको रचना कसले कहिले कहाँ

कार्तिकशुक्लप्रतिपदादेखि प्रारम्भ हुने ने. सं. को प्रारम्भ पनि चैत्रशुक्लप्रतिपदादेखि मानेमा शकसंवत् र ने. सं. को अन्तर ८०१ वर्ष हुन्छ । अब ने. सं. को प्रारम्भ चैत्रशुक्लप्रतिपदादेखि मानी गणना गरिन्छ ।

ने. सं. ८३२ (वि. सं. १७६८ शकसंवत् १६३३) भाद्रशुक्ल

गते		वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
भदौ	५	सोम	तृतीया	६ । ३९	उत्तरफाल्गुनी	५ । ९	साध्य	४३ । २६

यसरी गणना गर्दा वार नक्षत्र योग सबै मिलेकाले ने. सं. को प्रारम्भ चैत्रशुक्लप्रतिपदादेखि मानी वि. सं. १७६८ शकसंवत् १६३३ को भदौमा यहाँ ने. सं. ८३२ लेखेको देखिन्छ ।

वि. सं. १७६८ मा भाद्रमा अधिकमास छ भनो वेङ्कटेश रामकृष्ण केतकरले सौरार्यब्राह्मपक्षीय-तिथिगणितम्मा र इन्डिअन् यान्ड् फर्इन् क्रोनलजि (भारत र बाहिरका कालगणना)मा लेखेका छन् । तर यहाँ अधिकमास नलिई गणना गर्दा मिल्यो ।

वि. सं. १९५८ मा श्रावणमा अधिकमास छ भनी केतकरले लेखेका छन् । नेपाली पञ्चाङ्गमा भने आषाढमा अधिकमास लेखिएको छ ।

यताबाट यहाँको अधिकमासपद्धतिमा र केतकरको अधिकमासपद्धतिमा केही अन्तर भएको अनुमान हुन्छ ।

यसपछि यो ठ्यासफुमा सारर्णीहरू सारिएका छन् ।

३. वी. पु. को पहिलो १२०३ सङ्ख्याको उपर्युक्त पुस्तकमा भास्वतीचन्द्र सारिसकेपछि उत्तरभास्वती सारिएको छ । उत्तरभास्वतीको नमूना यस्तो छ–

अब्दो भव(११)घ्नः पृथगर्क्क(१२)हीनः खागैक(१७०)लब्धेन युतः खरामैः(३०) ।
लब्धाधिमासस्य तु योऽस्ति शेषः सैका[को]र्क्कसंक्रान्तितिथिश्च चैत्रे ॥

(९ पत्रबाट । यो श्लोक अन्त छापिएको छैन । मूलमा अङ्क लेखिएको नभए तापनि अर्थ गर्न सजिलो होस् भनी अङ्कलाई ( ) भित्र राखिएको छ । संशोधित पाठलाई [ ] भित्र राखिएको छ ।)

[शास्त्राब्दपिण्डलाई ११ ले गुन्नू । गुणनफललाई दुइ ठाउँमा राख्नू । पहिलो ठाउँमा राखिएको गुणनफलबाट १२ घटाउनू । शेषलाई १७० ले भाग लिनू । लब्धिलाई अर्को ठाउँमा राखिएको गुणनफलमा जोड्नू । योगफललाई ३० ले भाग लिनू । यहाँ आएको लब्धि गताधिमास

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गऱ्यो भन्ने कुरा हामीलाई थाहा छैन तापनि आफूले वि. सं. १५९९ मा बनाएको भास्वतीटीकामा बलभद्रले उत्तरभास्वतीका श्लोकको उद्धरण गरेकाले[४] वि. सं. १५९९ भन्दा पहिल्यै उत्तरभास्वती बनिसकेको थियो भनी भन्न सकिन्छ ।

भास्वतीको केही भागको संस्कृत टीका[५] र साथै भास्वतीबाट गणना गर्ने विधि नेवारी

हुन्छ । शेष अधिशेष हुन्छ । अधिशेषमा १ जोड्नू, मेषसङ्क्रान्तिको तिथि हुन्छ । यो तिथि चैत्रशुक्लप्रतिपदादेखि उठेको हुन्छ ।]

यस रीतिबाट वि. सं. २०३० को वैशाखसङ्क्रान्तिको तिथि ल्याइन्छ–

वि. सं. २०३०
– ११५६
शास्त्राब्दपिण्ड ८७४
× ११
८७४
–८७४
९६१४

९६१४
– १२
१७०)९६०२(५६
८५०
११०२
१०२०
८२

९६१४
+५६
९६७०

३०)९६७०(३२२ गताधिमास
९०
६७
६०
७०
६०
अधिशेष १०
+ १
वैशाखसङ्क्रान्तिको तिथि ११

अतः चैत्रशुक्लएकादशीको दिन वैशाखसङ्क्रान्ति पर्छ ।

(यो तिथि मध्यममानको हो । यस कारण कहिलेकहीं १, २ तिथिसम्म यताउति पर्न सक्छ ।)

४. यो कुरा पछि आउँदछ ।

५. वी. पु. को पहिलो १२०३ सङ्ख्याको सोही पुस्तकमा लेखिएको भास्वतीको संस्कृत टीक.को नमूना यस प्रकारको छ–

ओं नमः सून्या(र्या)य ।

अथेत्यादि अथशब्दो मङ्गलार्थ(र्थः) मिहिरोपदेशात् वराहमिहिरोपदेशात् । तत्सून्य(र्यं)-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भाषामा लेखिएका पत्र[६] पनि पाइएका छन् ।

भास्वतीको नेवारी भाषामा व्याख्या लेखिएको एक ठ्यासफु अभिलेखालयमा छ[७] । नेवारी लिपिमा लेखिएको सो ठ्यासफुमा एकातिर सबै पृष्ठमा कालो मसी पोतेर खरीले लेख्ब हुने पारिएको छ । कतै कतै खरीले लेखिएको पनि छ । यो ठ्यासफुका आदि अन्त्य छुट्ट्याउन सकिएको छैन । यो पुस्तक कसले कहिले लेख्यो भन्ने पनि थाहा पाईंदैन । एक ठाउँमा नेपालसंवत्मा ८०२ जोड्नू, शकसंवत् हुन्छ भनी लेखिएको छ[८] । मूल भास्वतीअनुसार सूर्यग्रहणाधिकार सातौँ हुनुपर्ने हो, तर यस ठ्यासफुमा सूर्यग्रहणाधिकारलाई आठौँ भनी लेखिएको छ[९] । अर्को एक ठाउँमा यो पुस्तक

सिद्धान्तसमं समासादिति सूर्यसिद्धान्तेन ग्रन्थेन बहुना समं सदृशं तदहं समासात् संक्षेपात् प्रवक्ष्ये ।

चन्द्राश्वीत्यादि एकविंशत्यधिकसहस्त्ररहितः शकाब्दोऽस्मिन् शास्त्रे शास्त्राब्दपिण्डो भवति ॥

(१२ पत्रबाट । यो अंश अन्त छापिएको छैन । यहाँ संशोधित पाठलाई कोष्ठभित्र हालिएको छ ।)

६. वी. पु. को पहिलो १२०३ सङ्ख्याको सोही पुस्तकमा भास्वतीबाट गणना गर्ने केही विधि नेवारी भाषामा दिइएका छन् । त्यसको केही अंश यस प्रकारको छ–

भास्वतीया तात्कालज्याविधि ॥

सूर्य फुट चोये. चंद्र फुट चोये. ग्व क्वन्हुया न्याया फुट जुरं. ओ क्वन्हुया फुटन संति कोन्हुया फुटस योया शेष ल्यंको ल्याख सूर्यभुक्ति घटि विघटि चंद्रभुक्ति घटि विघटि ······

(१२ पत्रबाट । यो अंश अन्त छापिएको छैन ।)

[भास्वतीबाट तात्कालिक ग्रह ल्याउने विधि ।

स्पष्ट सूर्य लेख्नू । स्पष्ट चन्द्र लेख्नू । जुन दिनको स्पष्ट ल्याइएको छ, त्यसको भोलिपल्टको स्पष्टबाट त्यस दिनको स्पष्ट घटाउनू । शेष घटी विघटी सूर्यगति चन्द्रगति हुन्छन् ।]

७. यो ठ्यासफु वी. पु. को पहिलो १६९६ सङ्ख्यामा छ ।

८. अथ भास्वति वक्षामि ॥ सम्वसरस तंने ८०२ तंङान: शकराजवर्ष जुरो: । शकराजवर्षस तंने ३१७९ तंङान कलिराजवर्ष जुरो: कलिराजवर्षस याय ४२०० यायात: । शास्त्राब्दपिण्ड धाय:

(यो अंश अन्त छापिएको छैन ।)

[अब भास्वती लेख्छु । इष्ट संवत् (ने. सं.) मा ८०२ जोड्नू, शकसंवत् हुन्छ । शकसंवत्मा ३१७९ जोड्नू, कलिगत वर्ष हुन्छन् । कलिगत वर्षमा ४२०० घटाउनू, शास्त्राब्दपिण्ड हुन्छ ।]

९. इति श्रीसतानन्दविरचितायां पंचसिद्धान्ते सू-र्यभास्वतिकलने सूर्न्यग्रहणाद्धिकाल लि भासतिका अष्टमाध्याय समाप्तं ॥ ॥

(यो वाक्य अन्त छापिएको छैन ।)

[श्रीशतानन्दले पञ्चसिद्धान्तिकाबमोजिमको सूर्यसिद्धान्तअनुसार बनाएको भास्वतीकरणको आठौँ अध्याय सूर्यग्रहणाधिकारको टीका सिद्धियो ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भास्वती र खण्डखाद्यकको सार लिई बनाएको हो भनी लेखिएको छ[१०]। मल्लकालमा मानिसहरूले आफ्नो बुद्धिअनुसार भास्वतीको परिष्कार गरी ग्रन्थ लेख्ने काम गर्ने गरेका थिए भन्ने कुरा यताबाट पनि बुझिएको छ।

लक्ष्मीपतिसङ्ग्रहमा भास्वतीबाट पञ्चाङ्ग गर्ने सारणीका नेवारी लिपिमा लेखिएका १२ पत्र छन्।

भास्वतीको उदाहरण भएको भास्वत्युदाहृतिनाउँको पुस्तक अभिलेखालयमा छ[११]। मोरेश्वरनाउँका एकजना ज्योतिषीले वि. सं. १८९३ मा[१२] मधिसे कागतमा देवनागरी लिपिमा सारेको यो पुस्तकबाट यो पुस्तक कसले कहिले कहाँ बसी बनायो भन्ने कुरा खुल्दैन तापनि यहाँ वि. सं. १६४० र १६४१ का उदाहरण दिइएकाले[१३] र पलमा ५।४५ दिइ-

---

१०. इति श्री ३ सरस्वतिया दयाप्रसादेन श्रीभास्वतिखण्डखाद्यसार गृहीत्वा स्वार्थहेतुना लिषित समाप्ता भवतु ॥ ॥

(यो वाक्य अन्त छापिएको छैन।)

[श्रीभास्वती र खण्डखाद्यकको सार लिएर आफ्नो लागि लेखेको यो पुस्तक श्रीश्रीश्रीसरस्वतीको कृपाले सिद्धियो।]

११. यो पुस्तक राष्ट्रिय पुस्तकालय २८१७ सङ्ख्यामा छ।

१२. संवत् १८९३ शके १७५८ कार्तिककृष्ण १३ चंद्रे मोरेश्वरदैवज्ञेन(।)लेखीयमुदाहृतिः ॥

(१३ पत्रबाट। यो वाक्य देवीप्रसाद लम्सालद्वारा सम्पादित नेपालराष्ट्रियपुस्तकालयस्थ-हस्तलिखितपुस्तकानां सूचीपत्रम् (नेपाल राष्ट्रिय पुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरूको सूचीपत्र)को तेस्रो भागको १०२ पृष्ठमा छापिएको छ। मूलसँग रुजु गरी हामीले यो वाक्य दिएका छौं। यहाँ संशोधित पाठलाई कोष्ठभित्र हालिएको छ।)

[वि. सं. १८९३ शकसंवत् १७५८ कार्तिककृष्णत्रयोदशी सोमवारको दिन ज्योतिषी मोरेश्वरले यो उदाहरण सारी सिद्धचाए।]

यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १८९३ शकसंवत् १७५८ कार्तिककृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
कार्तिक	२४	सोम	त्रयोदशी	७।२०

(पात्रोबाट)

१३. अथोदाहरणं ॥ संवत् १६४१ पंर्चात्रिशत्युत्तरशतेन १३५ हीनो जातः शकः १५०६ अयं शशिपक्षखैकै१०२१राभिहीनो जातः शास्त्राब्दपिंडः ४८५ ॥ ॥

(१ पत्रबाट। यो वाक्य अन्त छापिएको छैन।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एकोले[१४] यो ग्रन्थ वि. सं. १६४१ तिर नेपालबाहिर बनेको देखिन्छ[१५]।

[वि. सं. १६४१ मा १३५ घटाउँदा शकसंवत् १५०६ भयो। यो १५०६ मा १०२१ घटाउँदा बाँकी रहेको ४८५ शास्त्राब्दपिण्ड भयो।]

संवत् १६४१ कार्तिकसुदि १५ शनौ चंद्रग्रहणोदाहरणं लिख्यते ॥··

(११ पत्रबाट। यो वाक्य अन्त छापिएको छैन।)

[वि. सं. १६४१ कार्तिकशुक्लपूर्णिमा शनिवारको चन्द्रग्रहणको उदाहरण लेखिन्छ।]

संवत् १६४० वर्षे शाकः १५०५ समये पौषवदि ३० बुधे सूर्यग्रहणोदाहरणं लिख्यते।····

(१२ पत्रबाट। यो वाक्य अन्त छापिएको छैन।)

[वि. सं. १६४० शकसंवत् १५०५ पौषकृष्णअमावास्या बुधवारको सूर्यग्रहणको उदाहरण लेखिन्छ।]

१४. भास्वती त्रिप्रश्नाधिकारको

पलप्रभाघ्नं शरषड्यमा२६५प्तं पञ्चेन्दु१५तस्तत् स्वमृणं स्वगोलात्।
अहर्दलं व्यस्तमितो निशार्द्धम्···· ॥३॥

[पलभाले चरखण्डलाई गुनी २६५ले भाग लिनू, चर आउँछ। उत्तरगोलमा १५ मा चर जोड्नू, अर्धदिनमान हुन्छ। दक्षिणगोलमा १५ बाट चर घटाउनू, अर्धदिनमान हुन्छ। यसको उल्टो गर्नू अर्थात् उत्तरगोलमा १५ बाट चर घटाउनू, अर्धरात्रमान हुन्छ, दक्षिणगोलमा १५ मा चर जोड्नू, अर्धरात्रमान हुन्छ।]

यो श्लोकको उदाहरण भास्वत्युदाहृतिमा यसरी दिइएको छ–

चरं ७४ पलप्रभया ५।४५ गुणितं ४२५।३० शरषड(ड्)यम२६५भक्ते लब्धं १।३६ याम्यगोलत्वात्पंचदशमध्ये शोध्य (संशोध्य) जातं दिनार्द्धं १३।२४ पंचदशमध्ये फलं युक्तं जातं रात्र्यर्द्धं १६।३६॥

(१० पत्रबाट। यो वाक्य अन्त छापिएको छैन। यहाँ संशोधित पाठलाई कोष्ठभित्र हालिएको छ।)

[पलभा ५।४५ ले चर ७४ लाई गुन्दा आएको ४२५।३० लाई २६५ ले भाग लिंदा लब्धि १।३६ आयो, सो चर भयो। दक्षिण गोल भएको हुनाले सो चर १।३६ लाई १५ मा घटाउँदा अर्धदिनमान १३।२४ भयो। सो चर १।३६ लाई १५ मा जोड्दा अर्धरात्रमान १६।३६ भयो।]

त्रिप्रश्नाधिकारका अरू अरू श्लोकका उदाहरणमा पनि भास्वत्युदाहृतिमा पलभा ५।४५ लेखिएको छ।

१५. भारतको नापीविभागबाट प्रकाशित नेपालको नक्शाअनुसार नेपालको न्यूनतम अक्षांश २६ अंश २१ कला तथा महत्तम अक्षांश ३० अंश १७ कला देखिन्छ। यस कारण नेपालको न्यूनतम पलभा ५।५७ तथा महत्तम पलभा ७।० हुन आउँछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मीपति पाँडेका जेठा छोरा[१६] उमानाथ पाँडेले सारेको[१७] वर्णान्तरभास्वतीनाउँको पुस्तक लक्ष्मीपतिसङ्ग्रहमा छ। यो पुस्तकको पहिलो अधिकारको अन्त्यमा इति श्रीरामकृष्णविरचितायां वर्णान्तरभास्वत्यां तिथिध्रुवाधिकारः प्रथमोऽध्यायः[१८] (श्रीरामकृष्णले बनाएको वर्णान्तरभास्वतीमा पहिलो अध्याय तिथिध्रुवाधिकार सिद्धियो) भनी लेखिएकोले र अरू अरू अध्याय सिद्धिएपछि पनि यही छाँटका वाक्य लेखिएकाले यो पुस्तकका रचयिताको नाउँ रामकृष्ण भन्ने थाहा पाइन्छ तापनि कहाँका रामकृष्णले कहिले यो पुस्तक बनाए भन्ने कुराचाहिँ खुल्दैन। वर्णान्तरभास्वतीको समाप्तिमा पुष्पिकावाक्यमा रामकृष्णले आफ्नो विषयमा केही लेखेका हुँदा हुन्। तर सो पुस्तकको पछिल्लो पत्र हराएकोले र अभिलेखालयमा पनि यो पुस्तक नदेखिएकोले रामकृष्णको नाउँसिवाय उनको विषयमा अरू कुरा हामीले थाहा पाउन सकेनौं। सो पुस्तकको पहिलो पत्रमा माथितिर शकसंवत् १७१७ को उदाहरण लेखिएकोले[१९] वि. सं. १८५२

---

१६. पूर्णिमा १३ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका परिवार भन्ने निबन्ध। सो अङ्कका ४४–४६ पृष्ठ।

१७. श्रीभरद्वाजगोत्रोत्पनस्य भरद्वाजांगिरसबार्हस्पतेतित्रिप्रवरान्वितस्य उमानाथशर्मण पुस्तकम् शुभम्। स्वहस्तेन लिखितम्

(१ पत्रबाट। यो वाक्य अन्त छापिएको छैन।)

[भारद्वाज गोत्रमा जन्मेका, भारद्वाज आङ्गिरस बार्हस्पत्य त्रिप्रवर भएका उमानाथ शर्माको पुस्तक। आफैंले सारेको।]

१८. २ पत्रबाट। यो वाक्य अन्त छापिएको छैन।

१९. वर्णान्तरभास्वतीको पहिलो अध्याय तिथिध्रुवाधिकारको हस्तलिखित पुस्तकमा लेखिएको दोस्रो श्लोकको पाठ

शाकश्चंद्रयमांबरेन्दु१०२१रहितोब्दानां गणो यम्यनो
शुन्यभ्रामकु१००संगुणोनिलगुणं३४९युक्तोम्बराभ्राष्टभिः८००।
लब्धश्चांग६युतोग७शेषितशनात्पालोथ हारोज्झितः
शेषः शुध्यभिधो गजाभ्रविधु१०८भिर्ल्लब्धस्तु सूर्यध्रुवः ॥२॥

(१ पत्रबाट। यो श्लोक अन्त छापिएको छैन।)

यस श्लोकको संशोधित रूप

शाकश्चन्द्रयमाम्बरेन्दु१०२१रहितोऽब्दानां गणोऽयं नग-
शून्यव्योमकु१००७सङ्गुणोऽनिलगुणं३४९युक्तोऽम्बराभ्राष्ट८००भिः।
लब्धश्चाङ्ग६युतोऽग७शेषितः समापालोऽथ हारो८००ज्झितः
शेषः शुद्ध्यभिधो गजाभ्रविधु१०८भिर्लब्धस्तु सूर्यध्रुवः ॥२॥

(यो संशोधन पिताजी नयराज पन्तले गर्नुभएको हो।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तिर यो सारिएको देखिन्छ। उमानाथको जन्म वि. सं. १८३८ मा भएको हुनाले[२०] वर्णान्तरभास्वती सार्दा उनको उमेर १४ वर्ष जति थियो। यसैले होला, कच्चा उमेरका उमानाथले सारेको यो वर्णान्तिरभास्वतीमा प्रशस्त अशुद्धि भएको। लक्ष्मीपति पाँडेका साहिँला छोरा[२१] लीलानाथ पाँडेले बालसुलभ चपलताअनुसार आफ्ना दाजु उमानाथको नाउँ केरी आफ्नो नाउँ सो ग्रन्थमा लेखेका छन्[२२]। तीस वर्षतिरको उमेरमा आफूले बनाएको भास्वतीटीकामा[२३] लीलानाथले वर्णान्तरभास्वतीको श्लोक उद्धरण गरेको देखिएकोले[२४] लीलानाथमा वर्णान्तरभास्वतीको छाप पनि परेको देखिन्छ।

[शकसंवत्‌बाट १०२१ घटाउनू, वर्षगण हुन्छ। वर्षगणलाई १००७ ले गुन्नू गुणनफलमा ३४९ जोड्नू। योगफललाई ८०० ले भाग लिनू। भाग लिँदा आएको लब्धिमा ६ जोडी आएको सङ्ख्यालाई ७ ले तष्ट गर्नू। यहाँको शेष त्यस वर्षको अधिपति हुन्छ। ८०० ले भाग लिँदा बाँकी रहेको शेषलाई हार (८००)बाट घटाउनू, शेष शुद्धि कहाउँछ। शुद्धिलाई १०८ ले भाग लिनू, लब्धि सूर्यध्रुव हुन्छ।]

यसको उदाहरणमा यस्तो लेखिएको छ–

शक १७१७श्चंद्रयमांम्बरेन्दुरहितो ६९६ अब्दवृन्दः ....

(१ पत्रबाट। यो अंश अन्त छापिएको छैन।)

[शकसंवत् १७१७ मा १०२१ घटाउँदा बाँकी रहेको वर्षगण ६९६]

२०. वि. सं. १८३८ ज्येष्ठ ३१ गते आषाढकृष्णचतुर्थी आदित्यवार रात्रौ गतघटी ६ पला ३१ विपला ४५ गते जन्म उमानाथस्य

(पात्रोबाट। यो अंश अन्त छापिएको छैन।)

२१. पूर्णिमा १४ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको राजज्योतिषी लीलानाथ पाँडे भन्ने निबन्ध। सो अङ्कको १५६ पृष्ठ।

२२. ··· उमानाथशर्मण पुस्तकम् लेखिएकोमा उमालाई काटी लीला लेखिएको छ। अर्को ठाउँमा श्रीलिलानाथसर्मण लिषितमं् कसैले झगरा गन्या साछि विप्रनिधि शुभं

(यो वाक्य अन्त प्रकाशित भएको छैन।)

२३. यही अङ्कको ४३ पृष्ठ।

२४. देशान्तरं दृग्गणितात् प्रसाध्यमितीह कल्पान्तसमो ध्रुवः स्यात्।

यो श्लोकको टीकामा लीलानाथले वर्णान्तरभास्वतीको तिथिध्रुवाधिकारको पछिल्लो श्लोकका २ पाउको यसरी उद्धरण गरेका छन्–

ग्रहे देशान्तरकलानय(न)मुक्तं रामकृष्णेन ॥

रेखातो निजयोजनं स्वगतिभिर्गुण्यं ग्रहाणां शतै१००–

र्भागाप्तं च ऋणं धनं तु खचरे लिप्तासु पूर्वे परे। ....

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. १८८२ देखि वि. सं. २०२५ सम्मका ग्रहणको सूची अभिलेखालयमा छ[२५]। लक्ष्मीपतिको हस्ताक्षरमा भएको सो सूचीमा परेका ग्रहणको गणना लक्ष्मीपतिले गरेका होइनन्, अरू नै ज्योतिषीले गरेका थिए भन्ने कुरा अथ केनचिद्गणिता ग्रहणावली प्रायो भास्वत्याः समानीतेयमावलीति भाति[२६] (कसैले गनेको ग्रहणमाला शुरू भयो। यो ग्रहणमालामा परेका धेरैजसा ग्रहणको गणना भास्वतीबाट गरेको देखिन्छ) भनी लेखेकोले बुझिन्छ।

यताबाट नेपालमा भास्वतीको निकै पठनपाठन हुन्थ्यो र भास्वतीको प्रतिसंस्कार, संस्कृत टीका, नेवारी अनुवाद र भास्वतीको आधारमा सारणी बनेका थिए तथा भास्वतीबाट पञ्चाङ्ग तथा ग्रहण गन्ने चलन थियो भन्ने बुझिएको छ।

लक्ष्मीपति पांडेले भास्वतीको केही भागको संस्कृत टीका र नेपाली अनुवाद वि. सं. १८३६ मा गरेका रहेछन्। यस वेला लक्ष्मीपति २१ वर्षका थिए। यस पुस्तकले सिकारु अवस्थाका लक्ष्मीपतिको विद्यालाई भन्दा उत्साहलाई बढ्ता प्रकट गर्छ। थाहा पाइएसम्ममा भास्वतीको सबभन्दा पुरानो नेपाली अनुवाद यही हो। यो पुस्तक लक्ष्मीपतिसङ्ग्रहमा छ। लक्ष्मीपतिले गरेको भास्वतीको सो नेपाली अनुवादको केही अंश यहाँ हामीले प्रकाश गर्न लागेकाले यस ग्रन्थको विषयमा केही कुरा लेखिन्छ।

यो पुस्तकका जम्मा १० पत्र छन्। तेस्रो पत्रचाहिँ हराएकोले अहिले जम्मा ९ पत्र मात्र साबुत छन्। यी पत्र बढीमा चौध, घटीमा तेह्र अङ्गुल लामा र साढे पांच अङ्गुल चौडा छन्। नेपाली कागतमा देवनागरी लिपिले पत्रको दुवैपट्टि लेख लेखिएको छ। यी पत्र कुनै बाक्ला कुनै

अत्रोदाहरणम्. नेपालदेशे रेखादेशात्प्राग्योजनानि अष्टगजाः८८ सूर्यगत्या७ गुणितं ६१६ शतैर्भक्ते आप्तं सूर्यस्य देशान्तरं कलादिः[वि]६।९ ···

(यो अंश अन्त छापिएको छैन। यहाँ मूलमा छुटेको अक्षरलाई ( ) भित्र र संशोधित पाठलाई [ ] भित्र राखिएको छ।)

[ग्रहका देशान्तर कला ल्याउने रीतिलाई रामकृष्णले यसरी भनेका छन्–

रेखादेशदेखि आफ्नो देशसम्म रहेका योजनलाई ग्रहगतिले गुनी गुणनफललाई १०० ले भाग लिनू। भाग लिंदा आएको कलादि लब्धिलाई रेखादेशदेखि पूर्वपट्टि आफ्नो देश भएमा कलादिग्रहबाट घटाउनू, रेखादेशदेखि पश्चिमपट्टि आफ्नो देश भए कलादिग्रहमा जोड्नू।

यसको उदाहरण। रेखादेशदेखि पूर्वपट्टि ८८ योजनमा नेपाल रहेको छ। सूर्यको गति ७ ले ८८ लाई गुन्दा ६१६ भयो। ६१६ लाई १०० ले भाग लिंदा ६।९ भयो, यो सूर्यको देशान्तर कलादि हो।]

२५. रा. पु. २९३७ सङ्ख्यामा रहेको यो सूचीको उल्लेख रा. पु. को सूचीको तेस्रो भागको १०४ पृष्ठमा छ।

२६. १ पत्रबाट। यो वाक्य अन्त छापिएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पातला छन् । पृष्ठैपीछे बढीमा १७ पङ्क्ति, घटीमा १४ पङ्क्ति छन् । पङ्क्तिपीछे बढीमा ६० अक्षर, घटीमा ३७ अक्षर छन् ।

पहिलो पत्रको दोस्रो पृष्ठदेखि दोस्रो पत्रसम्म भास्वतीको चन्द्रग्रहणाधिकारको लक्ष्मीपतिले बनाएको संस्कृत टीका छ । चारौँ पत्रदेखि छैटौँ पत्रको पहिलो पृष्ठसम्म भास्वतीका ग्रहस्पष्टाधिकार (नवौँ श्लोकदेखि),त्रिप्रश्नाधिकार, चन्द्रग्रहणाधिकार, सूर्यग्रहणाधिकार, परिलेखाधिकार सारिएका छन् । हराएको तेस्रो पत्रमा भास्वतीका तिथिध्रुवाधिकार, ग्रहध्रुवाधिकार, पञ्चाङ्गाधिकार, ग्रहस्पष्टाधिकार (८ श्लोकसम्म)सारिएका हुँदा हुन् । छैटौँ पत्रको दोस्रो पृष्ठदेखि दसौँ पत्रको पहिलो पृष्ठसम्म भास्वतीका चन्द्रग्रहणाधिकार, सूर्यग्रहणाधिकार, परिलेखाधिकारको सामान्य संस्कृत अर्थ र नेपाली अनुवाद दिइएको छ । भास्वतीको श्लोकको टुप्पो दिई अयमर्थः (यो अर्थ) भनी संस्कृत अर्थ दिइएको छ । संस्कृत अर्थ दिइसकेपछि अत्राप्यर्थः सुगमस्तु (यहांको सजिलो अर्थ त) भनी नेपाली अनुवाद दिइएको छ ।

मूल भास्वती सारिसकेपछि यस्तो लेखिएको छ–

क्ष्माकाशागविधौ(१७०१)शाके पाथोने(ऽ)र्के(ऽ)सिते(ऽ)ग्निजे ।
वन्हौ [ह्नौ] जीवे(ऽ)नुजार्थाय लक्ष्मीपतिर्व्यलीलिखत् ।।

(६ पत्रबाट । अर्थ गर्न सजिलोको लागि ( ) मा अङ्क र खण्डाकार राखिएका छन् । [ ]मा संशोधित पाठ हालिएको छ ।)

[शकसंवत् १७०१ (वि. सं. १८३६) सूर्य कन्याराशिमा गएमा, कृष्णपक्ष षष्ठी तिथि कृत्तिकानक्षत्र परेको दिन[२७] भाइहरूको लागि लक्ष्मीपतिले यो पुस्तक सारिसिद्धचाए ।]

संस्कृत अर्थ र नेपाली अनुवाद सिद्धिसकेपछि यस्तो लेखिएको छ–

ग्रहणार्थमिदं स्वल्पं सुगमं लिखितं मया ।
हिताय स्वानुजानां तु क्ष्माकाशागविधौ(१७०१)शके ।।

इति परिलेखाधिकारस्यार्थम्समाप्तं [परिलेखाधिकारस्याऽर्थः समाप्तः] ।। ।।
शाके १७०१ सम्वत्[संवत्] १८३६ मासे भाद्रपदे कृष्णे लिखितम् शुभम् ।। ।।

(१० पत्रबाट । अङ्कलाई ( ) मा र संशोधित पाठलाई [ ] मा राखिएको छ ।)

---

२७. यस दिनको गणना यस प्रकारको छ–

शकसंवत् १७०१ वि. सं. १८३६ भाद्रकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
भदौ	२०	बृहस्पति	षष्ठी	५ । ६	कृत्तिका	४६ । १७

(पात्रोबाट)

भदौ महीनामा सूर्य सिंहराशिमा हुन्छन् । तर यहाँ लक्ष्मीपतिले कन्याराशिमा सूर्य छन् भनी लेखेका छन् । सायन सूर्यको हिसाबले लक्ष्मीपतिले यस्तो लेखेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[शकसंवत् १७०१ (वि. सं. १८३६)मा आफ्ना भाइहरूको लागि ग्रहण गर्न सजिलो हुने गरी छोटकरीमा मैले यो लेखें । परिलेखाधिकारको अर्थ सिद्धियो। शकसंवत् १७०१ वि. सं. १८३६ भाद्रकृष्णमा लेखी सिद्धियो ।]

अहिलेभन्दा १९४ वर्षअघि गरिएको यो अनुवादको नेपाली भाषाको दृष्टिले पनि अध्ययन हुनु बढिया छ । वेदपाठ गर्दा वैदिकहरूले विशेष यलाई ज उच्चारण गरे जस्तै हाम्रा लक्ष्मीपतिले पनि आजभोलि ज उच्चारण हुने धेरै ठाउँमा य लेखेका छन्[२८] । यस्तो ठाउँमा हामीले ★ चिह्न दिएका छौं । लक्ष्मीपतिको नेपाली भाषाको विषयमा हामी पछि लेख्नेछौं ।

अहिले यहाँ भास्वतीको चन्द्रग्रहणाधिकारको नेपाली अनुवाद मात्र छापिएको छ । पछि सूर्यग्रहणाधिकार र परिलेखाधिकारका अनुवाद छाप्दा व्याख्या उदाहरणसहित छाप्ने हाम्रो विचार छ ।

यहाँ मूल पाठमा संशोधन गरिएकोमा ( ) र मूलमा टुटेकोमा [ ] यस्तो राखिएको छ ।

चन्द्रग्रहणाधिकार

अथ चंद्रग्रहणमाह ।।

द्वि२६घ्नो रविः पर्वकृता४प्तयुक्तो दिग्१०भिस्तमोऽ८८८घ्नदिनं ध्रुवाढचम् ।
तमोयुतार्कात् खखभा२७००प्तसौम्यो याम्यः शरोऽल्पः स्वदशां१०शहीनः ।।१।।

---

२८. राजकुमार बहादुर शाहले श्री ५ रणबहादुर शाहलाई लेखेको बिन्तीपत्रमा पनि आजभोलि जे उच्चारण हुने ठाउँमा ये लेखिएको छ । सो पत्र यस प्रकारको छ–

श्री

अर्जि

उप्रांत तहांको समाचार बक्सी पठाउनुभयो. सुन्यु. ये तरहले बंदछ. तस्तै गर्नुहवस्. उप्रान्त मोहरको सहीमा नआवनु. मर्जीमाफीक् गरौंला. बकी इहाँ बस्नाकन त गाऱ्हो मान्याको छैन. तांहां आउन गाऱ्हो लागी-हयेछ. हजुरको मेहरमानगी कती पनी छैन. तस् कारन मलाइ ता येहाँ बस्नु बढीया छ. मुकाम कोला सुभम् सुभम्

बंदा वहादुर साहको कुर्नेस् बंदगी ३

(धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित ऐतिहासिक पत्रसङ्ग्रह पहिलो भागका ७७–७९ पृष्ठमा यो पत्र व्याख्यासहित छापिएको छ । पछि योगी नरहरिनाथद्वारा सम्पादित इतिहास–प्रकाशमा सन्धिपत्रसङ्ग्रहको ५४ पृष्ठमा यो पत्र फेरि छापियो । हाल प्राचीन नेपाल २१ अङ्कमा छापिएको सूर्यविक्रम ज्ञवालीको इतिहास शिरोमणि बाबुराम आचार्यका स्मृतिमा भन्ने निबन्धमा यस पत्रको पाठ र चित्र छापिएको छ । त्यही चित्रबाट पढी यो पाठ हामीले यहाँ दिएका छौं ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पंचाग गन्दामाको रविस्पष्ट द्वि२ले गुन्नु. पर्वघटीलाई चार ४ले भाग लियाको यो★रनुः। उहादेखि दिनगण राष्नु. आठ ८ले गुन्नु. दशले भाग लिनु. जो आव्. सो पातध्रुमा(वा)मा जोरनु। पातको द्वि रवीको योग गर्न्नु. सत्ताईस् शत २७००ले भाग लिनु. भाग ० आया सौम्य ।१ आया याम्य ।२ आया सौम्य ।३ आया याम्य संज्ञा जान्नु. सत्ताईस् शतले भाग लियाको शेष दुइ ठाव् राष्नु. एकालाई सत्ताईस् शतले शोधनु. एक् यथास्थितै रहन दिनु. शे(शो)धिताशोधित यो★स्वल्प भयो. तस्को दशांश १० तसैमा घटाउनु. स्पष्ट सौम्य याम्य यो★ संज्ञा आयोथ्यो. सो संज्ञा भयाको शर भयो ।। इति शरानयनम् ।

मानं हिमांशोर्गतिरग्नि३हीना दिग्१०घ्नं चतु४र्भिश्च तमःप्रमाणम् ।
तद्योगतोऽर्धं शरवर्जितं च ग्रासः सुधांशोः स्फुटपर्वसन्धौ ।।२।।

पंचाग गर्दामाको चंद्रखण्डांतर चंद्रमध्यगतिमा नवति संख्यामा यो★रनु. तिन् ३ घटाउनु. चंद्रमान भयो । फेरि तस् चंद्रमानकन दशले गुन्नु. चार ४ले भाग लिनु. तममान भयो, ति दुईको तममान चंद्रमानको योग गर्नु. तस्को दल गर्नू. तस्माहा शर घट्यो त ग्रहण छ.घटेन त ग्रहण छैन ।। मानयोगार्द्धमा सर घटायाको यो★शेष छ. तस्लाई ग्राससंज्ञा भन्नु ।। ।।
अथोत्तरं ।।[२९]

स्वद्वादशां१२शोनितमर्कमानं स्वजाति२२भागोनितमिन्दुमानम् ।
त्रि३घ्नेन्दुभोग्योऽष्टनखा२०८न्वितोऽर्कभोग्याग्नि३भागोनविवर्जितोऽगोः।।३।।

आफ्नु बाह्र १२को भाग आफैंमा घटाव्वनु. सूर्यको स्फुटमान हुन्छ। आफ्नु बाईस् २२को भाग् आफैंमा घटाउनु. स्फुट चंद्रमान हुन्छ ।। चंद्रको खण्डांतर तीन ३ले गुन्नु. अष्टनख २०८ यो★र्नु. अर्कखंडान्तरलाई तिन ३ले भाग् लि जो आव्. सों घट्याको रविखण्डा घटाईदिनु. स्पष्ट तममान भयो। शेषं पूर्व[व]त् ।। इति ग्रासानयनं।

स्थित्यर्धमङ्गा६हतमिन्दुखण्डं खपञ्च५०युक्खण्डविखण्डितं च।
हीनं धनं पर्वणि शीतरश्मेः स्पर्शोऽथ मुक्तिश्च तदिष्टकालः ।।४।।

चंद्रग्रहणको ग्रास दुई ठाव् राष्नु. एकालाई ६ ले गुन्नु. एकालाई पचास् जोर्न्नु। पचास् जोऱ्याकाले छ६ले गुण्याकालाई भाग् लिनु. जो आव्. सो स्थित्यर्द्ध भयो ।। त्यो पूर्णमासिका घटीमां घटाव्नु.

२९. यहाँ लक्ष्मीपतिले अथोत्तरं भनी लेखेकाले उनले यो श्लोक उत्तरभास्वतीबाट उद्धरण गरे जस्तो देखिन्छ। तर राष्ट्रिय अभिलेखालयमा रहेको उत्तरभास्वतीमा हामीले यो श्लोक पाउन सकेका छैनौं। बलभद्रले अथोत्तरमार्गेण भनी यो श्लोकको उद्धरण गरी व्याख्या गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्पर्शकाल भयो । यो★रिदिनु. मोक्षकाल भयो ।। इति स्थित्यर्द्धानियनं ।।

ग्राह्योनखण्डाद् रस६सङ्गुणाच् च खपञ्च५०युक्खण्डफलं विमर्दः ।
हीनं धनं पर्वणि शीतभान्वोर्निमीलनोन्मीलननाडिकाः स्युः ।।५।।

चंद्रस्पष्टमान् स्पष्टग्रासमा घटांउनु. य★ति शेष रह्यो. त्यो द्वि ठाव् राख्नु. एकालाई ६ले गुन्नु । एकाँलाई पचास् ५० यो★र्नु । पचास् जोन्याकाले छले गुन्याकालाई भाग लिनु. यो★ भाग आयो. त्यो पूर्णमासिका घरीमा घटावुनु. निमीलनकाल हुन्छ. यो★र्नु. उन्मीलनकाल हुन्छ । ग्रासमा मान् नघट त सर्वग्रास भयेन भनि जान्नु. सूर्यग्रहणमा पनि एहि युक्तिले साध्नु ।। इति निमीलनोन्मीलनानयनम् ।।

ग्रासाद् विंशति२०गुणितात् स्फुटनिजमानेन विभाजितं विश्वा ।। $5\frac{1}{2}$ ।।

ग्राशकन बिशले गुंनु. तस्लाई चंद्रग्रहणमा चंद्रमानले सूर्यग्रहणमा सूर्यमानले भाग लिनु. जो आव्. सो ग्रहणको विश्वा भयो ।।

द्विद्वादशे २।१२ऽपि जामित्रे७ सम१राशिगतेऽथवा ।।६।।
तथा षट्का६ष्टके८ चैव ग्रहणं चन्द्रसूर्ययोः ।। $6\frac{1}{2}$ ।।[30]

सुगमं ।। इति चंद्रग्रहणाधिकारस्यार्थम्समाप्तम् ।। (चन्द्रग्रहणाधिकारस्यार्थः समाप्तः ।)

०—०

शुद्धिपत्र

भास्वतीका प्रसिद्ध टीकाकार नेपाली ज्योतिषी बलभद्र भन्ने निबन्धविषयक शुद्धिपत्र

३२ पृष्ठको पादटिप्पणीको ३ पङ्क्तिमा वराहमिहिरको उपदेश (पञ्चसिद्धान्तिका) बमोजिम उनको सूर्यसिद्धान्तअनुसारको ग्रन्थ भास्वती हुनुपर्नेमा उनको भन्ने शब्द छुटेको ।

आफूले बनाएको ग्रन्थमा उदाहरण दिनुपर्दा ज्योतिषीहरूले आफ्नो समयकै उदाहरण दिने गरेको देखिन्छ । त्यताबाट पनि ग्रन्थकारको समय निर्णय गर्न मदत मिल्छ । हामीले बालबोधिनी टीकामा बलभद्रले वि. सं. १५९० को उदाहरण दिएको भेट्टाएका थियौं (यही अङ्कका ४३–४४ पृष्ठ) । हाल बालबोधिनी टीका हेर्दै जाँदा त्यहाँ वि. सं. १५९९ कै पनि उदाहरण दिएको भेट्टियो । सो यस प्रकारको छ–

अथ सूर्यग्रहणस्योदाहरणेन प्रकटीक्रियते. अत्र शाकः १४६४ मासः ५ तिथिः ३० वारः ६···

०— ०

---

३०. यो श्लोक उत्तरभास्वतीमा छ । यो श्लोकका उद्धरण गरी बलभद्रले व्याख्या गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाहजहाँसारणी

—नयराज पन्त

शाहजहाँसारणीनामक एक हस्तलिखित पुस्तक मसँग छ। यो पुस्तक मैले लक्ष्मीपति पाँडेका जनाति दिवङ्गत त्रिपुरानाथ पाँडेबाट पाएको हुँ। यो पुस्तक मधिसे कागतमा लेखिएको छ। यस कारण लक्ष्मीपतिले काशीतिर बस्दा यो पुस्तकको सङ्ग्रह गरेका थिए कि भन्ने अडकल हुन्छ। यो पुस्तकमा प्रत्येक कलाका ज्या दिइएका छन्। देवनागरी लिपिमा लेखिएका प्रत्येक कलाका ज्याका सारणी दुर्लभ छन्। चयाम्बर्'ज् म्याथ्इम्याटिकल् टेब्ल् (चयाम्बरको गणितसारणी) नाउँको पुस्तक आजभोलि प्रसिद्ध छ। त्यहाँ प्रत्येक कलाका ज्या पाइन्छन्। परन्तु यो पुस्तक अङ्ग्रेजी भाषामा छ।

शाहजहाँसारणी कहाँ कहिले कसले कुन ग्रन्थको आधारमा तयार गर्‍यो, सो कुरा मैले थाहा पाउन सकेको छैन। नामबाट यो ग्रन्थ मुगलकालमा लेखिएको देखिन्छ। इत्यादि कारणबाट अङ्ग्रेजीकालमा भन्दा मुगलकालमा देवनागरी लिपिमा ज्यौतिषसिद्धान्तका बढ्ता प्रामाणिक पुस्तक लेखिएका थिए भन्ने धारणा मैले लिएको छ। यस कारण

दाज्यै ! उड्यो सब कुरा, बलिया मुसल्ले
प्रेताधिराजसरी भारतभित्र हल्ले ।।९५।।
दाज्यै ! सबै बितिसक्यो उसको अभाग्य
अङ्ग्रेजबाट दिनहूँ खुलदो छ भाग्य ..। ।।२८२।।

(कविशिरोमणि लेखनाथको सत्यकलिसंवाद)

नेपाली भाषामा लेखिएका इत्यादि कुरा वास्तव इतिहासभन्दा प्रचारका साधन मात्र हुन् भन्ने धारणा मलाई लक्ष्मीपतिसङ्ग्रहले गराइदिएको छ।

~★~

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सातौँ वर्षको आय-व्ययको विवरण

आम्दानी--			५३१७।११
	पहिलेको बाँकी (२४ पूर्णाङ्कमा प्रकाशित)	२८९।२८	
	मदनपुरस्कारपुस्तकालयबाट संशोधन-मण्डलले पाएको अर्थसहायता	४००।	
	ग्राहकबाट उठेको (छैटौँ वर्षसम्मको पूर्णिमाको)	१६४।	
	पूर्णिमा, अभिलेख-सङ्ग्रह, इतिहास-संशोधनहरूको बिक्रीबाट (साझा प्रकाशनमा नजांदै बिक्री भइसकेका)	३७४।	
	श्री ५ पृथ्वीनारायण शाहको उपदेशको बिक्रीबाट	१९३।	
	अरू	५१।५५	
	साझाप्रकाशनमार्फत पूर्णिमा, अभिलेख-सङ्ग्रह जम्मा रु. ७२३।५० को बिक्री भएकोमा साझा प्रकाशनले सयकडा ३५ को दरले रु. २५३।२२ कमिशन कटाई दिएको	४७०।२८	
	त्रिभुवन-विश्वविद्यालयबाट श्रीगुरु पं. नयराज पन्तले पाउनु-भए जति संशोधन-मण्डललाई दिने उहांको निर्णयअनुसार उहाँबाट प्राप्त भएको[1]	३३७५।	
खर्च			४९३५।५३
	२५ पूर्णाङ्कमा	१२५७।५०	
	२६ पूर्णाङ्कमा	१०४६।	
	२७ पूर्णाङ्कमा	१०८६।५०	
	२८ पूर्णाङ्कमा	१३५३।५०	
	दराज १ के	५०।	
	अरू	१४२।०३	
बाँकी			३८१।५८

१. वि. सं. २०२७ कार्तिकदेखि २०२८ पौषसम्म जम्मा १५ महीनाको विश्वविद्यालयबाट आएको तलब यहां परेको छ । विश्वविद्यालयबाट प्रतिमहीना रु. २२५। आउंछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो वक्तव्य

पूर्णिमाको यस उनन्तीसौँ अङ्क लिई हामी अहिले पाठकको सम्मुखमा उपस्थित भएका छौँ। यस अवस्थामा हामीले दुःख तथा सुख दुवै कुराको अनुभव साथसाथै गरेका छौँ। पूर्णिमा वि. सं. २०२१ वैशाखदेखि निस्कन लागेको हो। यस कारण वि. सं. २०३० वैशाखमा पूर्णिमा निस्कन लागेको पूरा ९ वर्ष पुग्यो। यस कारण अहिले नियमानुसार सँतीसौँ अङ्क लिएर हामीले उपस्थित हुनुपर्थ्यो। परन्तु आफ्नो कमजोरीले हामीले त्यसो गर्न सकेनौँ। यो दुःखको विषय भयो। बीच-बीचमा आभ्यन्तर तथा बाह्य अनेकन् आपद् आइपरे तापनि हामीले आफ्नो कामलाई चालु राख्न सक्यौँ। यो सुखको विषय भयो।

यस अङ्कमा हामीले नेपालमा चलेको ज्योतिषको अध्ययनको विषयमा केही प्रकाश पार्ने चेष्टा गरेका छौँ अर्थात् नेपालको ज्योतिषको इतिहास लेख्ने चेष्टा गरेका छौँ। अरू अरू शास्त्र-विषयको इतिहास पनि जानेबुझेसम्म प्रकाश गर्ने हाम्रो विचार छ।

× × ×

सूचना—वि. सं. २०२८ वैशाख ज्येष्ठ आषाढको यो अङ्क हाम्रो कमजोरीले अहिले वि. सं. २०३० को आषाढको दोस्रो हप्तामा मात्र निस्क्यो।

—०—

यी लेख किन लेखिन्छन्

—नयराज पन्त

आयुर्वेद, खगोल, शिल्प, गणितादि प्रत्न विद्याकन
पढ्दै गै उपपत्तिसाथ तिनमा गर्दै नयाँ शोधन।
केही मानिसले उतातिर गरे विज्ञानको उन्नति,
जेले ती अहिले भए भुवनमा सामर्थ्यशाली अति ॥१॥
हामीले निजदेशका प्रतन ती विद्या सह्यार्नाकन
जानेनौँ, त्यसले क्रमैसँग गल्यो हामीहरूको मन।
भन्ने भावपरम्परा हृदयमा मेरो सधैँ खेल्दछ,
सोही भाव अरण्यरोदनसरी यी लेख लेखाउँछ ॥२॥

(पूर्णिमा ११ पूर्णाङ्कका ९८–९९ पृष्ठमा प्रकाशित यी पद्यमा अलिकता फरक पारी अहिले प्रकाश गरिएको छ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल काठमाडौं नेपाल

वि. सं. २०३० आषाढ

यस अङ्कको मूल्य रु. ४।

मुद्रक–
युनिभर्सल प्रेस गङ्गापथ, काठमाडौं
फोन नं.–१२८७७